नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» शुक्रबार, फागुन १८, २०७४ » Friday, March 2, 2018 » www.newsofnepal.com » नेसं ११३८ चिल्लागा १ » वर्ष २४, अंक ५१ » पृष्ठ १२ » मूल्य रू १०/–



२ { जिम्बाबेमा नेपाली क्रिकेटरको भाग्य परीक्षा

५ { भवनसंहिता कार्यान्वयनमा निजीक्षेत्रको भूमिका महत्त्वपूर्ण

९ { श्रीमती नै श्रीमान्को हत्याको योजनाकार

८ { रसियासँग अभेद्य क्षेप्यास्त्र छ : पुटिन


# संघीय संरचनामा के-के रहला

**गंगा बराल, काठमाडौं**

केन्द्र, जिल्ला, क्षेत्र तथा अन्य निकायमा कुन संरचना रहने कि नरहने भन्ने विषयमा सरकार नै अलमलमा परेको छ। संविधान बनेको २९ महिना बितिसक्दा पनि सरकारले अब के गर्ने भनेर भर्खर तयारी शुरू गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव प्रेमकुमार राईको संयोजकत्वमा बनेको समितिले यसबारे अध्ययन गरिरहेको छ। समितिको सोमबार बसेको बैठकले आज (शुक्रबार) सम्म विभिन्न मन्त्रालयलाई आफू मातहतका कुन संरचना रहने कि नरहने त्यसको कारणसहित प्रस्टरूपमा प्रतिवेदन दिन भनेको छ।

राईको संयोजकत्वमा अर्थ र कानुन मन्त्रालयका सचिव सदस्य र सम्बन्धित मन्त्रालयका सचिव पनि रहनेछन्। राईले यस विषयमा पटक-पटक छलफल भइसकेको र अब टुंगोमा पुग्ने बताउनुभयो। 'नयाँ संरचनामा गइसकेपछि सबै नयाँ अभ्यास भएकाले अलिकति व्यावहारिक समस्या जस्तो भएको छ', राईले भन्नुभयो- 'अधिकार कसलाई कति दिने कि नदिने भन्ने विषयमा छलफल चलिरहेको छ, सबैतिरबाट प्रतिवेदन आएपछि मात्र भन्न सकिन्छ।' संरचना रहनु र नरहनुको कारण तथा औचित्यसमेत समितिले प्रस्ट पारेर प्रतिवेदन बुझाउनुपर्नेछ।

सचिव राईले अन्तरिमरूपमा भए पनि संगठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षण गरिने र ३४ हजार कर्मचारी कार्यक्षेत्रमा पठाइने बताउनुभयो। उहाँले केही दिनमै मन्त्रिपरिषद्ले यसबारे निर्णय गर्ने जानकारी दिनुभयो।

संविधान, प्रदेशको अधिकार, स्थानीय सरकार सेवा सञ्चालन ऐनका साथै अन्य आधारमा टेकेर संघ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँड हुने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रशासन पुनर्संरचना शाखाका उपसचिव प्रेमलाल लामिछानेले बताउनुभयो।

'विषय अलिकति जटिल भएकाले धेरैपटक छलफल गर्नुपरेको छ', लामिछानेले भन्नुभयो- 'एकपटक निर्णय गरिसकेपछि फेरि कुनै समस्या नआउने गरी काम गर्ने प्रयास भइरहेको छ।'

२०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको अनुसूची ५ मा संघको, ६ मा प्रदेशको, ७ मा संघ र प्रदेशको साझा

## के रहने के नरहने सरकार नै अलमलमा

अधिकारको, ८ मा स्थानीय तहको, ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची रहेको छ। सरकारका ४० जना सहसचिवको संयुक्त टोलीले संविधान, कानुन र व्यावहारिक पक्षलाई समेत ध्यान दिई सबै तहको एकल तथा साझा अधिकार सूचीको कार्यविस्तृतीकरणसम्बन्धी प्रतिवेदन बनाएको थियो।

यो प्रतिवेदनलाई सरकारले २०७३ साल माघ १८ गते पारित गरेको थियो। तत्कालीन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिवसमेत रहेका प्रवक्ता दामोदर रेग्मीले प्रतिवेदनले एउटा नयाँ बाटो तय गरेको बताउनुभयो।

२०७२ चैत १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले संघीयता कार्यान्वयनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय संघीयता कार्यान्वय तथा प्रशासन पुनर्संरचना निर्देशक समिति र मुख्यसचिवको संयोजकत्वमा संघीयता कार्यान्वय तथा प्रशासन पुनर्संरचना समन्वय समिति गठन गरेको थियो। त्यसै गरी सामान्य प्रशासनमन्त्रीको अध्यक्षतामा अधिकार सम्पन्न उच्चस्तरीय प्रशासन पुनर्संरचना समिति गठन भएको छ।

संघीयता कार्यान्वयनमा आइपरेका समस्या र सम्भावित चुनौती समाधानका लागि ९ जना सचिवको नेतृत्वमा विभिन्न समिति बनाइएको प्रधानमन्त्री कार्यालयले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# फोरम ससर्त सरकारमा सहभागी हुँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

संविधान संशोधन गर्न वाम गठबन्धन लचक भएपछि संघीय समाजवादी फोरम सरकारमा सहभागी हुने भएको छ। फोरमले उठाएका कतिपय विषय सरकारको नीति तथा कार्यक्रममा समेत समेटिने भएको छ।

आन्दोलनका क्रममा उठाएका माग संविधान संशोधन गरी टुंग्याउन एमाले-माओवादी सकारात्मक बनेपछि फोरम सरकारमा सहभागी हुने निधो भएको सो दलका नेता डा. शिवजी यादवले जानकारी दिनुभयो। 'लिखित सम्झौता भएको छैन तर सरकारमा सहभागी हुने कुरा टुंगो लागेको छ। २/३ दिनभित्रमा सरकारसँग लिखित सम्झौता हुँदै छ।' -उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो।

शेरबहादुर देउवा नेतृत्वको सरकारसँग फोरमले संविधान संशोधनको माग गरिरहँदा सो बेलाको प्रमुख प्रतिपक्षी दल एमालेले संविधान संशोधनको औचित्य नरहेको अडान लिएको थियो। एमालेले अन्य दलहरूलाई पनि सरकारले प्रस्ताव गरेको संविधान संशोधनमा समर्थन नगर्न पहल गरेको थियो। तर, अहिले सरकारलाई दुई तिहाइ मत जुटाउन एमाले विगतको अडानमा लचक बनेको छ।

प्रधानमन्त्री केपी शर्मा ओली, माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र फोरमका अध्यक्ष यादव, सहअध्यक्ष राजेन्द्र श्रेष्ठलगायत बीच फोरमको मागबारे बिहीबार सहमति जुटेको हो। आज शुक्रबार तराईको होली पर्व परेकाले होली सकिएलगत्तै सरकारसँग लिखित सहमति हुने डा. यादवले बताउनुभयो। संविधान संशोधन राष्ट्रिय जनता पार्टी (राजपा) को समेत मुख्य एजेन्डा भएकाले आफ्नो दल सरकारमा सामेल हुँदा राजपाको समेत साथ र समर्थन रहने फोरम नेताहरूको विश्वास छ। आफ्नो दल सरकारमा सहभागी भएपछि सरकारले राजपासँगको सम्बन्धमा फाटो ल्याउन सक्ने केही नेताहरूको आशंकासमेत छ।

यादवलाई सरकारमा सामेल गराउन परराष्ट्र मन्त्रालय दिनेबारे वाम गठबन्धन यसअघि नै सहमत भएका छन्। तर, फोरमले परराष्ट्रसहित अन्य दुई मन्त्रालय पनि दाबी गरेकाले मन्त्रालय बाँडफाँडको अन्तिम टुंगो भने अझै लागेको छैन। सबै क्षेत्रको प्रतिनिधित्व मिलाउन ३/४ मन्त्रालय आवश्यक पर्ने फोरमले अडान लिएको छ। 'मन्त्रालयको कुराभन्दा पनि हाम्रो एजेन्डाचाहिँ महत्त्वपूर्ण हो, मन्त्रालय बाँडफाँडको विषय केही दिनमा टुंगो लाग्छ।' -फोरमका एक नेताले भने।

दुई तिहाइ मत जुटाउने तयारीका साथ फोरमलाई सरकारमा सहभागी गराउने प्रयास हुँदा मन्त्रिपरिषद् विस्तारमा समेत ढिलाइ हुँदै आएको छ। एमाले अध्यक्ष ओली आफ्नै पार्टीका दुई मन्त्री सामेल गराउँदै फागुन ३ गते प्रधानमन्त्री बन्नुभएको थियो। यसको ११ दिनपछि एमाले र माओवादीका २-२ मन्त्री थपिए पनि मन्त्रिपरिषद् विस्तारले अझै पूर्णता पाएको छैन। यसअघि एमाले र माओवादीले ११ र ७ मन्त्रालय बाँडफाँड गर्दै नयाँ सरकारमा जाने टुंगो लगाएका थिए।

# ११ सय सवारी कारबाहीमा

काठमाडौं, (नेस)

फागुपूर्णिमाका दिन अर्थात् बिहीबार ट्राफिक नियम उल्लंघन गर्ने १ हजार १ सय ३ वटा सवारी कारबाहीमा परेका छन्। होलीलाई लक्षित गरी सुरक्षा व्यवस्था कडा पारेपछि ट्राफिकले विभिन्न प्रकारको नियम उल्लंघन गरेका सवारी कारबाहीमा परेको जनाएको छ।

ट्राफिक प्रवक्ता एसएसपी उमेश रञ्जितकारले *नेपाल समाचारपत्र*लाई दिएको जानकारीअनुसार कागजपत्र नभएका ३ सय ५१, हेल्मेट नलगाएका ७५, मापसे गरी सवारी चलाएका ८३, तीव्र गतिमा सवारी चलाएका ३२ र ३ जना सवार भएका १ सय २५ जना कारबाहीमा परेका छन्। त्यसै गरी होलीको अवसरमा अर्काको इच्छाविपरीत जबरजस्ती रङ दल्ने, प्लास्टिकको लोला हान्ने, फोहोर छ्याप्ने ३ सय ४५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा ११ जना महिला र ३ सय ३४ जना पुरुष रहेको प्रहरीले जनाएको छ। प्रहरीले काठमाडौंका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको हो। होलीलाई मर्यादित र सुरक्षित बनाउन राजधानीमा १ सय ६ प्रहरी टोली, २० मोबाइल टोली र थप १ हजार ५ सय प्रहरी परिचालन गरिएको थियो।

# सार्वजनिक जग्गा खोज्दै महानगरपालिका

**ईश्वरराज ढकाल, काठमाडौं**

काठमाडौं महानगरपालिकाले महानगर क्षेत्रमा रहेको सार्वजनिक जग्गा खोजी शुरू गरेको छ। कामपाले सबै वडालाई लिखित निर्देशन दिएपछि सबै वडाले सार्वजनिक जग्गा खोजी कार्य शुरू गरेको छ।

कामपा-११ का वडा अध्यक्ष हीरालाल तण्डुकारले सार्वजनिक जग्गाको खोजी शुरू गरिएको बताउनुभयो। कामपाले मंगलबार त्रिपुरेश्वरको कुमारीमार्गको करिब १ रोपनी १४ आना २ दाम सार्वजनिक जग्गा रेखांकन गरेको छ। सो वडामा करिब ८ रोपनी सार्वजनिक जग्गा रहेको उहाँले जानकारी दिनुभयो। कामपाका मेयर विद्यासुन्दर शाक्यले सार्वजनिक जग्गा खोजी गरी तत्काल पार्कका रूपमा विकास गर्न सबै वडालाई लिखित पत्र पठाएको बताउनुभयो।

उहाँले भन्नुभयो- 'मैले मेयरको बागडोर सम्हालेलगत्तै सबै वडा कार्यालयलाई लिखित पत्र पठाएर सार्वजनिक जग्गा खोज्न निर्देशन दिइसकेको छु।' कामपाले सार्वजनिक जग्गामा मन्दिर वा क्लब निर्माण गर्नेभन्दा पनि खुला क्षेत्रका रूपमा विकास गर्न निर्देशन दिएको छ।

सार्वजनिक जग्गा भेट्यो कि मन्दिर वा भवन बनाउने प्रवृत्तिलाई रोक्न र सबै जग्गामा पार्क निर्माण गर्न निर्देशन दिएको मेयर शाक्यले बताउनुभयो।

कामपा-४ का अध्यक्ष दीपक केसीले वडाभित्र रहेका सार्वजनिक जग्गा खोज्ने काम भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'हालसम्म २१ रोपनी जग्गा भेट्टाइसकेका छौं, अन्य जग्गाको खोजी जारी राखेका छौं।'

वडामा सार्वजनिक जग्गा भेटे पनि सार्वजनिक जग्गा हडप्न पल्केका गिरोहले मुद्दा दर्ता गर्ने गरेको कामपाको गुनासो छ। कामपाले मालपोत कार्यालयको सहयोगमा सार्वजनिक जग्गाको नक्सांकन गर्ने भएको छ। पछिल्लो तथ्यांकअनुसार महानगर क्षेत्रभित्र ८ सय ९० कित्तामा २ हजार ५ सय ४८ रोपनी सार्वजनिक जग्गा रहेको तथ्यांक सार्वजनिक गरेको थियो। कामपाले २०६६ सालमा सार्वजनिक जग्गाको लगत निकालेको थियो।

सार्वजनिक जग्गामध्ये नदीले छोएको र केही खाली जग्गा व्यक्तिले भोगचलन गरिरहेका छन्। सार्वजनिक जग्गा व्यक्ति विशेषले उपयोग गरेको भन्ने उजुरीको आधारमा वडाले मालपोत र नापी कार्यालयको सहयोगमा जग्गा खोजी गरी रेखांकन गर्न थालेको छ। कामपाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले तत्काल सार्वजनिक जग्गा खोजेर संरक्षण गर्न सबै वडा कार्यालयलाई निर्देशन दिइसकेको बताउनुभयो।

फेला पारेका जग्गामा तारबार गर्न सबै वडामा थप बजेट विनियोजन गरेको उहाँको भनाइ थियो। कामपाका प्रमुख प्रशासकीय अधिकृत धनीराम शर्माले सार्वजनिक जग्गा खोजी गरी संरक्षण गर्ने दायित्व सबै वडा कार्यालयको भएकाले जग्गा संरक्षण गर्न वडालाई निर्देशन दिएको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# चीन जोड्ने प्रसारणलाइनको अध्ययन हुँदै

**हेमन्त जोशी, काठमाडौं**

चीनको महत्त्वाकांक्षी योजना 'बेल्ट एन्ड रोड इनिसियटिभ'अन्तर्गत निर्माण गर्न लागिएको ४ सय केभी अन्तरदेशीय प्रसारणलाईन निर्माणका लागि नेपालतर्फको रुट अध्ययनको काम थालिएको छ।

२०१७ मे १२ मा बेल्ट एन्ड रोड इनिसिएटिभमा सहकार्यका लागि नेपाल र चीनबीच सम्झौता भएको थियो। सोही परियोजनाअन्तर्गत रहेको नेपाल र चीनबीच विद्युत् आदानप्रदानका लागि गल्छी-रसुवागडी-केरुङ महत्त्वपूर्ण मानिएको छ।

सोही अन्तरदेशीय प्रसारणलाइन आयोजना निर्माणको मोडालिटीलाई अन्तिम रूप दिन नेपाल विद्युत् प्राधिकरण सर्भेयर टोलीले अध्ययन शुरू गरेको हो। प्राधिकरणले यसअघि नै उक्त प्रसारण लाइनको पूर्वसम्भाव्यता अध्ययन गरिसकेको छ। सम्भाव्यता अध्ययनअनुसार विभिन्न ३ वटा भौगोलिक क्षेत्रबाट प्रसारण लाइन निर्माण गर्नसकिने देखिएको छ। प्रारम्भिक अध्ययनका क्रममा प्राधिकरणले तय गरेका ३ वटै रुटको थप अध्ययनपछि तेस्रो रुटमा प्रसारणलाइन निर्माण गर्न सबैभन्दा उपयुक्त रुटका रूपमा छनोट गरेको हो।

पहिलो रुटमा नदीलाई छुने स्थान १५ वटा, सडक छुने स्थान ७ वटा, अर्को प्रसारणलाइन छुने स्थान २ वटा, जंगललाई छुने स्थान १३ किलोमिटर र १ ठाउँमा मुआब्जा वितरण गर्नुपर्ने देखिन्छ। त्यसैगरी दोस्रो रुटमा नदीलाई छुने स्थान २० वटा, सडक छुने स्थान २ वटा, जंगललाई छुने स्थान १५ वटा र २ स्थानमा मुआब्जा वितरण गर्नुपर्ने देखिन्छ। तेस्रो रुटमा नदीलाई छुने स्थान २० स्थान, सडक छुने स्थान १ ठाउँ, जंगललाई छुने स्थान १८ किलोमिटर र २ ठाउँमा मुआब्जा वितरण गर्नुपर्ने देखिन्छ।

पहिलो र दोस्रो रुटले लाङटाङ राष्ट्रिय निकुञ्जलाई छुने तथा ठूलो मात्रामा जंगललाई छुने भएकाले वातावरणीय दृष्टिकोणबाट सुहाउँदो नरहेको आयोजना प्रमुख कोमलनाथ आत्रेयले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। तर तेस्रो रुटमा मुआब्जा वितरण र बस्ती स्थानान्तरण कम भएको तथा राष्ट्रिय निकुञ्जलाई थोरै मात्र छुने भएकाले त्यसैअनुरूप काम गर्ने आत्रेयको भनाइ छ।

अहिले प्राधिकरणको सर्भेयर टोलीले जीपीएस टुलको माध्यमबाट अध्ययन गरिरहेको छ। उक्त टोलीले रुट नम्बर ३ लाई आधार मानी टावर राख्ने ठाउँ पहिचान गरी चिनो लगाउने, प्रसारणलाइनको तल पर्ने मानव बस्ती र जंगल पहिचान गर्ने, अक्षांश देशान्तर पत्तालगायतका काम गरिरहेको इन्जिनियर युवराज शर्माले बताउनुभयो।

चीनको विद्युत् प्रणालीलाई नेपालसँग मात्र नभई दक्षिण एसियाली मुलुकलाई समेत जोड्ने भएकाले उक्त प्रसारणलाइनलाई निकै महत्त्वका साथ हेरिएको छ। नेपाल र चीनबीच गत असोजमा नै ऊर्जा आदानप्रदान तथा सहयोगसम्बन्धी प्रारम्भिक समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ।

बेल्ट एन्ड रोड इनिसिएटिभभित्र पर्ने उक्त आयोजना निर्माणका लागि प्राधिकरणले तयार पारेको प्रस्तावलाई ऊर्जा मन्त्रालयले अन्तिम स्वीकृतिका लागि परराष्ट्र मन्त्रालयमार्फत गत पुसमा चीन पठाएको थियो। तर चीनले भने उक्त प्रस्तावको जवाफ फर्काएको छैन।

चीनको सिगात्सेदेखि केरुङ नाकासम्मको ४ सय किलोमिटर प्रसारणलाइन चीन सरकार र गल्छीदेखि केरुङसम्मको ८२ किलोमिटर प्रसारणलाइन नेपाल सरकार आफैले बनाउने यसअघि नै सहमति भइसकेको छ। तर ऊर्जा मन्त्रालयले करिब ८० किलोमिटर लामो उक्त अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि आवश्यक पर्ने १० अर्ब रुपियाँ बराबरको लगानी र प्राविधिक सहयोगका लागि चीनसँग आग्रह गरेको थियो।

चीनले आफ्नो भूभागभित्र पर्ने प्रसारण लाइन निर्माणका लागि अध्ययन कार्य सम्पन्न गरिसकेको छ। चीनले तिब्बतको चाउदेखि जिरोङसम्मको ३ सय ३३ किलोमिटर र जिरोङबाट नेपालको सीमानासम्म ८९ किलोमिटर डीसीलाइन निर्माण गर्ने गरी अध्ययन गरेको हो। जसअन्तर्गत जिरोङमा विद्युत् ट्रान्सफर्मर राखिनेछ।

(क्रमशः पृष्ठ ९ मा)

# पाँच सय विद्यालय पुनर्निर्माण नगरिने

काठमाडौं, (नेस)

सरकारले पाँच सय विद्यालय पुनः नबनाउने भएको छ। भूकम्पले क्षतिग्रस्त विद्यालय निर्माणका लागि गठित केन्द्रीय आयोजना इकाइ (पीआईयू)ले सम्पूर्ण सर्वेक्षण गरेपछि अन्य विद्यालयसँग सामायोजन (मर्ज) भएका, विद्यार्थी शून्य रहेका र भीरपाखामा रहेका विद्यालय नबनाउने निर्णय गरिएको हो।

सो आयोजना इकाइका प्रमुख सहसचिव इमनारायण श्रेष्ठले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'कतै विद्यार्थी नै नभएको, कतिपय मर्ज भइसकेको र भौगोलिक विकटताका कारणले त्यस्ता विद्यालय पुनः बनाउने सम्भावना नै छैन। पुनर्निर्माण गर्नुको औचित्य पनि छैन।' करिब २ सय विद्यालय मर्ज भइसकेका छन् भने सयभन्दा बढी विद्यालयमा विद्यार्थी नै नभएको उहाँले जानकारी दिनुभयो।

आयोजनाको सर्वेक्षणअनुसार सरकारले भूकम्पपछि ध्वस्त र क्षतिग्रस्त भएकामध्ये ७ हजार ५ सय ५३ वटा पुनर्निर्माण गर्नुपर्ने भएको थियो। हालसम्म २ हजार ८ सय ९१ वटा विद्यालय पुनर्निर्माण गरिसकिएको छ। १ हजार ४ सय ५८ वटा निर्माणाधीन छन् भने ८ सय ४३ वटा विद्यालयको सर्वेक्षण भइरहेको छ। सरकारले अब २ हजार ३ सय ३१ वटा विद्यालय पुनः बनाउन बाँकी देखिएको छ।

यस्तै गैरसरकारी संस्था (एनजीओ)ले पुनर्निर्माण थालेका मध्ये ९ सय ३६ वटाको निर्माण कार्य पूरा भएको छ भने २ सय ५० वटा निर्माणाधीन अवस्थामा रहेका छन्। विद्यालय व्यवस्थापन समितिमार्फत निर्माण गर्ने जिम्मा लिइएका मध्ये १ हजार ९ सय ६३ वटा सम्पन्न भइसकेका छन्, ५ सय ३६ निर्माणाधीन छन् भने ५ सय ६४ वटा विद्यालय भवन नाम छनौटको अवस्थामा रहेका छन्। क्षतिग्रस्त विद्यालय निर्माणका लागि गठित केन्द्रीय आयोजना इकाइका प्रमुख सहसचिव इमनारायण श्रेष्ठले हालसम्म ५ हजार १ सय ९२ विद्यालय पुनर्निर्माणको अन्तिम चरणमा रहेको जानकारी दिनुभयो। उहाँका अनुसार २, ८ र १६ कोठेदेखि चारतलेसम्मका विद्यालय भवन बनाउन ९० किसिमका नक्सा प्रयोग गरिएको छ। पुनर्निर्माण गरिएका सबै विद्यालय भूकम्प प्रतिरोधी रहेको इकाइको दाबी छ।

# महानगर

नेपालले यदि शीर्ष दुईमा स्थान हासिल गर्न सकेमा आगामी इंग्ल्यान्डमा हुने विश्वकप २०१९ मा खेल्न पाउनेछ। त्यसो त समूहमा शीर्ष तीनमा रहने टोली सुपर सिक्समा पुग्ने भएकाले पनि नेपालले त्यो मौका प्राप्त गर्ने धेरै सम्भावना छ।



## जिम्बाबेमा नेपाली क्रिकेटरको

# भाग्य परीक्षा

फिरोज राजोपाध्याय

मार्च ४ अर्थात् फागुन २० गतेदेखि जिम्बाबेमा हुने आईसीसी विश्वकप क्रिकेट क्वालिफायरमा नेपाली क्रिकेटरका लागि भाग्य परीक्षा हुनेछ। नेपाली टोलीले यसका लागि आफू तयार भएको पनि आभास गराइसकेको छ। मंगलबार भएको वार्मअप खेलमो संयुक्त अरब इमिरेट्स (यूएई) लाई ५ विकेटले हराएपछि नेपालले विपक्षी टोलीहरुलाई नेपाललाई हल्कारूपमा नलिन चेतावनी दिइसकेको पनि छ। नेपाल आईसीसी विश्व क्रिकेट लिग डिभिजन-२ मा दोस्रो स्थानमा रहेर क्वालिफायरका लागि छनोट भएको हो। नेपाल उपविजेता भएकाले वेस्ट इन्डिज र आयरल्यान्ड जस्ता सशक्त टोलीसँग खेल्नुबाट समेत बचेको छ।

जिम्बाबे जानुअघि नेपाली टोलीका कप्तान पारस खड्काले समेत ठूलो आशा राखेका छैनन्। उनले बताए- 'हामीलाई छनोट हुन कठिन छ। हामीले राम्रो क्रिकेट खेल्ने हो। तर पनि हामीले सुपर सिक्समा पुग्ने र वानडेको स्ट्याटस लिने लक्ष्य लिएका छौं। टोलीमा नयाँ र पुरानोको मिश्रण छ। आशा गरौं हामी धेरै अगाडि जानेछौं।'

एकदिवसीय अन्तर्राष्ट्रिय (वानडे) मा शीर्ष आठमा रहेको टोलीले क्वालिफायर खेल्नु पर्दैन। यी आठ टोली अटोमेटिक छनोट भइसकेका छन्। यसैले पनि नवौंदेखि १२औं स्थानमा रहेको टोली वेस्ट इन्डिज, जिम्बाबे, आयरल्यान्ड र अफगानिस्तानले क्वालिफायर खेल्न बाध्य भए। त्यस्तै आईसीसीसँग एसोसिएट रहेका टोली नेपाल, हङकङ, स्कटल्यान्ड, नेदरल्यान्डस्, पपुवा न्युगिनी र यूएईले ती चार टोलीसँगै क्वालिफायर खेल्नेछन्। यसैअन्तर्गत नेपाल समूह 'बी' मा परेको छ। नेपालका लागि समूहमा स्कटल्यान्ड र हङकङ आफ्नै स्तरका हुन्। तर, अफगानिस्तान र जिम्बाबे भने नेपालका लागि कठिन प्रतिद्वन्द्वी हुनेछन्। नेपालले पहिलो खेल टेस्ट मान्यता प्राप्त जिम्बाबेसँग खेल्नेछ। मार्च ४ मा हुने सो खेलमा नेपालले जित हात पार्न सकेमा नेपालको सुपर सिक्समा पुग्ने आशा बलियो हुनेछ। त्यसैले पनि नेपालले यो खेल जित्नै पर्ने दबाब छ।

नेपालका लागि सबैभन्दा ठूलो तँगारो भनेको अफगानिस्तान हो। अफगानिस्तानलाई पछिल्ला वर्षहरुमा कुनै पनि स्तरमा जित्न नेपाललाई अवसर जुटेको छैन। हाल अफगानिस्तानले धेरै प्रगति गरेको छ। यसैले पनि अफगानिस्तानले भारतसँग टेस्ट खेल्न लागिरहेको छ। अहिले अफगानिस्तानका बलर रसिद खान सबैभन्दा डरलाग्दो खेलाडी हुन सक्छन् नेपालका लागि। रसिद वानडेमा पहिलो नम्बरमा आएका छन्। इन्डियन प्रिमियर लिगमा समेत उनलाई ९ करोड भारुमा किन्नु पनि उनी नेपालका लागि कति बाधक हुनेछन् भन्ने अनुमान लगाउन सकिन्छ।

यस्तै हङकङले पनि हाल नेपाललाई हराइसकेको छ। हङकङले वानडे खेल्न पाइरहेकाले धेरै अनुभव बटुलिरहेको छ। नेपालका लागि भने लिस्ट ए टोलीसँगै मात्रै बढी खेलिरहेको हुँदा हङकङलाई हराउन टिमवर्कमै जानुपर्छ। एक खेलाडीमै टिक्ने हो भने नेपाल उँभो लाग्न सक्दैन। हालै मात्र पनि हङकङसँग खेलिएको डिभिजन-१ को खेलमा नेपालले हारेको थियो। यसअघि पनि सन् २०१४ मा न्युजिल्यान्डमा भएको विश्वकप क्वालिफायरमा पनि नेपाल हङकङसँग पराजित भएको थियो।

यस्तै स्कटल्यान्डसँग पनि नेपालले जित हात पार्न सकेको छैन। नेपालले स्कटल्यान्डसँग तीन खेल खेल्यो तर तीनै खेलमा नेपालले जित हात पार्न सकेन। तर, तीनैवटा खेलमा नेपाल पराजित भए पनि कहीं न कहीं नेपालले जित यसपटक हासिल गर्न सक्ने अनुमान लगाउन सकिन्छ। किनभने ती तीन खेलमध्ये एक खेलमा नेपाल जित निकट पुगेर पनि हारेको थियो। सन् २०१५ मा विश्व क्रिकेट लिग च्याम्पियनसिपअन्तर्गत खेलमा नेपाल ३ रनले हारेको थियो। स्कटल्यान्डले २ सय ३५ रन बनाएकोमा नेपाल २ सय ३२ रनमै खुम्चिएको थियो।

### यो प्रतियोगितापछि के हुन्छ ?

नेपालले यदि शीर्ष दुईमा स्थान हासिल गर्न सकेमा आगामी इंग्ल्यान्डमा हुने विश्वकप २०१९ मा खेल्न पाउनेछ। त्यसो त समूहमा शीर्ष तीनमा रहने टोली सुपर सिक्समा पुग्ने भएकाले पनि नेपालले त्यो मौका प्राप्त गर्ने धेरै सम्भावना छ। नेपालका नयाँ खेलाडीले पुराना अनुभवी खेलाडीले भन्दा राम्रो खेलिरहेकाले पनि हालका खेलहरुले प्रस्ट पारेको छ। यी नयाँ तथा युवा खेलाडीकै जिम्मा छ नेपालको क्रिकेटको भविष्य पनि।

नेपालले सुपर सिक्समा पुगेर वानडे स्ट्याटस पाएमा चार वर्ष ढुक्कसँग खेल्न पाउनेछ। नेपाललाई डिभिजनको चक्करमा पर्नुपर्दैन। अहिले नेपाल कहिले डिभिजन-२ मा झर्ने, कहिले डिभिजन-१ मा उक्लने र फेरि डिभिजन-२ मा झर्ने डरले सताइरहेको छ। यदि वानडे स्ट्याटस पाउने हो भने नेपालले वर्ल्ड क्रिकेट लिग, इन्टरकन्टिनेन्टल लिग तथा भारत, अस्ट्रेलिया जस्ता टोलीसँग खेल्न पाउनेछ। तर, नेपालले जिम्बाबेमा खराब प्रदर्शन गरेर अन्तिम दुईमा परेमा भने फेरि डिभिजन-२ को बाटो लिन बाध्य हुनेछ।

# उपत्यकामा होलीको रौनक

तस्वीर : उजोल डंगोल, अनिल आङदेम्बे


















# कलाकर्मीको फागु

कलाकारले पनि बिहीबार रमझमका साथ फागुपूर्णिमा मनाएका छन्। कतिपय कलाकारले निवासमै बसेर फागुको मजा लिए भने धेरैजसो कलाकारले नायिका तथा निर्मात्री करिश्मा मानन्धरको निम्तोमा उनको गोदावरीस्थित निवासमा पुगेर यो रंगको पर्व मनाएका छन्।

करिश्मा र विनोद मानन्धरको दम्पतीले हरेक वर्षझैं यसपटक पनि कलाकर्मीका लागि आफ्नो निवासमा फागुको कार्यक्रम आयोजना गरेका थिए। जहाँ केक काटेर र स्याम्पियन फोडेर विनोदको बर्थडे पनि मनाइएको थियो। कक्टेल र खानपिनको व्यवस्थासहित आयोजना गरिएको कार्यक्रममा कलाकारले नाचगान गरेर रमाइलो गरेका थिए। सर्वसाधारणसमेतको भीडभाडका कारण करिश्मा दम्पतीलाई फागुको कार्यक्रम गर्न कठिन भएको थियो।

**तस्वीर : विदुर गिरी, उजोल डंगोल र रंगराज आचार्य**














# विचार

2018, MAR
Friday
2

जुन कार्यका लागि पर्दाको जरुरत पर्दछ, त्यस कार्यको उद्देश्य जति नै पवित्र भए पनि त्यो कार्य अपमानजनक हो।

– प्रेमचन्द

कुशल शासकहरु भविष्यको सोचाइ गर्छन् तर नेताहरुलाई चुनावको मात्र चिन्ता हुन्छ।

– अब्राहम लिंकन

## सम्पादकीय

नेपाल समाचारपत्र

# कुप्रथा न्यूनीकरणको बाटो पहिल्याऊ

नेपालका कतिपय स्थानमा अझै पनि बालविवाह, छाउपडी प्रथाजस्था कुप्रथा हट्न सकेका छैनन् । त्यसै गरी बोक्सीको आरोपमा कुटपिटका घटना पनि न्यूनीकरण हुन सकेको देखिँदैन । केही दिनअगाडि मात्र रौतहटको यमुनामाई गाउँपालिका–५ की ५० वर्षीया कान्तिदेवी ठाकुर हजामका दम्पती बोक्सीको आरोपमा छिमेकीबाट कुटिए । उनीहरुको गौर अस्पतालमा उपचार भइरहेको र अवस्था गम्भीर रहेको बताइएको छ । समाजमा यस्ता अन्धविश्वासी कुप्रथाहरुले सदियौंदेखि जरा गाडेर बसेको हुनाले सहजै यसलाई उन्मूलन गर्न नसकिए पनि न्यूनीकरण भने अवश्य गर्न सकिन्छ । यसका लागि जनचेतना जगाउनु नै पहिलो आवश्यकता हो ।

यतिखेर राजनीतिक हिसाबले मुलुकले धेरै कोल्टे फेरिसकेको छ । यसै सिलसिलामा समाजमा रहेका कुप्रथाहरुमा पनि न्यूनीकरण ल्याउनु जरुरी छ । यसका लागि स्थानीय जनप्रतिनिधिहरुले नै बढी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यस्ता कुप्रथाहरु जनचेतना एवं शिक्षाको कमी भएका स्थानहरुमा बढी देखिएका छन् । त्यसैले त्यहाँका स्कुले बालबालिकादेखि अभिभावकलाई समेत जनचेतना जगाउने खालका योजना अघि सार्नुपर्छ ।

यसै सिलसिलामा होलीको पूर्वसन्ध्यामा बुधबार दैलेखका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेसहितको टोलीले जिल्ला सदरमुकामस्थित त्रिभुवन माध्यमिक विद्यालयमा पुगेर उदाहरणीय कार्य गरेको छ । जिल्ला बालकल्याण समितिका अध्यक्षसमेत रहेका प्रजिअ न्यौपाने, जिल्ला प्रहरी प्रमुख, महिला विकास अधिकृतसहितको टोलीले कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई बालविवाह एवं छाउपडी प्रथा न्यूनीकरणबारे विद्यालयमै पुगेर कार्यक्रमको आयोजना गरी जानकारी गराएको थियो । बालविवाह र छाउपडीका बारेमा धेरै कुरा थाहा पाएपछि बल्ल छात्रछात्राले खुलेर कुरा गरेका थिए । १५ देखि १९ वर्ष उमेर समूहका ५० भन्दा बढी सहभागी किशोरकिशोरीले 'बालविवाह गर्दैनौं, छाउपडी बार्दैनौं' भनेर प्रतिबद्धता जनाएका थिए । जिल्लाका अन्य विद्यालयमा पनि यस्ता कार्यक्रमको तय गरिएको बताइएको छ । यस्ता जनचेतनामूलक कार्यक्रमले समाजमा विद्यमान कुरीतिहरु न्यूनीकरण हुने अपेक्षा गर्न सकिन्छ ।

दैलेखमा जस्तै अन्य जिल्लामा पनि विद्यालयमा पुगेर छाउपडी, बोक्सी, भूतप्रेत आदिबारे जानकारी दिने र यो अन्धविश्वास हो भन्ने कुरामा विश्वस्त गराउन जरुरी छ । बरु स्थानीय जनप्रतिधिले समेत यसका लागि योजना बनाएर हरेक विद्यालयमा जनचेतनामूलक कार्यक्रमको अभियान नै चलाउनुपर्छ । यस्ता कार्यक्रममा अभिभावकहरुको समेत सहभागिता गराउनुपर्छ । अझ भन्ने हो भने, बालविवाह र छाउपडी प्रथाको विषयलाई किशोरकिशोरीले पढ्ने पाठ्यपुस्तकमा समेत अनिवार्यरुपमा समावेश गराउनुपर्छ । जबसम्म मुलुकमा बोक्सी प्रथा र छाउपडीजस्ता कुप्रथा कायम रहन्छन् तबसम्म मुलक अगाडि बढ्न सक्दैन । त्यसैले अबको प्रदेश सरकारले आफ्नो प्रदेशमा कायम रहेका कुप्रथा न्यूनीकरणका लागि बाटो पहिल्याउनै पर्छ ।

# रेमिट्यान्समय अर्थतन्त्र र चुनौती



रुपनारायण खतिवडा

देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा रेमिट्यान्स आयको योगदानका हिसाबले नेपाल विश्वकै पहिलो मुलुक बनेको छ। हालै विश्व बैंकद्वारा प्रकाशित बिश्वभरका मुलुकहरुको जीडीपीमा रेमिट्यान्स आप्रवाहसम्बन्धी अध्ययनको तथ्यांकअनुसार नेपाल यो स्थानमा पुगेको हो। नेपालको जीडीपीमा रेमिट्यान्स आयको हिस्सा ३१ दशमलव ३ प्रतिशत पुगेको उक्त अध्ययनमा देखाइएको छ। त्यसअघि सन् २०१५ मा यो हिस्सा २९ दशमलव २ प्रतिशत रहेको र नेपाल तेस्रो स्थानमा रहेको थियो। यसरी हेर्दा, नेपाल रेमिट्यान्समा सबैभन्दा बढी निर्भर रहेको मुलुकको कोटीमा दर्ज भएको छ।

झट्ट हेर्दा र सुन्दा आफ्नो देशले पहिलो स्थान ग्रहण गर्नु नेपालीजनका लागि खुशीको बिषय हो कि जस्तो पनि देखिन्छ। तर, यथार्थमा हाल सार्वजनिक भएको तथ्यांकले हाम्रो अर्थतन्त्रमा रेमिट्यान्स आयजस्तो मौसमी आयमा निर्भर बन्दै गएको मात्र हैन निर्भरताको 'क्लाइमेक्स'मा नै पुगेको विकराल अवस्थालाई इंगित गरिरहेको छ। हुन त वैदेशिक रोजगारीबाट सिर्जित रेमिट्यान्स आयले नेपालमा गरिबी एवं बेरोजगारी दर घटाउन मात्र हैन, नेपाली समाजको लागि 'सेफ्टी भल्ब'कै भूमिका खेलिरहेको तथ्यमा दुईमत हुन सक्दैन। तर, कुल गार्हस्थ्य उत्पादनको ठूलो अंश नै रेमिट्यान्सले धानिरहेको र यस हिसाबले विश्वकै पहिलो स्थानमा आइपुगेको तथ्यांकले रेमिट्यान्समा आधारित बन्दै गएको नेपाली अर्थतन्त्रमा ठूलै चुनौती निम्त्याउन सक्ने अवस्था देखा परेको छ। यति मात्र हैन, जीडीपीमा ठूलो हिस्सा ओगटिरहेको रेमिट्यान्स आयको वृद्धिदर र वैदेशिक रोजगारीमा जाने नेपालीहरुको घट्दो संख्याले समेत यसमा थप चुनौती निम्त्याइरहेको छ।

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार यस आर्थिक वर्षको पहिलो ६ महिना अवधिमा रेमिट्यान्स आप्रवाह शून्य दशमलव ५ प्रतिशतले ह्रास भई ३ खर्ब ४० अर्बमा सीमित भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रेमिट्यान्स आय करिब ६ प्रतिशतले वृद्धि भएको थियो। पछिल्लो पाँच वर्षको तथ्यांक हेर्ने हो भने रेमिट्यान्स आयको वृद्धिदर निरन्तर ओरालो लाग्नुका साथै पछिल्लो समयमा आइपुग्दा यसको वृद्धिदर नकारात्मक दिशातर्फ गइसकेको छ। आर्थिक वर्ष २०७०/७१ मा २५ प्रतिशतले वृद्धि भएको रेमिट्यान्स आयको वृद्धिदर त्यसयताका वर्षहरुमा निरन्तर घटिरहेको छ। आर्थिक वर्ष २०७०/७१ नेपालमा ५ खर्ब ४३ अर्ब रेमिट्यान्स भित्रिएको थियो। आर्थिक वर्ष २०७१/७२ मा १३ दशमलव ६ प्रतिशतले वृद्धि भई ६ खर्ब १७ अर्ब रेमिट्यान्स भित्रिएकोमा आर्थिक वर्ष २०७२/७३ मा ६ खर्ब ६५ अर्ब र अघिल्लो आर्थिक वर्ष २०७३/७४ मा ६ खर्ब ९५ अर्बमा सीमित हुनपुगेको थियो। चालू आर्थिक वर्षको पहिलो ६ महिनामा आइपुग्दा यसको वृद्धिदर घटेको मात्र हैन, वृद्धिदरसमेत नकारात्मक बन्न पुगेको छ।

नेपालमा रेमिट्यान्स आप्रवाहको वृद्धिदर मात्र घटेको छैन, रेमिट्यान्स आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्यामा पनि बर्सेनि कमी आइरहेको छ। अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या आर्थिक वर्ष २०७०/७१ मा ५ लाख २७ हजार रहेको थियो भने आर्थिक वर्ष २०७१/७२ मा यो संख्या ५ लाख १२ हजारमा झरेको तथ्यांक छ। यसै गरी, आर्थिक वर्ष २०७२/७३ मा अघिल्लो वर्षका तुलनामा काम गर्न विदेश जाने नेपालीहरुको संख्यामा १८ दशमलव ४ प्रतिशतले गिरावट आई ४ लाख १८ हजारमा ओर्लेको देखिन्छ। अघिल्लो आर्थिक वर्ष २०७३/७४ मा यो संख्यामा थप गिरावट आउँदै ३ लाख १८ हजारमा सीमित भएको छ। चालू आर्थिक वर्ष २०७/७५ को पहिलो ६ महिने अवधि अर्थात् गत साउनदेखि पुस मसान्तसम्ममा १ लाख ८६ हजार नेपालीहरु रोजगारीका लागि विदेशिएका छन्। जुन संख्या गत आर्थिक वर्षको सोही अवधिमा भन्दा १ दशमलव ८ प्रतिशतले कम हो। पुन: श्रम स्वीकृति लिने कामदारहरुको संख्यामा पनि चालू आर्थिक वर्षको ६ महिनाको अवधिमा गतवर्षको सोही अवधिमा भन्दा करिब ४ प्रतिशतले गिरावट आएको नेपाल राष्ट्र बैंकको तथ्यांक छ। यसरी हेर्दा, जीडीपीमा रेमिट्यान्सको बढ्दो हिस्सा, रेमिट्यान्स आयको घट्दो वृद्धि र वैदेशिक रोजगारीमा जाने नेपालीहरुको घट्दो संख्याका यी सबै सूचकहरु नेपालजस्तो मुलुकको अर्थतन्त्रका लागि चुनौतीपूर्ण देखिन थालेका छन्।

विश्व बैंकले जीडीपीमा रेमिट्यान्स आयको योगदानका हिसाबले नेपाल विश्वकै पहिलो मुलुक बनेको तथ्यांक सार्वजनिक गरेसँगै यसमा विविध कोणबाट बहसहरु भइरहेका छन्। नेपाल राष्ट्र बैंकका अधिकारीहरुले नेपाल रेमिट्यान्स आप्रवाहका हिसाबले परिपूर्णताको तह अर्थात् 'स्याचुरेसन'मा पुगेको भनाई यसबीचमा सार्वजनिक गरेका छन्। यो स्थितिमा नेपालमा रेमिट्यान्स आय अब उकालिने नभई ओरालो झर्ने क्रमले नै निरन्तरता पाउने व्याख्या कतिपय अर्थशास्त्रीहरुले गरिरहेका छन्। अर्कोतर्फ, कतिपय अर्थशास्त्रीहरुले रेमिट्यान्स आय घट्दा यसका केही सकारात्मक पाटाहरु पनि रहेको विश्लेषण गर्ने गरेका छन्। रोजगारीका लागि युवाहरु विदेशिने क्रम घटेसँगै ती युवाहरु स्वदेशमा अवसर खोज्ने र यसबाट उत्पादनमा सहभागी हुने बाध्यात्मक अवस्था रहने भएका कारण यो मुलुक अर्थतन्त्रको हितमा रहेको धारणा अघि सार्ने गरिन्छ। स्वदेशको उत्पादकत्व र स्वरोजगारीको वृद्धिसँगै दिगो आर्थिक वृद्धिको मार्गप्रशस्त हुने भएकाले यसले समग्र अर्थतन्त्रलाई उकास्न महत्वपूर्ण योगदान पुग्ने यस खालका अर्थशास्त्रीहरुको धारणा छ।

हुन त, वैदेशिक रोजगारीको दिगो र भरपर्दो विकल्प भनेकै देशभित्र पर्याप्त मात्रामा रोजगारीका अवसरहरु सिर्जना गर्नु हो। मुलुकभित्रको श्रमशक्तिलाई देशभित्रै रोजगार र स्वरोजगार बनाउन सके यसले मुलुकी विकासको मार्गप्रशस्त त गर्छ नै, सँगसँगै रेमिट्यान्स आयजस्तो परनिर्भर स्रोतबाट मुलुक सञ्चालन गर्नुपर्ने बाध्यताको पनि अन्त्य गर्न सकिन्छ। हालको सन्दर्भमा पनि राजनीतिक स्थिरतासँगै सामाजिक, आर्थिक रुपान्तरणको एजेन्डालाई तीव्रता दिन सक्ने र राष्ट्र निर्माणका संवाहक युवाशक्तिलाई स्वदेशमा नै अडिने किसिमले यससम्बद्ध क्रियाकलापहरु सञ्चालन गर्न सके रेमिट्यान्स आय घट्नु र अर्थतन्त्रको रेमिट्यान्सप्रतिको निर्भरता बढ्दै जानुको धेरै प्रभाव मुलुकमा नपर्न पनि सक्छ। अर्कोतर्फ, वैदेशिक रोजगारीका नयाँ गन्तव्यहरुको पहिचान गर्न र दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी रोजगारीमा पठाउन सके कामदारको संख्या घटेर न्यून भए पनि रेमिट्यान्स आयमा भने सन्तुलन कायम गर्न सकिन्छ। नेपालको सन्दर्भमा रेमिट्यान्स आय प्राप्त गर्ने घरपरिवारले काम गर्नुभन्दा फुर्सद रोज्ने गरेको सन्दर्भमा वैदेशिक रोजगारीमा रहेका घरपरिवारका सदस्यहरूलाई तत्कालै आयआर्जनका गतिविधिमा संलग्न गराई हाल भइरहेको रेमिट्यान्स आप्रवाहलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनु पनि उत्तिकै आवश्यक देखिन्छ।

यस किसिमका चुनौतीपूर्ण परिदृश्यहरुको यथार्थ विश्लेषण गरी समयमै विकल्पहरु नखोज्ने हो भने आगामी दिनमा नेपाली अर्थतन्त्रले विभिन्न किसिमका चुनौती र असरहरुको सामना गर्नुपर्ने देखिन्छ। नेपाल राष्ट्र बैंकबाट हालै गरिएको एक अध्ययनअनुसार नेपालका ८० दशमलव ८ प्रतिशत घरपरिवारको रेमिट्यान्सबाहेक आयको अन्य स्रोतबाट खर्च धान्न नपुग्ने र १८ दशमलव ८ प्रतिशत घरपरिवारले उपभोग खर्चको लागि रेमिट्यान्स आयमा पूर्णरूपमा भर पर्नुपर्ने देखिएको छ। यो स्थितिमा कामदारको माग र रेमिट्यान्स आयको वृद्धिदरमा आएको गिरावटले ती घरपरिवारको गरिबीको दर बढ्ने निश्चित छ। बढ्दो क्रममा रहेको आयात धान्ने निर्विकल्प स्रोतका रुपमा रहेको रेमिट्यान्स आय घट्नु भनेकै देशको मालसामान खरिद गर्न र आयात गर्न सक्ने क्षमता घट्नु पनि हो। यो स्थितिमा अत्यावश्यक वस्तुहरु आयात गर्नमा कठिनाइ उत्पन्न भई बजारमा चरम अभाव निम्तिनुका साथै आयातमा लाग्ने कर या भन्सारमा कमी आउने कारणले सरकारको राजस्व आयमा समेत सोझै नकारात्मक असर पुग्छ। यस्तै, मुलुकको विदेशी मुदद्रा आर्जनको प्रमुख स्रोतका रुपमा देशमा सञ्चित रहेको कुल वैदेशिक मुद्रामा अहिले पनि २६ प्रतिशत योगदान रेमिट्यान्स आयकै रहेको सन्दर्भमा मुलुकको शोधनान्तर अवस्था कमजोर हुने, चालू खाता नोक्सानीमा आउन सक्ने मात्र हैन बैंक तथा वित्तीय संस्थाको खराब कर्जा बढ्न सक्नेसम्मका असर नेपालमा पर्न सक्ने देखिन्छ।

कतिपय विज्ञहरुको शब्दमा, रेमिट्यान्स आयजस्तो 'अर्थतन्त्रको चाँडै मक्किन सक्ने मौसमी टेको'मा मुलुकी अर्थतन्त्र आधारित बन्दै जानुको नकारात्मक प्रभावले अर्थतन्त्रलाई गाँज्न सक्ने र चौतर्फी जोखिम निम्तिन सक्ने अवस्था नजिकिएको छ। यस खालको अवस्था निम्तिरहँदा पनि रेमिट्यान्स आय र वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्यामा आइरहेको गिरावटले पार्न सक्ने असर एवं प्रभावका बारेमा सरकारी तवरबाट कुनै अध्ययन, अनुसन्धान भएको पाइँदैन। रेमिट्यान्स आयमा आइरहेको र भविष्यमा आउन सक्ने सम्भावित कमीलाई मध्यनजर गरी नेपालले उपयुक्त मौद्रिक तथा आर्थिक नीतिको अवलम्बन गर्न ढिला भइसकेको छ। यो स्थितिमा घट्दो रेमिट्यान्स आय र यसप्रतिको बढ्दो निर्भरताका नकारात्मक असरहरुबाट अर्थतन्त्रलाई बचाउन तथा आसन्न चुनौतीहरुको सामना गर्नका लागि सरकारलगायतका सरोकारवालाहरुले बेलैमा तदारुकता देखाउन र गृहकार्य गर्न जरुरी छ।

रेमिट्यान्स आयमा आइरहेको र भविष्यमा आउन सक्ने सम्भावित कमीलाई मध्यनजर गरी नेपालले उपयुक्त मौद्रिक तथा आर्थिक नीतिको अवलम्बन गर्न ढिला भइसकेको छ। यो स्थितिमा घट्दो रेमिट्यान्स आय र यसप्रतिको बढ्दो निर्भरताका नकारात्मक असरहरुबाट अर्थतन्त्रलाई बचाउन तथा आसन्न चुनौतीहरुको सामना गर्नका लागि सरकारलगायतका सरोकारवालाहरुले बेलैमा तदारुकता देखाउन र गृहकार्य गर्न जरुरी छ।

## पाठक पत्र

### संघीयताको शत्रु सानो सोच

लोकतन्त्र, गणतन्त्र, संविधान र संघीयता सबै आयो तर पुरानो खराब संस्कार भने रहिरह्यो। कारण अझै राजनीतिक कलह, एक-अर्कालाई गाली, आफ्नो मान्छेको लागि कुर्सी आदि घिन लाग्दा कुराहरु यसका सबुत हुन्। शायद यही कारणले होला मानिसहरु नचाहेर पनि यिनीहरुप्रति नकारात्मक सोच सृजना राख्न बाध्य छन्। वास्तवमा भन्ने हो भने, एकपल्ट पाउने जीवनमा मानिसले एउटा राम्रो चमत्कार गरी राम्रो छाप-चिन्ह मुलुक र समाजका लागि छोड्नुपर्ने हो। तर यस्ता व्यक्तिहरुको जन्म नै भएन यो मुलुकमा, जुन दु:ख लाग्दो कुरा मान्न सकिन्छ। मुलुक हाँक्नेहरुबाहेक हाम्रो देशमा अल्लारे समाज र बुद्धिजीवीहरु पनि उस्तै छन्। कारण प्राय: यिनीहरुलाई राम्रो संस्कार सिक्ने, पत्रपत्रिका पढ्ने, एक-अर्कालाई मद्दत गर्नुपर्दछ भन्ने भावना पनि छैन, मतलब पनि छैन। यसले गर्दा पनि हाम्रो मुलुक अरु मुलुकको तुलनामा अलि पछि परेको हुनुपर्दछ।

समग्रमा प्राय: यहाँका व्यक्तिहरुका कुरा गर्दा देखावा गर्ने, कमिसन खाने, कसरी विदेश जाने, स्वार्थ सिद्ध कसरी पूरा गर्ने र आलोचना कसरी गर्ने आदि हुने गरेको छ। ए बाबा, यी कुरबाहेक हामीले आफ्नो फुर्सदमा केही न केही मुलुकको लागि योगदान किन नगर्ने ? चाहे त्यो ठूलो कुरा होस्, चाहे सानो कुरा होस्। तर मानिसहरु यस्ता कुराहरुमा अनभिज्ञबाहेक चाहेर पनि इच्छा तथा चाहना राख्दैनन्। हाम्रो जस्तो मुलुकमा राम्रा मान्छे र धेरै बुद्धि-ज्ञान भएका मानिसको पनि कमी छैन। तर ताजुबको कुरा के छ भने, यस्ता व्यक्तिहरु पनि कुर्सीमा जाँदा अर्थात् ठूला ओहदामा जाँदा पनि मुलुक र समाजको लागि केही गर्न सकिराखेका हुँदैनन्, सिवायझुटा आश्वासन र गफबाहेक। आखिर देशको द्रुत विकासका लागि यिनीहरुको हातखुट्टा कसले बाँधिराखेका हुन्छन् त ? यो कुरा बुझ्न धेरै गाह्रो भएको छ।

हाम्रो मुलुकमा द्रुत देश विकास नहुनुका कारणहरु एकपल्ट फेरि भन्नुपर्दा, मुलुक हाँक्नेहरुलाई नै औंल्याउन सकिन्छ। कारण जनताबाट विश्वास पाएका नेताहरु कडा हुन नसक्नु र नियम कानुनलाई दह्रो गराउन नसक्नु नै हो। यिनीहरु सर्वसाधारणलाई कडी कडाउ गरेजस्तो त देखाउँछन् तर पनि भ्रष्टाचारी तथा गलत मानिसहरु उम्किराखेको हुँदा पनि यिनीहरु केही गर्न सक्दैनन्, जुन शंका गर्ने विषय हो।

यो मुलुकमा विकासका कुरा गर्दा, प्राय: लगानीकर्ता तथा केही गर्न चाहने व्यक्तिहरुलाई पनि अक्सर हौसला दिनुको बदला दुरुत्साहित याने कि हरेस गरिराखेको हुन्छ। जस्तै- आयस्रोत, कर, कागजपत्र, कमिसन आदि यसका प्रमाण मान्न सकिन्छ, अन्यथा उद्योग विकास तथा रोजगारका कुरा गर्दा हाम्रो मुलुक पछि नपर्नुपर्ने होइन र ? यत्रो सानो मुलुकमा लोकतान्त्रिक मुलुक भएर पनि जनमतसंग्रह नगरी दुई-चारजना नेताको आडमा नक्कल र नखरा गरेर संघीयता ल्याइहालियो। यदि यो प्रणाली भोलि सफल नभएको खण्डमा नेपालीले हार तथा ठूलो नोक्सानी खेप्नुपर्ने हुन्छ। जे होस्, आशा गरौं जुन प्रणालीलाई अपनाए पनि नेपालको भविष्या राम्रो होस्। तर यो संघीयता प्रणालीलाई सफल गर्ने हो भने समाज तथा देश चलाउनेहरु केही परिवर्तन हुनै पर्दछ। भनाइको मतलब लालच, आफ्नो मान्छे, स्वार्थ आदि विकृतिलाई सर्वप्रथम मुलुक हाँक्नेहरुले तिरस्कार गर्नुपर्दछ। जुनसुकै सरकार आए पनि कुर्सीमा बस्नेहरुले सोच र मन ठूलो तथा फराकिलो गर्दै जानुपर्दछ।

यो देशमा उद्योग विकास फस्टाउन नसक्नु, बैंकमा तरलताको सुधार हुन नसक्नु, शेयर कारोबारमा गिरावट आउनुजस्ता कुराहरु सरकारको दूरदर्शिता नहुनु, दह्रो अर्थविद् प्रधानमन्त्री नहुनु, करको मारले सताउनु, लगानीकर्ताहरुलाई बढी हौसला दिनुको बदला धेरै सोधपुछ, धेरै कागजपत्र, आयस्रोत खोज्नु आदि कुराहरु नै देश विकासका बाधक हुन्। त्यसैले यी सब कुराले गर्दा मुलुक हाँक्नेहरु परिवर्तन हुनै पर्छ।

*- रमेश केशरी वैद्य, काठमाडौं*

### मिर्गौला फेल हुने सात कारण

रोगबाट बच्ने एउटा महत्वपूर्ण तरिका स्वस्थ जीवनशैली हो। शरीरको स्वास्थ्य बिग्रनुमा हामीले भाग्यलाई दोष दिन्छौं। तर कहिलेकाहीँ हामी अस्वस्थ जीवनशैली यापन गर्छौं। जसले हाम्रो आन्तरिक अंगहरुमा समेत नराम्रो असर गर्छ। शरीरको महत्वपूर्ण अगंहरुमध्ये किड्नी प्रमुख अंग हो, तथापि शरीरलाई स्वस्थ राख्न सबै अंगको उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ ।

कोखामा हुने यस अंगले रगतमा इलेक्ट्रोलाइट नियन्त्रण गर्न मुख्य भूमिका खेलेको हुन्छ। किड्नीले शरीरबाट अनावश्यक चीजलाई फालिदिन्छ (विषादीलगायतका हानिकारका चीज)। किड्नीको सामान्य काममा असर हुनु किड्नी फेल हो। किड्नी फेलका धेरै कारण हुन्छन्। कहिलेकाहीँ किड्नीमा चोट लागेर पनि किड्नी फेल हुन्छ। त्यस्तै न्यून रक्तचाप, शल्यक्रियाको साइड इफेक्ट लगायतका कारणले किड्नीमा गम्भीर हानि गर्छ। किड्नी फेलका सामान्य कारण यस्ता छन्।

पर्याप्त पानी नपिउनु : हामीमध्ये धेरैले पर्याप्त पानी पिउन बिर्सन्छौं। एउटा वयष्कले कम्तीमा पनि दिनमा पाँच लिटर पानी पिउनुपर्छ। बालबालिका र युवायुवतीदेखि वृद्धवृद्धाले पर्याप्त पानी पिउनुपर्छ। पानी कम हुँदा शरीरमा डिहाइड्रेसन हुन्छ। डिहाइड्रेसनले किड्नी स्टोन र किड्नीलाई ड्यामेज गराउँछ।

पिसाब रोक्नु : काममा व्यस्त हुँदा वा भनेको बेला शौचालय नपाउँदा वा गाडीमा यात्रा गर्दा धेरै मानिसले पिसाब रोक्ने गर्छन्। तर यसले किड्नीलाई नराम्रो हानि गर्छ। पिसाब जम्मा हुँदा किड्नीमा ब्याक्टेरिया जम्मा हुन्छ, जसका कारण किड्नीमा संक्रमण हुन्छ र बिस्तारै किड्नी बिग्रन्छ।

अत्यधिक प्रोटिन : शरीरमा अत्यधिक मात्रामा प्रोटिन भयो भने पनि किड्नी फेल हुन्छ।

नूनको मात्रा बढी : नियमितरुपमा नुनिला खानेकुरा खाँदा रगतमा इलेक्ट्रोलाइटको सन्तुलनलाई नियन्त्रण गर्न किड्नीले धेरै काम गर्नुपर्ने हुन्छ।

पेनकिलरको नियमित प्रयोग : नियमितरुपमा पेनकिलर खाँदा किड्नीमा रगतको प्रवाहलाई सीमित गरिदिन्छ र किड्नीमा दीर्घकालीन असर गर्छ।

अत्यधिक मदिरा : अत्यधिक मात्रामा मदिरा पिउँदा रक्तप्रवाहमा उच्च मात्रामा युरिक एसिड उत्पन्न हुन्छ, जसका कारण किड्नीलाई असर गर्छ र किड्नी फेल हुन्छ।

संक्रमणप्रति अज्ञानता : निश्चित संक्रमण जस्तै- भाइरल फ्लु, टन्सिल, पेटसँगसम्बन्धित संक्रमणले कहिलेकाहीँ किड्नीलाई असर गर्छ।

*- शंकर पाण्डे, शिवम पोलिक्लिनिक*

## सामाजिक सञ्जाल



सामान्य परिवारमा जन्मेर देशको ठूलो नेतृत्व गर्छु भनी अगाडि बढेका कम मानिसहरू मात्र सफल हुन्छन्, नत्र भने हुने-खानेकै जमना हो।

**साना**
**@Alon_kamlu**



कसैको हुर्मत लिने मात्र उद्देश्यले समाचार लेख्ने, छाप्ने र प्रायोजन गर्नेहरूले अर्काको हुर्मतलाई भन्दा पहिले आफ्नो विश्वसनीयतालाई शहीद बनाउँछन्। हार्दिक समवेदना !

**केदार शर्मा**
**@kedarsh**



मन्त्री भयो। कुचो समातेर सडकमा गयो। ए थेत्तर, यसो गुगल युटुब हेर। टेक्नोलोजी प्रयोग गर।

**Dil Nisani Magar**
**@dil_nisani**

सिग्देलले नेपालमा घर, होटल, विद्यालयलगायतका संरचना बनाउँदा आवश्यक मापदण्ड पूरा नगर्नेहरु धेरै रहेको बताउनुभयो। नेपाल राष्ट्रिय भवन निमार्ण संहितामा २३ प्रकारका प्रक्रियाहरु रहेको र त्यसमध्ये कुनै एकको मापदण्डमा रहेर निमार्ण कार्य गर्नुपर्ने भए पनि सो पूरा नभएको सिग्देलको भनाइ छ।



# भवन संहिता कार्यान्वयनमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण

पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुरमा आयोजित एक कार्यक्रममा भवन संहिता कार्यान्वयनमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहने औंल्याइएको छ।

फेन्डस् सर्भिस काउन्सिल नेपाल नामक संस्थाले चाँगुनारायण नगरपालिकाको समन्वयमा नगरकोटमा आयोजना गरेको एक दिने कार्यशाला गोष्ठीमा सहभागी वक्ताहरूले सुरक्षित भवन निर्माणका लागि भवन संहिता कार्यान्वयन गर्नु आवश्यक रहेकाले यसको कार्यान्वयका लागि सरकारसँग हातेमालो गर्न निजी क्षेत्र तत्पर रहेको बताउनुभयो।

कार्यक्रममा बोल्दै चाँगुनारायण नगरपालिकाका उपप्रमुख तथा नगरपालिकाका विपद् व्यवस्थापन समिति संयोजक बिना बास्तोलाले भवन संहिता कार्यान्वयनमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहने बताउनुभयो।

उहाँले अरु काममा जस्तै सुरक्षित आवास निर्माणमा पनि निजी क्षेत्रले उत्प्रेरकको भूमिका खेल्नुपर्ने बताउँदै स्थानीय तह यस बारे कसरी सहकार्य गरेर जान सकिन्छ, त्यसका लागि तयार रहेको बताउनुभयो।

उपप्रमुख बास्तोलाले बिरामी भएपछि उपचार गर्नुपर्छ भनेजस्तै गरी सुरक्षित घर निर्माणका लागि भवन संहिता पालना गर्नुपर्छ भन्ने भावना समुदायमा जगाउनु आवश्यक रहेकोमा जोड दिनुभयो।

फेण्डस् सर्भिस काउन्सिलका अध्यक्ष सूर्यबहादुर थापाले भवन संहिता लागू गर्न यस बारे प्रचारप्रसार गरी नागरिक समुदायलाई आगो लाग्नुअघि नै इनार बनाउनुपर्छ भनेझैं प्रकोपको अवस्थामा सुरक्षित रहने गरी आवास निर्माण गर्न सचेत गराउनु आवश्यक रहेको बताउनुभयो। थापाले चाँगुनारायण नगरपालिकाले विपद् व्यवस्थापनका लागि आपत्कालीन कार्य सञ्चालन केन्द्र नगरपालिकाको सहकार्यमा राख्ने तयारी भइरहेको बताउनुभयो।

कार्यक्रममा पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीले कुनै पनि नियम देखाउनका लागि नभई कार्यान्वयन गर्नका लागि बन्ने बताउँदै उहाँले नियम कार्यान्वयन गर्न र पालनाका लागि बन्ने भएकाले प्रारम्भिक चरणमा भवन संहिता कार्यान्वयनका लागि समुदायलाई जागृत, सचेत र सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

नगरकोट नाल्दुम पर्यटन विकास समितिका अध्यक्ष ईन्द्र लामाले नगरकोट गुरुयोजना तयार गरी यहाँको पर्यटकीय क्षेत्रलाई आगामी दिनमा पूर्ण रुपले सुरक्षित आवास क्षेत्र बनाउनेतर्फ समिति सकृय र सचेत रहेको बताउनुभयो। कार्यक्रममा शहरी विकास भवन डिभिजन कार्यालय भक्तपुरका ई. संगीता बरालले भक्तपुरमा ३ प्रतिशत नमुना परीक्षण गर्दा ९१ प्रतिशत घर मापदण्ड विपरीत बनेका र असुरक्षित रहेको फेला परेको भन्दै सुरक्षित आवास निर्माणमा जोड दिनुभयो।

सो अवसरमा शहरी विकास मन्त्रालयका ई. विवेक सिग्देलले राष्ट्रिय भवन निर्माण संहिता बारे र संहिता कार्यान्वयनमा निजी क्षेत्रको भूमिका विषयक दुईवटा कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यपत्र प्रस्तुत गर्दै ई .सिग्देलले नेपालमा २०४५ देखि भवन संहिताको अवधारणा आएको र २०६६ मा संहिता बनेको बताउँदै यस सम्बन्धमा अझै पनि कतिपय प्रावधान अधुरा रहेको उल्लेख गर्नुभयो।

भवन संहितासम्बन्धी पाठ्यक्रमलाई पठनपाठनमै समेट्न सके प्रभावकारी हुने बताउँदै उहाँले संहिताविपरीत बनेका घरलाई बैंकले पुँजीको गणनामा नगर्न सक्नेतर्फ सचेत गराउनुभयो। निर्माण व्यवसायी हरेकले सुरक्षित आवास निर्माणका लागि संस्थामा कम्तिमा १ जना इन्जिनियरको अनिवार्य व्यवस्था गर्नुपर्नेमा जोड दिंदै उहाँले शैक्षिक संस्था र होटलहरूमा क्षति पुगे ठूलो संख्यामा मानिसको हताहती हुन सक्ने भन्दै यस्ता आवास क्षेत्रको मजबुद निर्माणमा विशेष जोड दिने गरिएको उल्लेख गर्नुभयो।

सिग्देलले नेपालमा घर, होटल, विद्यालयलगायतका संरचना बनाउँदा आवश्यक मापदण्ड पूरा नगर्नेहरू धेरै रहेको बताउनुभयो।नेपाल राष्ट्रिय भवन निमार्ण संहितामा २३ प्रकारका प्रक्रियाहरू रहेको र त्यसमध्ये कुनै एकको मापदण्डमा रहेर निमार्ण कार्य गर्नुपर्ने भए पनि सो पूरा नभएको सिग्देलको भनाइ छ। उहाँले प्राकृतिक प्रकोपहरू जस्तै भूकम्प, बाढीपहिरो, आगलागी, हावाहुरीको जोखिमबाट बच्नका लागि भवन निमार्ण संहिता पालना गर्नुपर्ने बताउनुभयो।

प्रगति परियोजनका ई. चन्द्र हाडाले प्रगति परियोजना र विपद् जोखिम न्यूनिकरणमा निजी क्षेत्रसँगको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्दै ६० प्रतिशतभन्दा बढी बसोबास शहरमा रहेको बताउनुभयो। उहाँले भवनलाई सुरक्षित र प्रयोगयुक्त बनाउन राष्ट्रिय भवन संहिता पालना जरुरी रहेको औंल्याउँदै भवन निर्माणमा गरेको एक प्रतिशत अग्रीम लगानी प्रकोपका बेला ७ गुणा नाफामूलक हुने उहाँको भनाइ थियो।

महालक्ष्मी विकास बैंकका आसकुमारले बैंकहरूले संकलन गर्ने प्रकोप व्यवस्थापन रकम भवन संहिताका लागि सदुपयोग गर्नु उत्तम हुने बताउनुभयो। युरोपियन युनियन, ह्युम्यानिटेरियन एड लगायतका संस्थाको सहयोगमा आयोजित कार्यक्रममा सञ्चारकर्मी सोम शर्मा बजगाईं, चाँगुनारायण नगरपालिकाका सब-इन्जिनियर चन्द्रलक्ष्मी श्रेष्ठ, प्रगति परियोजनका संयोजक शक्ति गुरुङ, व्यवसायी मनोज गिरी, बैंक तथा वित्तीय क्षेत्रका प्रमुख तथा प्रतिनिधि, निर्माण व्यवसायी, होटल व्यवसायी, सञ्चारकर्मीलगायतले भवन निर्माणलाई सुक्षित, बलियो, कानुनी र पुँजीप्रधान बनाउन सरकार र निजी क्षेत्रको सहकार्य अपरिहार्य रहेकोमा जोड दिनुभयो।

## प्रेसिडेन्सियल काउन्सिलको वार्षिक बैठक सम्पन्न

काठमाडौं, (नेस)

विश्वका प्रगतिशील एवं समाजवादी विचार पक्षधर श्रमिकहरूको अन्तर्राष्ट्रिय केन्द्र (विश्व ट्रेड युनियन महासंघको प्रेसिडेन्सियल काउन्सिलको वार्षिक बैठक इरानको राजधानी तेहरानमा सम्पन्न भएको छ।

बैठकमा नेपालका ८ वटा ट्रेड युनियन महासंघको तर्फबाट पेशागत महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष तथा डब्लूएफटीयूको प्रेसिडेन्सियल काउन्सिल सदस्य प्रेमलकुमार खनालले भाग लिनुभएको थियो।

बैठकमा महासचिव जर्ज म्यार्भीकोजले सन २०१७ मा अमेरिकाको नेतृत्वमा सिरीया, अफगानिस्तान, प्यालेस्टाइन, लेबनान, इराकलगायतका देशहरूमा भएको हिंसात्मक गतिविधि, शरणार्थी जनताले भोगिरहेको कहालीलाग्दो स्थिति , पुँजीवादी आर्थिक संकटबाट श्रमिकहरूले भोगिरहेका समस्याको बारेमा प्रकास पार्नुभएको थियो।

विश्वव्यापी रुपमा भएका श्रमिक आन्दोलन, श्रमिकले भोगिरहेका समस्या र महासंघले सञ्चालन गरेका गतिविधिका बारेमा उहाँले प्रस्तुत गर्नुभएको रिपोर्टमा समीक्षा हुनुका साथै सन २०१८ का लागि वार्षिक कार्यक्रम पारित गरेको छ। जसअन्तर्गत नेपालमा आउँदो अगस्ट महिनामा अन्तर्राष्ट्रिय स्तरको ट्रेड युनियन सेमिनार र श्रमिकहरूका लागि सामूहिक सौदाबाजी विषयमा विज्ञहरूबाट प्रशिक्षण प्रदान गर्ने योजना पारित भएको छ।

बैठकले अक्टोबर ३ मा महासंघ स्थापनाको अवसरमा विश्वव्यापी रूपमा सबै देशहरूमा 'सबैका लागि सामाजिक सुरक्षा र नि:शुल्क स्वास्थ्य उपचार' भन्ने मूल नाराका साथ गोष्ठी, भेला, श्रमिक प्रदर्शन, र्‍याली कार्यक्रमको आयोजना गर्ने भएको छ।

महासंघले श्रमिकहरूलाई सबै महादेशका मुख्य केन्द्रहरूमा सघन ढंगले ट्रेड युनियन शिक्षा विषयमा प्रशिक्षण प्रदान गर्ने, गार्भेन्ट क्षेत्र र व्यापार क्षेत्रमा कार्यरत श्रमिकहरूको हकहितका लागि नयाँ अन्तर्राष्ट्रिय ट्रेड युनियन केन्द्र स्थापना गर्न बंगलादेश र लेबनानमा अन्तर्राष्ट्रिय श्रमिक भेला आयोजना गर्ने तथा रुसको राजधानी मस्कोमा युरो-एसिया सम्पर्क कार्यालय स्थापना गर्ने लगायतका निर्णय गर्दै आगामी वर्षको बैठक ग्रिसको राजधानी एथेन्समा गर्ने निर्णय गरेको छ।

सन १९४५ मा स्थापना भएको यो महासंघमा विश्वका १२६ देशका १० करोड श्रमिकहरू आबद्ध रहेका छन्। विश्व ट्रेड युनियन आन्दोलनमा यो महासंघले मूलधारका रुपमा नेतृत्व गर्दै आएको छ।

## सरसफाइका लागि एनजीओकर्मी संगठित

नेपाल समाचारपत्र

भक्तपुर

खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा कार्यरत देशका विभिन्न भागमा छरिएर कृयाशील गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिको राष्ट्रिय भेलाले राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता गैरसरकारी संस्था महसंघ गठन गर्ने निर्णय गरेको छ।

राजधानीमा भएको भेलाले गठन गरेको तदर्थ समितिको अध्यक्षमा जनक गिरी सर्वसम्मतीले चयन हुनुभएको छ। उपाध्यक्षमा निर्मला थापा, महासचिवमा बालकृष्ण पोखरेल, कोषाध्यक्षमा सुशिला सिग्देल रहनुभएको छ। यसै गरी सदस्यहरूमा खड्गबहादुर बुढा, मेनुका सिंह, ध्रुव देब, दिनेश अधिकारी, तुलसा घिमिरे र मायालु तामाङ चयन हुनुभएको छ।

महासंघको संरक्षकमा यस क्षेत्रका अगुवा शाान्तराम मुल्मी रहनुभएको छ। मुल्मीले देशभर छरिएर रहेका र खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा काम गरी रहेका गैरसरकारी संस्थाको छाता संगठनको आवश्यकता महसुस गरी महासंघ गठन गरिएको बताउनुभयो।

संरक्षक मुल्मीले खानेपानी तथा सरसफाइ अनन्तसम्म चलिरहने मुद्दा भएको बताउँदै संविधानले यसलाई जनताको मौलिक हकका रूपमा व्यवस्था गरेको बताउनुभयो। प्राकृतिक स्रोतमाथि अनावश्यक दोहन बढ्दै गएको बताउँदै उहाँले ५० प्रतिशतभन्दा कम नागरिकले मात्र खानेपानी पाइरहेको वर्तमान अवस्था रहेको उल्लेख गर्नुभयो।

त्यसै गरी यस क्षेत्रका विज्ञसमेत रहनुभएका नवनिर्वाचित अध्यक्ष गिरीले खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा अझ प्रभावकारी ढंगले काम गर्न र देशका विभिन्न भागमा छरिएर रहेका संघसंस्थालाई एउटै धागोमा उनी आपसी अन्तरकृया गरी यस क्षेत्रका समस्या सुल्झाउँदै जाने उद्देश्यले महासंघको आवश्यकता महसुस भएअनुसार भेलाले यो निष्कर्ष निकालेको बताउनुभयो।

त्यसैगरी यस क्षेत्रका अर्का विज्ञसमेत रहनुभएका नवनिर्वाचित महासचिव पोखरेलले खानेपानी तथा सरसफाइमा जनताको पहुँच वृद्धि गर्न नवगठित महासंघ क्रियाशील रहने प्रतिवद्धता व्यक्त गर्नुभयो। उहाँले गैरसरकारी संस्थाले यस क्षेत्रको नीतिगत व्यवस्थामा सरकारलाई सहयोग र योगदान गरिरहेको बताउँदै नागरिकलाई पर्याप्त, गुणस्तरीय खानेपानी र सरसफाइमा पहुँच बढाउनु चुनौतीपूर्ण रहेको उल्लेख गर्नुभयो। उहाँले संविधानको धारामा खानेपानी र सरसफाइलाई मौलिक हकका रूपमा व्यवस्था गरे पनि जनताको धारामा पानी आउने ग्यारेन्टी नभएको बताउनुभयो। यसअघि सरकारले सन् २०१७ सम्ममा सबैका लागि सरसफाइको पहुँचको लक्ष्य निर्धारण गरे पनि त्यो पूरा नभएको उल्लेख गर्नुभयो।

रिसोर्स सेन्टर फर प्राइमरी हेल्थ केयर, सोसियल वर्कर ग्रुप, पञ्चावती रुरल डेभलपमेन्ट र नेपाल कम्युनिटी रिकन्सट्रक्सन प्रोग्रामले संयुक्त रूपमा आयोजना गरेको खानेपानी, सरसफाइ र दिगो विकास लक्ष्य विषयक सरोकारवालाको छलफलमा देशका सातै प्रदेशमा कृयाशील विभिन्न ३५ जिल्लाका खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

सन्दर्भ राष्ट्रपति निर्वाचन

## निर्वाचन अधिकृतको कार्यालय स्थापना

नेपाल समाचारपत्र

काठमाडौं

राष्ट्रपति निर्वाचनको प्रक्रिया अघि बढाउन बिहीबार निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

नयाँ बानेश्वरस्थित संघीय संसद् भवन परिसरभित्रै बिहीबारबाट राष्ट्रपति निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो।

आगामी फागुन २९ गते हुने राष्ट्रपति निर्वाचनका लागि निर्वाचन कार्यतालिका अनुरूप प्रक्रिया अघि बढाउन सो कार्यालय स्थापना गरिएको हो। यसअघि निर्वाचन आयोगले पाटन उच्च अदालतका न्यायाधीश तीलप्रसाद श्रेष्ठलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको थियो।

राष्ट्रपति निर्वाचन अधिकृतको कार्यालयले आगामी २१ गते सोमबारबाट शुरु हुने गरी निर्वाचन कार्यतालिका पनि सार्वजनिक गरेको छ।

२१ गते मतदाता नामावली प्रकाशन गर्ने, २३ गते उम्मेदवार मनोनयन गर्ने र २९ गते राष्ट्रपति निर्वाचनको मतदान हुने गरी निर्वाचन कार्यतालिका तय गरिएको पनि निर्वाचन अधिकृत श्रेष्ठले बताए।

२९ गते बिहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म संघीय संसद् भवनमा राष्ट्रपति निर्वाचनको मतदान हुनेछ। त्यसपछि तत्काल मतगणना हुनेछ। राष्ट्रपति निर्वाचनका लागि प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभामा सांसदहरू मतदाता रहने संवैधानिक व्यवस्था छ।

## ग्लोबल पाठशालामा अभिभावक दिवस सम्पन्न

भक्तपुर, (नेस)

भक्तपुरको गठ्ठाघरमा रहेको ग्लोबल पाठशालाले आफ्नो तेस्रो अभिभावक दिवस भव्यताका साथ सम्पन्न गरेको छ।

विद्यालयको आफ्नै प्रेक्षालयमा सम्पन्न उक्त कार्यक्रममा अभिभावहरूको र्‍याम्प वाक र विद्यार्थीहरूले प्रस्तुत गरेका विभिन्न सांगीतिक प्रस्तुतीहरू आकर्षणका केन्द्रविन्दु रहे। कार्यक्रमलाई सम्वोधन गर्दै बालविकास विशेषज्ञ सानु अमात्यले शिक्षालाई मानवतासँग जोड्नुपर्ने बताउनुभयो। पछिल्लो समय ग्लोबल पाठशालाले विद्यार्थीहरूलाई नेपाली माटो सुहाउँदो व्यवहारिक तथा वैज्ञानिक शिक्षा सीप, संस्कार र प्रविधिसँग जोडेर दिइरहेको भन्दै निकै प्रशंसा गर्नुभयो। साथै उहाँले विद्यालय, शिक्षक र अभिभावकबीचको त्रिकोणात्मक सम्बन्ध सबल र सुदृढ नभएसम्म विद्यार्थीहरूलाई हामीले सोचेजस्तो र समयले मागेजस्तो शिक्षा दिन नसकिने भन्दै शिक्षक र अभिभावकले गर्नहुने र नहुने कुराहरूबारे समेत स्पष्ट पार्नुभयो।

कार्यक्रममा सम्वोधन गर्दै संस्थापक रामचन्द्र खनालले शिक्षण पेसामा आवद्ध व्यक्तिहरूबाट सञ्चालित यो विद्यालय नाफामुखी तथा व्यवसाय गर्न मात्र नभइ भक्तपुर जिल्लामै नमुना विद्यालयका रूपमा स्थापित गर्ने आफूहरूको गहिरो सपना रहेको बताउनुभयो। उहाँले विद्यार्थीहरूको चौतर्फी विकासका लागि विद्यालयले कुनै कसर बाँकी नराख्ने स्पष्ट पार्नुभयो। त्यस्तै

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेश्वर निरौलाले विद्यालयप्रति अभिभावकहरूले देखाएको विश्वास, साथ र मायाका लागि अभिभावहरूलाई धन्यवाद दिंदै गुणस्तरीय शिक्षाका लागि विद्यालयले कुनै कुरामा कुनै पनि कसुर बाँकी नराख्ने स्पष्ट पार्नुभयो ।

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : काममा बाधा, धनको नोक्सानी, प्राप्त पैसा गुम्ने सम्भावना।
**वृष** : तनाव, पाचनमा समस्या, अल्छीपन, रुघाखोकीको सम्भावना।
**मिथुन** : धन प्राप्ति, उच्च मानमर्यादा पाइने, कार्यमा सफलता।
**कर्कट** : नोक्सानी, व्यापार घाटा, अनुपलब्धिमूलक खर्च, असन्तोष।
**सिंह** : आर्थिक लाभ, मिष्ठान्न भोजन, उपहारादि वस्तु प्राप्ति।
**कन्या** : स्वास्थ्य समस्या, चिन्ता हुने, टाउको दुख्ने सम्भावना।
**तुला** : धन प्राप्ति, भोजनादि प्राप्ति, उत्साह-उमंग पलाउनेछ।
**वृश्चिक** : कार्य सफल, सुख-सन्तोष, साथीभाइसँग मित्रवत् भेटघाट।
**धनु** : राजनीतिक कार्यमा बाधा, इज्जत-प्रतिष्ठामा ह्रास, खर्च।
**मकर** : धन प्राप्तिमा रोकावट, स्वास्थ्य समस्या, परिश्रमबाट लखतरान।
**कुम्भ** : आर्थिक लाभ, पढाइमा सफलता, गरेका कार्यबाट आत्मसन्तुष्टि।
**मीन** : धनलाभ, नेतृत्वमा सफलता, व्यापारिक लाभ, मनोकांक्षा पूरा हुने।

# नेपाल

> पारित नियमावलीमा 'मन्त्रिपरिषद्, सरकारी वा गैरसरकारी निकायको निर्णयको कुनै कारणले सम्बन्धित प्रदेशभित्र बसोबास गर्ने नेपाली नागरिकलाई मर्का परेको विषय खुलाएर कम्तिमा १ सय जना नेपाली नागरिकले दस्तखतसहित दिएको 'आवेदनपत्र' लाई ३ जना सदस्यले प्रमाणित गरी प्रस्तावका रुपमा पेश गर्न सक्नेछन्' भनिएको छ।

## प्रदेश-३ को नियमावली पारित

# संसदीय व्यवस्थामा नौलो अभ्यास शुरू

**रोशन पराजुली, हेटौंडा**

प्रदेश नम्बर-३ को प्रदेशसभा ५ वर्ष सञ्चालन गर्ने बारेको नियमावली मस्यौदा सर्वसम्मत् पारित गरिएको छ। मस्यौदा पारितसँगै नियमावली कार्यान्वयनको बाटो खुलेको छ।

माघ २८ गतेको बैठकले चयन गरेको ११ सदस्यीय समितिले तयार पारेको प्रदेशसभा नियमावली मस्यौदा-२०७४ सांसदहरूको ध्वनिमतले पारित गरेको हो। आइतबारको बैठकमा समिति सभापति राजेन्द्र पाण्डेले पेश गरेको मस्यौदाउपर १६ घण्टाभित्र संशोधन दर्ता नभएपछि सोमबार ११ बजेको बैठकमा सभामुख सानुकुमार श्रेष्ठले मस्यौदा पारित भएको घोषणा गर्नुभएको थियो।

बैठकमा सभामुख श्रेष्ठले नियमावलीको नियम र अनुसूची प्रदेशसभा नियमावलीको अंग बनोस् भन्ने निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो। कार्यविधि नियमावलीका संयोजक पाण्डेले दलगत स्वार्थभन्दा माथि उठेर प्रस्तावलाई सर्वसम्मतिबाट पारित गर्न आह्वान गर्नुभएको थियो।

नियमावली पारित भएसँगै प्रदेश-३ को प्रदेशसभा आफ्नै नियमावलीका आधारमा सञ्चालन हुने पहिलो प्रदेशसभा बनेको छ। प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ राजनीतिक दलका सांसद् सदस्य रहेको समितिले प्रस्ताव गरेको मस्यौदा पारित भएपछि नागरिकले आफ्ना कुरा सीधै संसद्मा राख्न पाउनेछन्। प्रस्ताव पारित भएपछि संसदीय व्यवस्थामा यो नौलो अभ्यास भएको छ। नियमावलीमा मा नागरिकले पनि 'आवेदनपत्र पेश गर्नसक्ने' प्रावधान छ।

पारित अधिकारक्षेत्रमा प्रदेशभित्र बसोबास गर्ने १ सय जना नेपाली नागरिकले हस्ताक्षर गरेको सार्वजनिक विषयको कुरालाई ३ जना सांसदले समर्थन जनाएर आएमा संसद्मा छलफलका लागि पेशसमेत गर्न पाइने भएको छ।

पारित नियमावलीमा 'मन्त्रिपरिषद्, सरकारी वा गैरसरकारी निकायको निर्णयको कुनै कारणले सम्बन्धित प्रदेशभित्र बसोबास गर्ने नेपाली नागरिकलाई मर्का परेको विषय खुलाएर कम्तिमा १ सय जना नेपाली नागरिकले दस्तखतसहित दिएको 'आवेदनपत्र' लाई ३ जना सदस्यले प्रमाणित गरी प्रस्तावका रुपमा पेश गर्न सक्नेछन्' भनिएको छ।

बैठकमा सभामुखले मौखिक मत माग्दा सांसदले 'मस्यौदा पारित हुन्छ' भनेपछि पारित भएको घोषणा गरिएको थियो। समिति सभापति पाण्डेले आइतबार ४५ पृष्ठ, २ सय १७ नियम, २६ परिच्छेद र ६ अनुसूची रहेको नियमावली मस्यौदा पारितका लागि पेश गर्नुभएको थियो। उहाँले सोमबारको बैठकमा पारितका लागि प्रस्ताव गरेपछि सांसदको धारणासहित सभामुखले पारित भएको घोषणा गर्नुभयो।

प्रदेशसभाले पहिलो अधिवेशन शुरू गरे पनि नियमावली नभएका कारण अन्तरिम कार्यविधिअनुसार प्रदेशसभा सञ्चालन भइरहेको थियो। नेपालको संविधानको धारा १९४ बमोजिम प्रदेशसभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम, कारबाही र समिति सम्बन्धि अन्य विषय नियमित गर्न प्रदेशसभा नियमावली-२०७४ को मस्यौदा लागू गर्न समिति गठन गरिएको थियो।

माघ २८ गते गठन भएको समितिले फागुन १० र ११ गते साढे १० घण्टा बैठक बसेर मस्यौदालाई अन्तिम रूप दिएको थियो। समितिमा दीपक निरौला, सरस्वती बस्नेत, बुद्धिमान माझी, कञ्चन खनाल, छिरिङ दोर्जे लामा, राधा घले, रमेश पौड्याल, सुरेन्द्रराज गोसाईं, रीना गुरुङ र रीता माझी सदस्य हुनुहुन्थ्यो।

नियमावलीको परिच्छेद १ मा प्रारम्भिक, २ मा अधिवेशन आह्वान, अन्त्य तथा सदस्यको उपस्थिति र बस्ने क्रम, ३ मा बैठक सञ्चालन र स्थगन, ४ मा सभामुख तथा उपसभामुख निर्वाचन र अध्यक्षता गर्ने व्यक्तिको मनोनयन, ५ मा बैठकको सामान्य कार्यविधि, ६ मा बैठकले निर्णय गर्ने तरिका, ७ मा बैठकमा सुव्यवस्था, ८ मा प्रदेश प्रमुखबाट सम्बोधन र सरकारको नीति तथा कार्यक्रम, ९ मा प्रश्न र ध्यानाकर्षण, १० मा प्रस्ताव र तत्सम्बन्धि कार्यविधि, ११ मा संशोधनसम्बन्धी व्यवस्था, १२ मा स्थगन प्रस्ताव, १३ मा संकल्प, १४ मा अध्यादेशसम्बन्धी व्यवस्था उल्लेख छ।

परिच्छेद १५ मा व्यवस्थापन र कार्यविधि, १६ मा राजस्व र व्ययको अनुमानसम्बन्धी कार्यविधि, १७ मा विनियोजन तथा अर्थ विधेयकसम्बन्धी कार्यविधि, १८ मा विश्वास मत वा अविश्वासको प्रस्ताव, १९ मा प्रदेशसभा समिति, २० मा विशेषाधिकार समिति, २१ मा सभामुख वा उपसभामुखले पदअनुकूल आचरण नगरेको भन्ने प्रस्ताव, २२ मा अनुपस्थितिको सूचना, राजीनामा र स्थान रिक्तता, २३ मा संसदीय दलको कार्यालय र दल त्यागसम्बन्धी व्यवस्था, २४ मा सदस्यको आचरण र अनुगमनसम्बन्धी व्यवस्था, २५ मा मन्त्रीद्वारा राजीनामा र कागजात टेबुल र २६ मा विविध व्यवस्था उल्लेख गरिएको छ।

सांसदहरूले गर्ने काम, कर्तव्य र अधिकारका विषय पनि त्यसमा समेटिएको छ। बैठकमा सांसदहरू शोभा शाक्य, राधा घले, रीना गुरुङ, रीता माझी, युवराज बल, रमेश फुँयालले नियमावली र मस्यौदाका विषयमा मन्तव्य व्यक्त गरेका थिए। नेपाली कांग्रेसकी घले, राप्रपा प्रजातान्त्रिककी गुरुङ, राप्रपाकी माझी र विवेकशीलकी शाक्यले मस्यौदाउपर मन्तव्य व्यक्त गर्नुभएको थियो।

संसद् सञ्चालन, विधि र प्रक्रियादेखि सरकार गठन र सभामुख/उपसभामुखको अधिकार प्रष्ट खुलाइएको मस्यौदा उत्कृष्ट रहेको दाबी उहाँहरूले गर्नुभयो। प्रदेशसभा नियमावली पारितपछि सभामुख श्रेष्ठले सूचना जारी नभएसम्मका लागि बैठक स्थगित गरिएको घोषणा गर्नुभयो। यसअघि माघ २८ गतेको बैठकपछि सूचना जारी गरेर फागुन १३ गते बैठक बोलाइएको हो।

प्रदेशमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २३ वटा कानुन तथा नियमावली निर्माणको तयारी थालेको छ। कानुन अभावमा सरकार तथा सांसद्ले काम गर्न समस्या परेपछि प्रदेशसभाबाट २३ वटा कानुन निर्माणको गृहकार्य भइरहेको आन्तरिक मामिला तथा कानुनमन्त्री मन्त्री शालिकराम जम्मरकट्टेलले बताउनुभयो। २३ वटामध्ये सोमबार प्रदेशसभा नियमावली पारित भएको छ। केही कानुन फास्ट ट्र्याकको माध्यमबाट निर्माण गरिनेछ।

# विद्यालयहरूमा शैक्षिक प्रदर्शनी

**मोतीराम तिमल्सिना, काभ्रे**

सोमबार जिल्लामा २ फरकफरक क्षेत्रका विद्यालयहरूमा शैक्षिक प्रदर्शनी आयोजना गरिएको छ। विद्यालयमा आयोजना गरिएको प्रदर्शनीबाट शिक्षा व्यवहारिक हुन थालेको देखिएको छ।

धुलिखेल नगरपालिका वडा नम्बर ८ मा रहेको बालविनायक आधारभूत विद्यालय र पाँचखाल नगरपालिका वडा नम्बर ४ मा रहेको इन्द्रेणी विद्या मन्दिरले फरकफरक शैलीमा शैक्षिक प्रदर्शनीको आयोजना गरी अभिभावक र अवलोकनकर्ताहरूलाई दंग बनाएका छन्। दुवै विद्यालयले विगतका वर्षहरूदेखि विद्यार्थीहरूले कक्षाकोठामा सिकेका ज्ञानलाई व्यवहारमा उतार्न शैक्षिक प्रदर्शनीको आयोजना गरेको बताएका छन्। धुलिखेलको बालविनायकमा आयोजना गरिएको प्रदर्शनीको धुलिखेल नगरपालिका प्रमुख अशोक ब्याञ्जुले उद्घाटन गरेका थिए भने पाँचखालको इन्द्रेणी विद्या मन्दिरको नेपाल पत्रकार महासंघ काभ्रे शाखाका अध्यक्ष मोतिराम तिमल्सिनाले उद्घाटन गरेका थिए।

'शैक्षिक प्रदर्शनी सोच र प्रयोगको सङ्गम' भन्ने नाराका साथ इन्द्रेणी विद्या मन्दिर पाँचखालमा चौथो इन्द्रेणी शैक्षिक प्रदर्शनी आयोजना गरिएको प्रिन्सिपल राममणि सापकोटाले बताए। शिक्षण सिकाइलाई समाज र जीवनसँग प्रत्यक्षरूपमा जोड्ने प्रयासस्वरूप ३ दिने शैक्षिक प्रदर्शनीको आयोजना गरिएको हो। विद्यालयको १६औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रम सोमबारदेखि बुधबारसम्म आयोजना हुनेछ।

विद्यार्थीहरूले आ-आफ्नो रूचि, क्षमता र तहअनुसारका सामग्रीहरू तयार गरी प्रदर्शनी गरेका थिए। पर्दशनीको तयारीका लागि विद्यार्थीहरूले योजना कागजमा उतार्दै पूराना सामग्रीको खोज र अध्ययनमार्फत निर्माणमा दत्तचित्त भएका थिए। आफूले सिकेका कुरा अरुसँग साट्ने र अरुबाट पनि सिक्ने मनसायले पर्दशनीमा जुटेको विद्यार्थी एलिसा पराजुलीले बताइन्। 'यसरी काम गर्दा आफूमा आत्मविश्वासको वृद्धि हुने र नयाँनयाँ सोचको विकास भएको छ' -पराजुलीले बताइन्। पाठ्यक्रममा आधारित सिकाइ उद्देश्य हासिल हुने गरी स्टलहरू तयारी गरिएका थिए। कला, विज्ञानमा रूचि भएका विद्यार्थीले आविष्कार र डिजाइनमार्फत प्रतिभा प्रस्तुत गरेका थिए। खेल्दै सिक्ने र सिक्न खेल्ने भनेर खेलसँग जीवन उपयोगी ज्ञान-सीप जोडिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विदुरप्रसाद सापकोटाले बताए। प्रदर्शनीमा हरेक कक्षाका बालबालिकाहरूले प्रस्तुति गरेका थिए। गरेर सिक्ने र सिक्दै गर्ने मान्यतामा स्थानीय प्रविधि र ज्ञानलाई समेत प्राथमिकतामा राखेर प्रदर्शनी आयोजना गरिएको सापकोटाले बताए।

त्यस्तै विनायक बाल आधारभूत विद्यालयमा विद्यार्थीहरूले ५९ वटा स्टल राखी व्यवहारत आफूले सिकेका ज्ञानलाई प्रस्तुत गरेका छन्। प्रधानाध्यापक नवराज तिमल्सिनाका अनुसार हरेक वर्ष विद्यार्थीहरूले यस्तो प्रदर्शनी गर्दै आएका छन्। बालबालिकाहरूले अध्ययन गर्न सम्झने विभिन्न तरिकाहरूका खेल, ब्याज निर्माण कागजबाट, वनस्पति कोष र जनावार कोष, जलचक्र, चट्याङ्गबाट बच्ने तरिका, मूत्र प्रणाली, विद्युत्, अस्थायी चुम्बक, सौर्य मण्डललगायतका विषयहरू प्रदर्शनीमा समेटिएको थियो।

नगरप्रमुख ब्याञ्जुले विनायकबालको अनुभवले नगरभित्र रहेका अन्य विद्यालयहरूमा पनि त्यस्तै खालको प्रदर्शनी तथा व्यवहारीक शिक्षामा जोड दिने बताए। नगरभित्रको शिक्षा प्रणाली सुधार्न विद्यार्थीहरूलाई समयमै व्यवहारिक ज्ञानमा जोड्ने कुरामा विनायक बालले पुऱ्याएको योगदानको कदर गरेका थिए। सामुदायिक विद्यालयहरूले पनि यस्तो शिक्षा दिन सक्छन् भन्ने उदाहरण उक्त विद्यालयले दिएको ब्याञ्जुले बताए।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५


# होटल तथा पर्यटन व्यवसायीको भेला शुरू

**नेपाल समाचारपत्र**

नुवाकोट

'संमृद्ध ३ नं प्रदेश नेपालको शान, पर्यटन प्रर्वदन मार्फत आर्थिक संमृद्धि हाम्रो अभियान' भन्ने नाराका साथ होटल तथा पर्यटन व्यावसायी महासंघको ३ नं प्रदेश स्तरीय भेला नुवाकोटमा शुरू भएको छ।

कार्यक्रममा सम्वोधन गर्नुहुँदै प्रमुख अतिथि तथा नुवाकोट प्रतिनिधिसभा क्षेत्र नं २ विदुर सांसद नारायणप्रसाद खतिवडाले प्रदेश नं ३ धार्मिक र ऐतिहासिक हिसाबले सम्पन्न भएको बताउँदै प्रदेश नं ३ मा विकासको अथाहा सम्भावना रहेको बताउनुभयो।

खतिवडाले नुवाकोटलाई औधोगिक क्षेत्र बनाउन सरकारको ध्यानाकर्षण गरिरहेको जानकारी दिँदै पर्यटन व्यवसायीहरूको हकहितका लागि आफू सहयोग गर्न सधैं तत्पर रहेको बताउनुभयो। अब बन्ने सरकारले पर्यटन व्यवसायीहरूको हकहितका लागि काम गर्नै भन्दै सांसद खतिवडाले नाफाको रूपमा मात्र व्यवसायलाई नलिन आग्रह गर्नुभएको थियो।

त्यस्तै कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति नुवाकोटका सभापति सन्तमान तामाङले पर्यटनलाई पेशागत हकहितका लागि एकजुट हुन आग्रह गर्दै पेसामा कसैलाई पनि विभेद नगरी काम गर्न आग्रह गर्नुभयो। समन्वय समितिका सभापति तामाङले नेपालमा होटल र पर्यटक व्यवसायको अथाह सम्भावना भएको बताउँदै प्राकृतिक स्रोतहरुको भरपुर प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका विशिष्ट अतिथि तथा विदुर नगरपालिकाका मेयर सञ्जु पण्डितले नुवाकोट त्रिदेशीय मार्ग भएकाले नुवाकोटमा अबको दिनमा स्तरीय होटलहरू सञ्चालन गर्नुपर्ने बताउँनुभयो। नगरपालिकाका मेयर पण्डितले सबै होटल व्यवसायहरू नियम र कानुनको दायरामा दर्ता भई आएका होटल र पर्यटन व्यवसायको विकासमा नगरप्रमुखको हैंसियतले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। त्यस्तै कार्यक्रममा बोल्दै होटल व्यवसायी महासंघका महासचिव उदय नारायण सापकोटाले नुवाकोटमा अथाहा सम्भावना रहेको र त्यसलाई सहयोग गर्न आफूहरू तयार रहेको बताउनुभयो।

कार्यक्रममा नुवाकोट होटल व्यवसायी महासंघका अध्यक्ष मधुसूदन थपलियाले व्यवसायीहरूको हकहितक लागि कार्यक्रम आयोजना गरिएको बताउँदै सरकार र स्थानीय निकायले होटल र पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

ममहाउस खानबस्न सुविधा
रु. १५०००/- ममिस्त्री
कुक वेटर मसाल्ची
९८४१३२३४६५

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता। बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता। दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि-गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● धुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३१३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, फागुन
शुक्रबार
१८

राजमार्ग दायाँबायाँ पार्किङ्ग गर्न पाइनेछैन। फुटपाथमा मोटरसाइकललगायतका सवारी साधन चलाउन तथा व्यापारिक एवं निर्माण सामग्री राख्न थुपार्न पाइनेछैन। राजमार्ग दायाँबायाँ फुटपाथ पसल, ठेलागाडा, व्यापारिक वस्तु राख्ने साइकल, कवाडी वस्तु, निर्माण सामग्रीलगायतका अवरोध पुऱ्याउने चिजवस्तु राख्न पाइने छैन



# समृद्धिको आधार तयार गर्न दुई तिहाइको सरकार आवश्यक : प्रचण्ड

नेपाल समाचारपत्र

पर्वत

नेकपा माओवादी केन्द्रका अध्यक्ष पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुकमा समृद्धिको आधार तयार गर्न दुई तिहाइको सरकार आवश्यक भएको बताएका छन्।

पर्वतको कुस्मा बजारमा महिलाले मात्रै सञ्चालन गरिरहेको रेडियो दिदीबहिनी को आठौं वार्षिकोत्सव तथा दशौं पश्चिमाञ्चल महिला महोत्सवको उद्‌घाटन गर्दै प्रचण्डले दुई तिहाइको सरकारले आर्थिक समृद्धि र समाजवादमा प्रवेश गराउने लक्ष्य सहज रूपमा पूरा गर्न सक्ने बताएका हुन्।

'दुई तिहाइ पुऱ्याउन सके मात्रै नेपालमा समृद्धिको आधार तयार गर्न सजिलो होस भनेर वाम गठबन्धनको सरकारलाई दुई तिहाइ पुऱ्याउने अन्तिम कसरतमा छौं'। उनले भने- 'अहिले नेपालमा बनेको सरकार स्थायित्व, आर्थिक समृद्धि र समाजवादउन्मुख नेपाल निर्माणका लागि कोशेढुंगा सावित हुनेछ।' उनले आज हुने छलफलले संघीय समाजवादी फोरम नेपाललाई वाम गठबन्धनको सरकारमा सामेल गर्न सफल हुने विश्वाससमेत व्यक्त गरेका थिए। नेपालको इतिहासमा करिब ६० वर्षपछि बन्न लागेको यो सरकार नै इतिहासको सबैभन्दा शक्तिशाली र चुस्त सरकार बन्ने दाबी पनि गरे।

अध्यक्ष दाहालले एमाले र माओवादी एकताको प्रक्रिया पूरा भइसकेको पनि बताए । उनले एकता संयोजन समितिले आफ्नो काम पूरा गरिसकेकाले केही दिनमा एकताको घोषणा गरिने जानकारी दिए। 'एउटै कम्युनिस्ट केन्द्र बनाउने कुरामा सबै सहमति भयो। उनले भने- 'केही प्राविधिक विषय मिलाउन गृहकार्य भइरहेको छ।'

कार्यक्रममा राष्ट्रियसभाका सदस्य गणेश तिमिल्सिना, प्रतिनिधिसभाका सदस्यहरू देवेन्द्र पौडेल, पदम गिरी, सूर्य पाठक, मनकुमारी केसी, प्रदेशसभाका सदस्यहरू विकास लम्साल, जुनादेवी नेपाली, सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष सुवास खतिवडा, नेपाल उद्योग बाणिज्य महासंघका उपाध्यक्ष चन्द्र ढकाल, पर्वत उद्योग बाणिज्य संघका अध्यक्ष हरिओम शर्मा लामिछानेलगायतले महोत्सवको सफलताको शुभकामना दिएका थिए।

रेडियो दिदीबहिनीकी अध्यक्ष कल्पना चापागाईंको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चालन सञ्चारकर्मीहरू दुर्गा अधिकारी र विष्णु गौतमले गरेका थिए। रेडियोले महोत्सवको अवसर पारेर देशभर महिलाले सञ्चालन र व्यवस्थापन गरेका रेडियो र महिला स्टेसन म्यानेजरहरूलाई सम्मान पनि गरेको छ। देशभर सामुदायिक र व्यवसायिक रूपमा सञ्चालित रेडियोका ३० जना प्रमुखहरूलाई पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहालले दोसल्ला, सम्मानपत्र र नगदसहित सम्मान गरेका थिए। रेडियोको नेतृत्वमा रहेका महिलाहरूलाई एकैपटक सम्मान गरिएको यो पहिलो भएको आयोजकले बताएको छ।

# महिला उद्यमी थाइल्यान्डमा



नेपाल समाचारपत्र

हेटौंडा

नेपाल उद्योग वाणिज्य महासंघमा आवद्ध १० जिल्लाका महिला उद्यमी व्यावसायिक भ्रमणका लागि सोमबार थाइल्यान्ड पुगेका छन्। महासंघ केन्द्रीय सदस्य राजकुमार न्यौपानेसहित टोली थाइल्यान्ड पुगेको हो।

थाइ-नेपाल च्याम्बरको बी टु बी बैठक तथा ओटीओपी उद्योग भ्रमणका लागि गएका हुन्। महासंघ महिला समिति सभापति कमला श्रेष्ठसमेत सहभागी बैठकले ७ दिन त्यहाँ रहँदा महिलाको उद्यमशीलता विकास बारे जानकारी लिएर नेपालमा अनुकरण गर्ने केन्द्रीय सदस्य न्यौपानेले बताउनुभयो। उहाँले यसबारे चेम्बरले पनि भूमिका निर्वाह गर्नसक्ने आशा व्यक्त गर्नुभयो।

# सहज छैन बेंसीशहरमा सडकको विकल्प

लमजुङ, (नेस)

लमजुङको जिल्ला सदरमुकाम बेंसीशहरबाट हिमालपारिको जिल्ला मनाङको सदरमुकाम जाने सहायक राजमार्ग निर्माण कार्य थालिएको छ। तर सो मार्ग बेंसीशहरको बजारबीचबाट जान नुहने भन्दै विकल्प खोज्ने भनिए पनि त्यो सहज हुने देखिएको छैन।

सरकारले ४ वर्षअघिनै डुम्रेदेखि बेंसीसहर हुँदै मनाङ सदरमुकाम चामेसम्मको बाटोलाई सहायक राजमार्गमा स्तरोन्नति गरी फराकिलो बनाउने निर्णय गरेको थियो। त्यस समयमा स्थानीय निकायमा जनप्रतिनिधि नभएका कारण तत्काल लमजुङ उद्योग वाणिज्य संघमार्फत त्यसको विरोध गरेको थियो।

बेंसीशहरमा तत्कालीन नगर विकास समितिले बजार क्षेत्रमा सडकको दायाँबायाँ साढे ७/७ गरी कूल १५ मिटरको मापदण्ड तोकेको थियो। सोही मापदण्डका आधारमा स्थानीयले सडक छेउमा घर निर्माण गर्दै आए।

बजार क्षेत्रमा दायाँबायाँ नालासहित ७ मिटरको सडक बन्यो। मनाङ जानका लागि पनि बेंसीशहर बजारकै बीचको सडक प्रयोग गरिँदै आयो। २०५६ सालमा डुम्रे- बेंसीशहर सडक कालोपत्रे गरिंदा बेंसीशहर बजार क्षेत्रका बासिन्दाले उक्त सडक बजारबीचबाट नै निर्माण हुनुपर्छ भन्दै जिल्ला प्रशासन कार्यालयमार्फत तत्कालीन यातायात मन्त्री र प्रधानमन्त्रीलाई समेत ज्ञापनपत्र बुझाइएको थियो।

त्यसपछि बेंसीशहर बजारभन्दा उत्तरी क्षेत्रमा निर्माण गरिएका ठूला तथा साना जलविद्युत् आयोजनाका लागि चाहिने सामग्री पनि सोही बाटोबाट ढुवानी गरियो। आजका दिनसम्म पनि त्यो क्रम जारी छ।

तर सहायक राजमार्ग बनाउने भन्दै मन्त्रीपरिषद्ले २०६१ जेठ मा डुम्रे-बेंसीसहर सडकको मापदण्ड दायाँबायाँ १५/१५ मिटर तोकेको हो। सरकारी निर्णयले त्यसअघि सडक निर्माण गर्नुभन्दा पहिले बिस्तारित भएरका घर तथा भवनका संरचनाहरू भत्काउनुपर्ने स्थिति उत्पन्न भएको छ। सरकारले गरेको निर्णयप्रति त्यतिबेला एउटै राजनीतिक दलका नेतामा समेत मत विभाजन भयो। बेंसीशहर बजारको बीचबाटै सडक फराकिलो बनाउने दिने र नदिनेबीच चर्को मतभेद बढ्‌न गयो।

हाल उक्त मापदण्डविपरीत किनबेच तथा वित्तीय संस्थाले धितो लिने गरेका छैनन्। सरकारले डिभिजन सडक कार्यालय दमौलीमार्फत जिल्ला मालपोत कार्यालयको सहयोगमा यस क्षेत्रको लगत संकलन कार्य गऱ्यो। घरटहरा हटाउन यस बीचमा सार्वजनिक सूचना पनि पटक-पटक जारी भए। तर, स्थानीयले सडक दायाँबायाका घरटहरा हटाएनन्। राजनीतिक संक्रमणकाल रहेकाले सरकारले पनि जबर्जस्ती पनि गर्न सकेन। तर पनि अहिले बेंसीशहर बजारको सडकलाई केही फराकिलो बनाउने हिसाबले सर्भे पनि भइरहेको छ।

सरकारको सो निर्णयका विरुद्ध सडक छेउ घर बनाएकाहरू डेलिगेसन मात्र गएनन्, सरकारी निर्णयका विरुद्ध सर्वोच्चमा रिट हाल्न पुगे। सो कार्य अधिवक्तासमेत रहनु भएका नेकपा एमालेका जिल्ला उपाध्यक्ष गुमानसिंह अर्याल तथा नेपाली कांग्रेसका तत्कालीन जिल्ला सचिव आनन्द घिमिरेको पनि सडक छेउ घर बनाएकाले त्यस कार्यको नेतृत्व गर्दै सरकारी निर्णय विरुद्ध सर्वोच्चमा रिट दायर गरियो। सो मुद्दामा सर्वोच्चले क्षतिपूर्ति नदिई घरटहरा नभत्काउन आदेश जारी गरेको छ।

स्थानीय तहको निर्वाचनमा सोही नाराका आधारमा बेंसीशहर नगरपालिकाको मेयर पदमा गुमानसिंह अर्यालले विजयी हुनुभयो। यतिबेला उहाँले बेंसीशहर बजारको ऐतिहासिक स्वरुपलाई जोगाउन र सडक विस्तारबाट हुने क्षति रोक्न विकल्प रोज्नुपर्ने निर्णय गरिएको बताउनुभएको छ। उहाँका अनुसार नगरसभाले बेंसीसहर बजारको बीचबाट सहायक राजमार्ग नलगेर अन्यत्रबाट लैजाने विकल्प खोज्न निर्णयसमेत गरिसकेको छ।

# अतिक्रमण हटेपछि सुन्दर बन्दै बनेपा

काभ्रे, (नेस)

बनेपा नगरपालिका क्षेत्रभित्र पर्ने अरनिको राजमार्ग दायाँबायाँ सडक सीमाभित्रको क्षेत्रलाई व्यवस्थित र सुन्दर बनाउन नगरपालिकाले फुटपाथ अतिक्रमण हटाएको छ। फुटपाथ हटेपछि बनेपा सुन्दर देखिन थालेको छ।

'जनप्रतिनिधि नभएको अवसर छोपी नगरभित्रका फुटपाथ कब्जा गरेर बस्नेहरूलाई २ महिनाअघि देखि सूचना दिएर हट्न अनुरोध गरिएको थियो,' नगरप्रमुख लक्ष्मी नरसिंह बादेले भने- 'अटेर गर्नेलाई कानुनअनुसार कारबाही हुनेछ।' जनप्रतिनिधिहरू निर्वाचित भएदेखि नै राजमार्गको अतिक्रमण हटाई नगरलाई सुन्दर बनाउने अभियान शुरु भएको थियो। बनेपा नगरपालिकामा १३, १४, १०, ११, ८, ७ र ६ नम्बर वडा अरनिको राजमार्गभित्र पर्दछन्। राजमार्गको अतिक्रमण हटाएलगत्तै सहायक मार्ग पनौती जाने सडक, चण्डेश्वरी मार्ग, नाला जाने मार्गलगायतका क्षेत्रहरूको अतिक्रमण हटाइनेछ। सडक डिभिजन कार्यालय भक्तपुरले २०७४ पौष ७ गते र बनेपा नगरपालिकाले २०७४ पौष १३ गते सार्वजनिक सूचना प्रकाशित गरी सडक सीमाक्षेत्र खुला गर्न अतिक्रमणकारीहरूलाई अनुरोध गरेको थियो। सडकको अतिक्रमण गरी लाभ लिनेहरूले पटक-पटक सरकारी नियमको अवज्ञा गर्दै आएका छन्।

नगरपालिका र सडक डिभिजन कार्यालयले दिएको समयसीमा सकिएपछि बसेको नगरको बैठक र सरोकारवालाहरूको अन्तरक्रियाबाट फागुन ९ गतेसम्मको अल्टिमेटम दिने निर्णय गरेको थियो। यात्रुबाहक सवारी साधन नगरपालिकाले व्यवस्था गरेको बसपार्कमा तोकिएबमोजिमको पार्किङ्ग शुल्क तिर्ने गरी अनिवार्य रुपमा पार्किङ्ग गराउने निर्णय भएको छ। तोकिएबाहेक अन्यत्र सडक छेउमा पार्किङ्ग गरेमा कानुनबमोजिम कार बाही गर्ने नगरपालिकाले निर्णय गरेको नगर प्रमुख लक्ष्मीनरसिंह बादेले जानकारी दिए। मालसामान लोड अनलोड गर्नका लागि छुट्टै समय तोकिएको छ। स्थानीय रुटहरूमा चल्ने यात्रुबाहक सवारी साधन मूल सडक दायाँबायाँ निर्माण भएको सर्भिस रोडबाट सञ्चालन गरी तोकिएको स्थानमा यात्रु चढ्ने ओर्लने प्रयोजनका लागि मात्र रोक्न पाइनेछ। निजी सवारी साधनको हकमा आफैंले पार्किङ्गको व्यवस्था गर्नुपर्नेछ। राजमार्ग दायाँबायाँ पार्किङ्ग गर्न पाइनेछैन। फुटपाथमा मोटरसाइकललगायतका सवारी साधन चलाउन तथा व्यापारिक एवं निर्माण सामग्री राख्न थुपार्न पाइनेछैन। राजमार्ग दायाँबायाँ फुटपाथ पसल, ठेलागाडा, व्यापारिक वस्तु राख्ने साइकल, कवाडी वस्तु, निर्माण सामग्रीलगायतका अवरोध पुऱ्याउने चिजवस्तु राख्न पाइने छैन।

सडक छेउमा घर बनाउनुपर्नेले निर्माण सामग्री सडक छेउमा झार्नु थुपार्नुअगाडि नगरपालिकाको अनिवार्य रूपमा पूर्वस्वीकृति प्राप्त गर्नुपर्नेछ। नगरपालिकाले तोकिदिएको समयसम्म मात्र सार्वजनिक आवागमनमा अवरोध नपुग्ने गरी घेरावारा गरेर मात्र त्यस्ता वस्तु राख्नुपर्नेछ। बन्द व्यापार गर्नेले, घर, पसल, कम्पाउन्ड आदिको ढोका, सटर वा कम्पाउन्डभित्र मात्र मालसामान राखी कारोबार गर्नुपर्नेछ। सिँढी, पेटी वा फुटपाथमा कुनै प्रकारका सामान राख्न पाइने छैन। व्यक्ति विशेष वा कुनै निर्माण व्यवसायीले ढुंगा, गिट्टी, रड, कवाड, पानी ट्यांकी वा अन्य कुनै चिजवस्तु अनलोड गरेमा तत्कालै हटाइ सक्नुपर्नेछ। अन्यथा त्यस्ता वस्तु नगरपालिकाले कब्जामा लिई उठाउँदा हटाउँदा लागेको खर्चसमेत सम्बन्धित पक्षबाट असुलउपर गरी लिनेछ।

# युवा पलायन रोक्ने उद्योगमन्त्रीको योजना

नेपाल समाचारपत्र

म्याग्दी



महिला बालबालिका तथा समाजकल्याण मन्त्री थममाया थापाले स्वदेशमा रोजगारी पाइएन भन्दै विदेशिने युवालाई रोजगारी दिन सरकारले ग्राम उद्योग स्थापना गर्ने बताउनुभएको छ। आज प्रेस चौतारी म्याग्दीले बेनीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उहाँले स्थानीय तहमा ग्राम उद्योग स्थापना गरी रोजगारीको अवसर सिर्जना गरिने बताउनुभएको हो।

मन्त्री थापाले ग्राम उद्योगको स्थापना गरेर आर्थिक-सामाजिक रुपान्तरण गर्नसक्ने दक्ष जनशक्ति उत्पादन गरिने बताउँदै हरेक प्रदेशमा एउटा-एउटा विश्वविद्यालयको पनि स्थापना गरिने बताउनुभयो। उहाँले कृषि, पर्यटन, जलविद्युत् र ऊर्जा क्षेत्रको योजना बनाएर त्यसलाई व्यवस्थित ढङ्गले कार्यक्रममार्फत सञ्चालन गरिने बताउनुभएको छ। उहाँले देशमा भएको प्राकृतिक स्रोतसाधनको परिचालन गरी क्रमबद्ध तरिकाबाट विकास गरिने बताउनुभयो।

मन्त्री थापाले वर्तमान सरकारका नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मधेसी जनअधिकार फोरमलाई पनि सरकारमा सहभागी बनाइने जानकारी दिनुभयो। उहाँले २ तिहाई बहुमतको सरकारले विगतमा भएका त्रुटिलाई सच्याउन, अव्यवहारिक निर्णयलाई कार्यान्वयन हुन नदिने गरी प्रष्ट नीति बनाउन र बलियो सरकार सञ्चालनका लागि दुई तिहाइको सरकार बनाउने पहल भइरहेको जानकारी दिनुभयो। मधेसी दलका मागलाई संविधान संशोधनमार्फत सम्बोधन गरेर भए पनि सरकारलाई ५ वर्षसम्म स्थिर बनाउन छलफल भइरहेको उहाँले बताउनुभयो।

मन्त्री थापाले अहिलेसम्मका सरकार अल्पमतका भएकाले पनि जनताको भावनाअनुसार काम गर्न नसकिएको बताउँदै विकास निर्माणमा देखिएका ढिलासुस्तीको अन्त्य गर्न टेन्डर प्रक्रियामा थप कडाइ गरिने बताउनुभएको छ। केन्द्र, प्रदेश र स्थानीय तहबाट हुने विकास निर्माणसहितका कार्यहरूलाई प्रभावकारी अनुगमन तथा गुणस्तरीय बनाउन पहल गरिने उहाँको भनाइ छ।

गैरसरकारी संस्थालाई कडाइ गरिने बताउँदै एउटै कार्यक्रमलाई विभिन्न गैससले काम गरेर बजेटको दुरुपयोग गरेको भन्दै अब विगतमा जस्तो हुन नदिने मन्त्री थापाले बताउनुभयो। हरेक स्थानीय तहमा उद्योग, प्राविधिक शिक्षालयका लागि सरकार गठन भएकै दिन निर्णय भएको बताउँदै त्यसका लागि स्थानीय जनप्रतिनिधिहरूबाट सहयोगको आवश्यकता रहेको बताउनुभयो। उहाँले जिल्लाको विकास निर्माणका लागि आफूले सक्दो पहल गर्ने प्रतिवद्धता पनि जनाउनुभएको छ।

## विमा कार्यक्रम संकटमा

# दैनिक पाँच पशुको मृत्यु

नेपाल समाचारपत्र

काभ्रे

२०५५ सालबाट समुदायमा शुरू गरिएको सामुदायिक बिमा कार्यक्रम सरकारी अनुदान नहुँदा संकटमा पुगेका छन्। सरकारले बिमा कम्पनीलाई मात्रै अनुदान उपलब्ध गराएपछि सामुदायिक र सहकारी बिमा दुबै संकटमा परेको सरोकारवालाहरूले बताएका छन्।

बनेपा नगरपालिका पशुपंक्षी शाखाले आयोजना गरेको पशुबिमा अभिमुखीकरण कार्यक्रममा सामुदायिक र सहकारीबाट सञ्चालित पशुधन बिमा समितिका प्रतिनिधिहरूले उक्त गुनासो राखेका हुन्। जिल्लामा तत्कालीन जिल्ला विकास समितिको सहयोगमा २०५५ सालबाट बिमा कार्यक्रम शुरु भई २ वर्षअघिसम्म ४४ वटा बिमा समितिमार्फत पशुहरूको बिमा गरिएको थियो। सरकारले सामुदायिक र सहकारीमार्फत सञ्चालन गरिएका बिमा समितिहरूलाई अनुदान दिन बन्द गरेको छ। कम्पनीमार्फत भएको बिमामा मात्रै ७५ प्रतिशत अनुदान उपलब्ध गराएपछि कृषकहरू मर्कामा परेका छन्। 'जिल्लामा १३ वटा स्थानीय सरकार छन्, भए जति सबै बिमा कम्पनी शहरी क्षेत्रमा थुप्रिएका छन्', बिमा समितिमा संयोजक दिपकप्रसाद पौड्यालले भने- 'कम्पनीहरू गाउँगाउँ जानुपर्‍यो, नभए भएका बिमा समितिहरूलाई पनि राज्यले अनुदान उपलब्ध गराउनुपर्‍यो।'

बनेपा नगरपालिकाको वडा नम्बर १ र २, ३ र ४, १० र ११, १३ र १४ वडामा सामुदायिक बिमा समितिहरू कृयाशील छन्। बिमा समितिका अध्यक्षहरू बिदुर गिरी, मुकुन्द शर्मा, सीता दंगाल, सुन्दरी थापालगायतले सरकारले कम्पनीलाई उपलब्ध गराउँदै आएको बिमा अनुदान सामुदायिक र सहकारीमार्फत सञ्चालन भएका बिमालाई पनि उपलब्ध गराउन माग गरे। २५ प्रतिशत कृषकले लगानी गरेको रकममा सरकारले गरेको ७५ प्रतिशतका आधारमा बिमा रकम कम्पनीहरूले भुक्तानी गर्दै आएका छन्। सामुदायिक बिमामार्फत ८० प्रतिशत रकम उपलब्ध गराउँदै आएको भए पनि एकैपटक पशुको महामारी फैलँदा भुक्तानी दिन सम्भव नभएको सामुदायिक बिमा समितिका प्रतिनिधिहरूले बताएका छन्।

जिल्ला पशुसेवा कार्यालय काभ्रेका प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा. नारायणबहादुर श्रेष्ठले गत आर्थिक वर्षको अन्त्यसम्ममा गाई १६ सय ७०, भैंसी १६ सय ५१, बाख्रा ५ सय ६, बंगुर ७० र कुखुरा २३ हजार १ सय गरी २७ करोड ५७ लाख रुपियाँको बिमा भएको जानकारी दिए। अघिल्लो वर्ष उक्त संख्या आधा मात्रै थियो। जसमा १४ करोड ३४ लाख रुपियाँको बिमा गरिएको थियो। चालु वर्षको पहिलो चौमासिकमा गाई ६ सय २, भैंसी ५ सय ६, बाख्रा ४ र कुखुरा ५९ सय २८ गरी ८ करोड २७ लाख रुपियाँको बिमा गरिसकिएको छ। ९ वटा कम्पनीमार्फत भएका बिमा गरिएका पशुहरूमध्ये दैनिक ५ वटाको मृत्यु हुने गरेको डा. श्रेष्ठले जानकारी दिए।

जिल्लामा ४३ वटा सहकारीले उप-समिति गठन गरी बिमा गर्न शुरु गरेका थिए भने ११ वटा पशु बिमा सहकारी दर्ता भएर सञ्चालनमा आएका छन्। त्यस्तै ९ वटा कम्पनी र ४४ वटा सामुदायिक बिमा समितिहरूमार्फत बिमा हुने गरे पनि पछिल्लो वर्षदेखि सरकारले कम्पनीमार्फत मात्रै बिमा गरिएको पशुहरूलाई अनुदान रकम उपलब्ध गराउँदै आएको छ। कार्यक्रममा बनेपा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरे, पशुपंक्षी शाखाका श्यामनारायण महतो, पनौतीका मणिप्रसाद सापकोटा, वडा अध्यक्षहरूलगायतको सहभागिता रहेको थियो।

हार्दिक श्रद्धाञ्जलि



जन्म:
१९८८/०३/१४

स्वर्गारोहण:
२०७४/११/०७

स्व. प्रताप बहादुर के.सी

यस कुलायन समाजका अतिमिलनसार मृदभाषी पूर्वउपसचिव **स्व. प्रताप बहादुर के.सी.**(परराष्ट्र मन्त्रालय) मेनुका के.सीको पति विश्वजित के.सीको बुवा सविना र मिनाकक्षी के.सीको ससुराबुवा स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा ईश्वरले धैर्य धारणा गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

**कमान्डिन कर्णेल फौदसिंह खत्री**
**कुलायन समाज परिवार**

2018, MAR Friday 2

# विश्व

**पक्राउ**

अफगानिस्तानको हेल्मान्द प्रान्तमा तालिवानका सल्लाहकार जर्मनलाई पक्राउ गरिएको छ।



**पाठ**

चीनको सञ्चारमाध्यमले सार्वजनिक गरेको एक बालकले लिफ्टभित्र पिसाब फेरिरहेको तस्वीरमार्फत अभिभावकहरूले अनुशासनको पाठ सिकाउनुपर्ने बताइएको छ।




## विश्व २ मिनेट

### म्यान्मार

#### सुकीलाई चेतावनी

यांगुन, (एजेन्सी)

नोबेल पुरस्कार विजयी तीन जना अन्तर्राष्ट्रिय व्यक्तिले आफ्ना समकक्षी तथा म्यान्मारका प्रजातन्त्रवादी नेतृ आङ सान सुकीलाई बुधबार एक पत्र पठाएर रखाइन राज्यका अल्पमत मुस्लिम समुदाय रोहिंग्याको हिंसा र हत्या रोक्न वा कानुनी कारबाही भोग्न तयार रहन चेतावनी दिएका छन्। इरानका सिरिन एवादी, यमनका तावाक्कोल कार्मान र नर्दन आयरल्यान्डका माइरेड म्याग्वेरेले सो सेतावनी दिएका हुन्। तिनीहरू अहिले म्यान्मारबाट विस्थापित करिब सात लाख रोहिंग्यालाई भेट्न बंगलादेश पुगेका छन्। तिनीहरूले आफूहरूले म्यान्मार सरकारलाई अन्तर्राष्ट्रिय न्यायालयमा तान्ने योजना बनाइरहेको पनि बताएका छन्।

### अफगानिस्तान

#### जर्मन तालिवान पक्राउ

काबुल, (एजेन्सी)

अफगान सुरक्षा फौजले बिहीबार दक्षिणी हेल्मान्द प्रान्तमा लामो समयदेखि कट्टरपन्थी इस्लामिक समूह तालिवानको सल्लाहकारको भूमिका निभाउँदै आएका एकजना जर्मनलाई गिरफ्तार गरेको छ। गेरेस्क जिल्लाको एउटा बम निर्माण केन्द्रमा छापा मार्ने क्रममा उनलाई अन्य तीन जना आशंकित लडाकूसहित पक्राउ गरिएको स्थानीय सञ्चारमाध्यमले पुष्टि गरेको छ। उनको थप परिचय खुलेको छैन। जर्मन बोल्ने उनले आफू जर्मनी नागरिक भएको दाबी गरेको अधिकारीहरूले बताएका छन्। हेल्मान्दको ठूलो भू-भाग अझै तालिवानको नियन्त्रणमा रहेको छ।

### अमेरिका

#### विषाक्त खाम

वासिङ्टन, (एजेन्सी)

वासिङ्टननजिकै रहेको अमेरिकी सैन्य अड्डामा संदिग्ध पदार्थ राखिएको एक खाम खोल्दा ९ जना नौसैनिकसहित ११ जनाको स्वास्थ्य खराब भएको बताइएको छ। एफबीआईले उक्त घटनाको जाँच शुरू गरेको छ। उक्त पत्र भर्जिनियाका आर्लिङ्टनस्थित जोइन्ट बेस फोर्ट मायर हेडरसन हलमा प्राप्त भएको थियो। उक्त खाम एक जना सर्जेन्टले खोलेका थिए। खामको सम्पर्कमा आएकाहरूले हात र अनुहार चिलाउने र नाकबाट रगत बग्नेजस्ता समस्या भएको गुनासो गरेको एक नौसैनिक अधिकारीले बताए। खामको जाँचमा हानिकारक पदार्थ फेला नपरेको भए पनि अहिले एफबीआईले परीक्षण गर्न प्रयोगशाला लगेको छ।

### पाकिस्तान

#### भारत असहिष्णु

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानले इन्डियन मोसन पिक्चर्स प्रोस्युडर्स एसोसिएसनद्वारा पाकिस्तानका कलाकारमाथि लगाएको प्रतिबन्ध जारी राख्नु निन्दनीय भएको जनाएको छ। भारतको उक्त कदम पाकिस्तानविरुद्ध पूर्वाग्रह भएको जनाएको छ। दुई देशका जनतालाई एक गर्ने कला र सिनेमालाई पनि बन्धक बनाएर घृणा फैलाउने काम गरिरहनु दुर्भाग्यपूर्ण भएको पाकिस्तानका विदेश मन्त्रालयका प्रवक्ता मुहम्मद फैसलले बताए। पाकिस्तानी तीर्थयात्रीलाई भिसा जारी नगर्नु, तीर्थयात्रीलाई पाकिस्तान जान रोक्नु र खेलका म्याचहरू रद्द गरेपछिको यस फैसलाले भारतको बढ्दो असहिष्णुता र पूर्वाग्रहलाई दर्शाएको उनले बताए

# रसियासँग अभेद्य क्षेप्यास्त्र छ : पुटिन

मस्को, (एजेन्सी)



रसियाले एउटा नयाँ अभेद्य क्रुज क्षेप्यास्त्रको विकास गरेको रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार दाबी गरेका छन्। उनले आफ्नो चौथो राष्ट्रपतीय कार्यकालका लागि महत्त्वपूर्ण राष्ट्रिय नीतिहरू अघि सार्ने क्रममा यो खुलासा गरेका हुन्।

आगामी सत्र दिनपछि हुन गइरहेको राष्ट्रपतीय चुनाव पुटिनले सजिलैसँग जित्ने अनुमान गरिएको छ। उनले रसियाका नयाँ तथा अत्याधुनिक एवम् शक्तिशाली हतियारहरूको विवरण पेस गर्ने क्रममा उक्त क्रुज क्षेप्यास्त्र विश्वको जुनसुकै स्थानमा पुग्न सक्षम भएको समेत दाबी गरेका छन्।

भिडियो प्रस्तुतीकरणका क्रममा पुटिनले युरोप र एसियामा सो क्रुज क्षेप्यास्त्रलाई संयुक्त राज्य अमेरिकाको प्रतिक्षेप्यास्त्र प्रणालीले कुनै पनि हालतमा छेक्न नसक्ने पनि दाबी गरेका छन्। साथै अत्याधुनिक प्रविधिको यो क्षेप्यास्त्र सम्पूर्ण क्षेप्यास्त्र प्रतिरक्षा र वायु प्रतिरक्षा सामना गर्न सफल भएको बताइएको छ।

पुटिनले आणविक हतियार बोक्ने तथा पनडुब्बीबाटै प्रहार गर्न सकिने लामो दूरी क्षमताको क्षेप्यास्त्रबारे पनि उल्लेख गरेका छन्। पुटिनले संसद्‌को दुवै सदनलाई दुई घण्टासम्म टेलिभिजनमार्फत सम्बोधन गरेका थिए।

# तालिवानसँग निसर्त वार्ताका लागि काबुल तयार

## राजनीतिक संगठनको मान्यता दिने

काबुल, (एजेन्सी)

अफगानिस्तानमा विगत १६ वर्षदेखि जारी संघर्ष अन्त्य गर्ने प्रयास स्वरूप राष्ट्रपति असरफ गानीले एक महत्त्वपूर्ण प्रस्ताव ल्याएका छन्। उक्त राजनीतिक प्रस्तावमा गानीले तालिबानसँग निसर्त वार्ता गर्न काबुल तयार रहेको उल्लेख गर्दै उक्त विद्रोही समूहलाई वैध राजनीतिक समूहका रूपमा मान्यता दिने उल्लेख गरेका छन्।

राष्ट्रपति गानीले तालिबानसँग बिना पूर्वसर्त वार्ताको प्रस्ताव राखेका छन्। शान्ति वार्ताका लागि प्लेटफर्म तयार गर्ने उद्देश्यले एक अन्तर्राष्ट्रिय सम्मेलन पनि शुरू भएको छ। उक्त सम्मेलनमा २५ देशका प्रतिनिधिहरू सहभागी रहेका छन्।

गानीले संघर्षविरामको प्रस्ताव राख्दै अन्य कयौं महत्त्वपूर्ण घोषणा गरेका छन्। तालिबानसँगको सम्झौता अनुरूप घोषणामा कैदीहरूको रिहा, विद्रोहीहरूको सहभागितासहित पुनः चुनाव गर्ने र संविधानको समीक्षा गर्ने उल्लेख गरेका छन्।



सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै गानी भने- 'हामी शान्ति सम्झौतालाई अगाडि बढाउन बिना पूर्वसर्त यो प्रस्ताव राखेका छौं।' उनले यस प्रक्रियामा तालिबानले चाँडै आफ्नो योगदान दिने अपेक्षा व्यक्त गरे।




यसको उद्देश्य तालिवानलाई एक संगठनका रूपमा शान्ति वार्ताका लागि अगाडि ल्याउनु रहेको उनले बताए। गानीले वार्ताका लागि तालिबान काबुल वा कुनै अन्य स्थानमा आफ्नो राजनीतिक कार्यालय खोल्न सक्ने प्रस्ताव गरेका छन्।

काबुल प्रक्रियालाई अमेरिका, भारत र अफगानिस्तानबीच पनि वार्ता भइसकेको छ। भारतले यस प्रक्रियामा कुनै आपत्ति नजनाएको भए पनि अमेरिका वार्ता प्रति सशंकित रहेको संकेत दिएको छ। तालिवानलाई लिएर 'आतंकवादी' वा 'विद्रोही' संज्ञा दिँदै आइरहेका अफगान राष्ट्रपतिको यो घोषणालाई उनको परिवर्तित नीतिका रूपमा लिइएको छ।

सन् २००१ मा अमेरिकी सैनिकद्वारा सत्ताच्यूत गरेदेखि तालिवान इस्लामिक शासन बहाली गर्न संघर्ष गरिहेका छन्। तालिवानले अमेरिकासँग वार्ता शुरू गर्ने कुरा त गरेको छ तर अहिलेसम्म काबुलसँग सीधा वार्ता गर्न अस्वीकार गर्दै आइरहेको छ। काबुलको पछिल्लो प्रस्ताव र अन्तर्राष्ट्रिय दबाबमा तालिवानको नीतिमा कुनै परिवर्त आउनसक्ने अपेक्षा गरिएको छ।

तालिवानले ऊमाथि मित्र देशहरूका तर्फबाट वार्ता स्वीकार्न चर्को दबाब आइरहेको जनाएको छ। गानीले आफ्नो प्रस्तावको बदलामा तालिवानले अफगान सरकार स्वीकार्नु पर्ने र कानुनी शासनको सम्मान गर्नुपर्ने बताए

# स्तनपानको तस्वीर विवादास्पद




नयाँदिल्ली, (एजेन्सी)

भारतको एउटा पत्रिकाको मुखपृष्ठमा छापिएको एक मोडल महिलाले बच्चालाई स्तनपान गराइरहेको तस्वीर सामाजिक सञ्जालमा विवादास्पद हुन पुगेको छ। भारतको केरला राज्यबाट प्रकाशित हुने गरेको गृहलक्ष्मी नामक पत्रिकामा मोडल गिलु जोसेफले सीधा क्यामेरातर्फ हेरेर बच्चालाई स्तनपान गराइरहेको तस्वीर छापिएको हो।

तस्वीरमाथि लेखिएको छ- 'आमाहरू केरलालाई भन्छन्- क्वारक्वार्ती नहेर्नु, हामी स्तनपान गराउन चाहन्छौं।' सम्भवतः भारतको कुनै पनि पत्रिकाको मुखपृष्ठमा यसरी कुनै पनि महिलाले स्तनपान गराइरहेको तस्वीर छापिएको यो पहिलो घटना हुनुपर्ने बताइएको छ।

तर सो तस्वीरकी मोडल आफैमा वास्तविकतामा आमा नभएकाले विवाद सृजना भएको हो। गृहलक्ष्मीका सम्पादकले आमाहरूले सार्वजनिकस्थलमा पनि आफ्ना सन्तानलाई स्तनपान गराउनुपर्ने आवश्यकतालाई प्रचारप्रसार गराउने उद्देश्यले यो तस्वीर प्रयोग गरिएको बताएका छन्।

भारतमा गत महिना एक जना पुरुषले यसरी महिलाहरूलाई सार्वजनिक स्थलमा स्तनपानका लागि प्रोत्साहित गर्ने उद्देश्यले आफ्नी पत्नीले स्तनपान गराइरहेको तस्वीर फेसबुकमा पोस्ट गरेका थिए।

# नोबेल शान्ति पुरस्कारका लागि ट्रम्पको नामांकन फर्जी हुन सक्ने



वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नाम नोबेल शान्ति पुरस्कारका लागि प्रस्तावित भएको समाचार फर्जी हुन सक्नेमा नोबेल पुरस्कार समितिले चिन्ता व्यक्त गरेको छ।

नर्वेस्थित उक्त समितिले यस सम्बन्धमा प्रहरीमा उजुरी दिएको छ। समाचारमा राष्ट्रपति ट्रम्पको नाम उनको 'बलपूर्वक शान्तिको विचारधारा'का लागि एक अज्ञात अमेरिकीले प्रस्तावित गरेका हुन्। नोबेल संस्थानका निर्देशक ओलाभ नियालस्टेडले ट्रम्पको नाम दिएको कुरा झुठो हुन सक्नेमा चिन्ता व्यक्त गरेका थिए। उनले नर्वेको टेलिभिजन एनआरकेलाई ट्रम्पको नामाकरण फर्जी हो भन्ने तथ्यलाई मान्ने आफूहरूसँग ठोस कारण भएको बताएका छन्।

उनले भने- 'सम्भवतः त्यसरी फर्जी नामांकन गत वर्ष पनि भएको थियो। नोबेल शान्ति पुरस्कारको नामांकन हरेक वर्ष जनवरी ३१ सम्ममा दिनुपर्नेछ र विजेताको घोषणा अक्टोबरको शुरुआतमा गरिनेछ।'

यसका लागि नाम अगाडि बढाउने अधिकार अत्यन्त सीमित व्यक्तिमा हुन्छ। नाम प्रस्ताव गर्न पाउने अधिकार प्राप्त व्यक्तिहरूमा संसद् तथा सरकारका सदस्य, पूर्वनोबेल विजेता र केही विश्वविद्यालय प्रोफेसर पर्छ।

सन् २००९ मा अमेरिकी राष्ट्रपति बाराक ओबामालाई नोबेल शान्ति पुरस्कार प्राप्त भएको थियो। उनलाई यो पुरस्कार जनताबीच अन्तर्राष्ट्रिय कूटनीति र सहयोग बलियो बनाउने असाधारण प्रयास गरेकामा प्रदान गरिएको थियो।

सन् २०१२ मा नोबेल शान्ति पुरस्कार युरोपेली संघलाई स्वयंलाई युद्धको महाद्वीपबाट शान्तिको महाद्वीपमा रूपान्तरण गर्न सफल भएकामा प्रदान गरिएको थियो।

सन् २०१७ को नोबेल शान्ति पुरस्कार परमाणु हतियार विरोधी समूह 'इन्टरनेसनल क्याम्पेन टु अबोलिस न्युक्लियर वेपन्स'लाई प्रदान गरिएको थियो।

# शृंखलाबद्ध बलात्कारी हजुरबुबा पक्राउ

पेरिस, (एजेन्सी)

फ्रान्सका एक हजरबुबाले बिहीबार असी दशकयता फ्रान्स र बेल्जियममा करिब ४० जना महिलालाई यौन उत्पीडन र बलात्कार गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ। नाम नखुलाइएका विवाहित ५७ वर्षीय ती व्यक्तिलाई गत साता बेल्जियममा एकजना युवतीको बलात्कारमा प्रयोग भएको कार उनीसँग सम्बन्धित भएको सिलसिलामा पक्राउ गरिएको थियो।

अन्य १९ वटा आक्रमणमा प्राप्त प्रमाण नमुनाहरूमा उनको डीएनए परीक्षण मिलेको बताइएको छ। यस घटनाको कारण फ्रान्सको उत्तरी शहर पोन्ट-सुर-साम्बरेका बासिन्दा यस घटनाबाट स्तब्ध भएका छन्। त्यहाँका मेयर मिचेल डिट्रेटले ती हजुरबुबा निकै लोकप्रिय व्यक्ति भएको जानकारी दिएका छन्। तीन सन्तानका पिता तथा चौकीदारीको काम गर्ने ती व्यक्ति एउटा स्थानीय फुटबल क्लबको अध्यक्ष रहेको भन्दै फ्रेन्च सञ्चार माध्यमले उनको नाम डिनो स्काला भएको पनि पुष्टि गरेको छ।

पछिल्ला दशकका निकै कुख्यात शृंखलाबद्ध बलात्कारीमध्ये एक मानिने उनलाई 'दि सेपिस्ट अफ साम्बरे'को उपनाम दिइएको छ। सरकारी वकिल जिन-फिलिप्पे भिसेन्टिनीले हातमा पन्जा र मुखमा मास्क लगाउने उनले प्रायशः बिहान सबेरै महिलाहरूलाई पछाडिबाट हमला गर्ने गरेको र उनी यस्तो कार्य नगरी बस्नै नसक्ने स्वभावबाटै पीडित भएको पनि बताएका छन्।

सन् १९८८ देखिको यस्तो बलात्कारको घटनामाथि बल्ल सन् १९९६ मा अनुसन्धान शुरू भएको बताइएको छ। प्रहरी सूत्रलाई उद्धृत गर्दै एएफपी समाचार निकायले उनका पीडित एक जना १३ वर्षीया भएको र अन्य थुप्रै १७ वर्षीया भएको बताएको छ।

अनुसन्धानको क्रममा प्रहरीले करिब सय जनाको डीएनए नमुना संकलन गरेको थियो। गत ५ फेब्रुअरीमा सीमा शहर एर्क्वेलिन्नेसमा एक कलिलो उमेरकी महिलामाथि बलात्कार हुँदा बेल्जियमको सुरक्षा क्यामेराभित्र उनको सवारी साधन कैद हुन पुगेको थियो।

**नेपाल सरकार**
**जनसंख्या तथा वातावरण मन्त्रालय**
**नवलपरासि तथा चितवन जिल्लामा प्रस्ताबित बालमिकि आश्रम-त्रिवेणिधाम झोलुङ्गे पुलको वातावरणी प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागी आह्वान गरिएको**

**सार्वजनिक सूचना**

**प्रथम पटम प्रकाशित मिति २०७४/११/१६**

प्रताबक श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले चितवन जिल्लाको माडी नगरपालिका र नवलपरासी जिल्लाको विनयी त्रिवेणी गाँउपालिकाको सिमानामा पर्ने नारायणी नदीमा झोलुङ्गे पुल निर्माणका लागी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेश गरेको छ। प्राप्त प्रस्ताव अनुसार पुलमो लम्काई ४६९.९२ मि.चौडाई १.२ मि.रहने र २ वटा ३५.२१ मि. अग्ला फलामे टावरहरु रहनेछन। यस पुलको बाँया किनारामा चितवन राष्ट्रिय निकुञ्ज र दाँया किनारामा सोही निकुञ्जको मध्यवर्ती क्षेत्र पर्दछ। यस पुलले माडी नगरपालिका र विनयी त्रिवृणी गाँउपालिका विच जोड्ने तथा प्रशिद्ध धार्मिक स्थल त्रिवेणीधामसम्म पहुच सहज बनाउनेछ।

वाताबरण संरक्षण ऐन , २०५३ को दफा ६ बमोजिम यस प्रतिवेदनमा राय-सुझाब दिनका लागी सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजाउन पाउने ब्यवस्था रहेकोले वाताबरण संरक्षण नियमावली, २०५४ को नियम ११ (२) बमोजिम यो प्रतिवेदन निम्न स्थानहरुमा सार्वजनिक गरिएको छ। प्रतिवेदन उपयुक्त राय सुझाब प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताब कार्यान्वयनका लागी स्वीकृती दिने क्रममा त्यस्ता राय-सुझाबहरुलाई समेत ध्यानमा राख्नेछ। उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधरण ब्यक्ति वा संस्थाको कुनै राय-सुझाब भए यो सूचना यस दैनिकमा प्रथम पटक प्रकाशन भएको मितिले तीस (३०) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनुहुन यसै सूचनाद्धारा आव्हान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:**

श्री जनसंख्या तथा वातावरण मन्त्रालयको पुस्तकालय, सिंहदरवार, काठमाडौ
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाडौं
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रिय पुस्तकालय, किर्तिपुर, काठमाडौं।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरवार, काठमाडौं।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, एकान्तकुना, ललितपुर।
श्री माडी नगरपालिको कार्यालय, चितवन।
श्री विनय त्रिवेणी गाँउपालिका, नवलपरासी।

**राय सुझाव पठाउने ठेगाना**
**जनसंख्या तथा वातावरण मन्त्रालय, वातावरण मुल्यांकन शाखा,सिंहदरवार, काठमाडौं।**
**फो.नं. ०१-४२११६४१, ४२११५८६, ४२११६३८ फ्याक्स नं. ०१-४२११९५४**

गत वर्ष कमलको काँचो डाँठ प्रतिकिलो ४ सय, त्यसको चाना प्रतिमाना ६ सय र प्रतिगेडा १० रुपियाँमा बिक्री-वितरण भएको थियो। कमलको डाँठ, त्यसबाट बनाइएको चाना र गेडा सेवन गर्नाले जन्डिस रोग निको हुन्छ भन्ने विश्वास छ।

# चालकद्वयलाई जनही १ लाख ५ हजार

मोतीराम तिमल्सिना, काभ्रे



नेपाल यातायात स्वतन्त्र मजदुर संगठन धुलिखेल रुट इकाइले इमानदार, अनुशासित र जेष्ठ मजदुरलाई जनही १ लाख ५ हजारका दरले दुई जनालाई सम्मान गरेको छ भने उत्कृष्ट चालक र परिचालकलाई सम्मान गरेको छ।

संगठनका केन्द्रीय अध्यक्ष भीमज्वाला राई र धुलिखेल नगरपालिकाका प्रमुख अशोक व्याञ्जुले जेष्ठ मजदुर सदस्यद्वय शंकर श्रेष्ठ र अशोक श्रेष्ठलाई दोसल्ला, सम्मानपत्र र नगद रु. १ लाख ५ हजारसहित सम्मान गरेका थिए।

संगठनले यसअघि ११ जना मजदुरलाई जनही १ लाख ५ हजारका दरले सम्मान गर्दै आएको छ। यो वर्षको सम्मान १२ र १३औं जेष्ठ मजदुर सम्मान रहेको अध्यक्ष अर्जुन लामाले बताए। 'संगठनमा आबद्ध भएर इमानदार, अनुशासित हुँदा उत्साह थपियोस् भन्ने उद्देश्यले हरेक वर्ष दुई जना जेष्ठ सदस्य, तीन जना उत्कृष्ठ चालक र दुई जना परिचालकलाई नगदसहित सम्मान गरिएको हो' -अध्यक्ष लामाले भने।

१२औं सम्मानबाट जेष्ठ सदस्य शंकर श्रेष्ठलाई सम्मान गरिएको हो। ३१ वर्षदेखि अरनिको र बीपी राजमार्गमा बस चलाउँदै आएका श्रेष्ठले बा४ख ५८३५ नम्बरको बस चलाइरहेका छन् भने १३औं सम्मानबाट सम्मानित कृष्ण श्रेष्ठ पनि ३१ वर्षदेखि सोही रुटमा बस चलाउँदै आएका छन्। उनले बा१ख ६३११ नम्बरको बस चलाएका छन्। उत्कृष्ट चालकहरूमा ना२ख १६१७ का श्यामकृष्ण शाही, बा१ख ७९५२ का सुदीप तामाङ, बेनकाजी शाही रहेका छन्। त्यस्तै परिचालकमा रामशरण केसी र सुजित तामाङ रहेका छन्। उनीहरूलाई नगद २ हजार ५ सय, सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

त्यस्तै नेपाल यातायात स्वतन्त्र मजदुर संगठन पनौती रुट इकाइले उत्कृष्ट चालकहरू हरि अधिकारी, भूपेन्द्र श्रेष्ठ, बुद्ध तामाङ, राजु कुटुव र मिलन तामाङलाई सम्मान गरेको छ भने राम मानन्धर, नवराज आचार्य र राजीव विकलाई उत्कृष्ट परिचालकका रूपमा संगठनका केन्द्रीय महासचिव नवराज घिमिरे, कार्यवाहक अध्यक्ष जगत्बहादुर श्रेष्ठ, काभ्रे मिनीबस सेवा समितिका अध्यक्ष राजेशसुन्दर सैंजुले सम्मानपत्र र दोसल्लाले सम्मान गरेका थिए।

मजदुर संगठनले हरेक वर्ष फागुपूर्णिमाको अवसर पारी मजदुरहरूलाई सम्मान गर्दै आएको छ। धुलिखेलमा आयोजित कार्यक्रममा बोल्दै संगठनका अध्यक्ष भीमज्वाला राईले सरकारले सवारीसाधन बर्सेनि झण्डै ५ लाखको संख्यामा भित्र्याउने र सडक एक सय किलोमिटर पनि नबढाउँदा ट्राफिक जाम, दुर्घटना र अराजकता भित्रिएको बताए।

सुशील कोइराला नेतृत्वको सरकारले ल्याएको मजदुरविरोधी कानुन खारेजको माग गर्दै राईले सडक सुरक्षाका लागि निजी क्षेत्रबाट भएको यातायात क्षेत्रको लगानीलाई समेत सुनिश्चित गर्न मजदुरविरोधी ऐन र कानुन तत्काल खारेज गर्नुपर्ने बताएका थिए। नगर प्रमुख अशोक व्याञ्जुले सम्मान गर्ने र सम्मानित हुने गरी मजदुर क्षेत्रको समस्यालाई समाधान गर्नुपर्ने बताए।

कार्यक्रममा अध्यक्ष अर्जुन लामा, केन्द्रीय उपाध्यक्ष विष्णु लामा, मजदुर इन्जार्च केशवमणि पौड्याल, काभ्रे बस व्यवसायी संघका अध्यक्ष दिलबहादुर शाही, हिमाल तराई यातायात सेवा समितिका अध्यक्ष आत्मराम थापालगायतले मजदुरका हकहितका बारेमा धारणा राखेका थिए। पनौतीमा आयोजित कार्यक्रममा केन्द्रीय महासचिव नवराज घिमिरे, काभ्रे मिनीबस सेवा समितिका अध्यक्ष राजेशसुन्दर सैंजु, जिफन्ट अध्यक्ष विदुर खत्री, संगठनका कार्यवाहक अध्यक्ष जगत्बहादुर श्रेष्ठ र सचिव शेषनाथ घिमिरेलगायतले मन्तव्य राखेका थिए।

# कमलबाट आएको आम्दानी गाउँपालिकामा

धनवीर दाहाल, रुकुम

जथाभावीरूपमा कमलको डाँठ तथा फल निकाल्ने परम्परालाई सिस्ने गाउँपालिका रुकुमपूर्वले नियन्त्रण गरेको छ। विगतका वर्षहरूमा रुकुमपूर्वको सिस्ने गाउँपालिका स्थित कमल दहबाट जथाभावी कमलको डाँठ तथा फल निकाल्ने गरिन्थ्यो। तर, यस वर्षदेखि गाउँपालिकाले नियन्त्रण गरेपछि स्थानीयमा पनि खुसी छाएको छ।

कमलको डाँठ तथा फलको आम्दानी अब राज्य कोषमा आउने भएको छ। सिस्ने गाउँपालिकाले कमलबाट हुने आम्दानीलाई अब गाउँपालिका मातहत ल्याउन प्रक्रिया थालेको छ। यसअघि मनपरी ढंगले कमलको डाँठ तथा त्यसको गेडा निकाल्ने र बिक्री-वितरण हुने गरेकामा अब भने त्यसलाई व्यवस्थित गर्न थालिएको छ।

सिस्ने गाउँ कार्यपालिकाको बैठकले कमल दहमा रहेका मलको डाँठ र कमलको गेडा निकाल्ने र बिक्रीलाई व्यवस्थित गर्ने भन्दै टेन्डर आह्वानसमेत गरेको छ।

न्यूनतम १ लाख ५० हजारमा कमलको डाँठ, गेडा निकाल्ने र बिक्री गर्नका लागि टेन्डर आह्वान गरिएको सिस्ने गाउँपालिकाका प्रवक्ता जीवन केसीले बताए। मूल्य बढाबढका आधारमा त्यो तोकिएको भन्दा बढीमा पनि कसैले ठेक्का लिन सक्ने केसीले बताए। मनपरीरूपमा कमलको डाँठ निकालिने र बिक्री-वितरण हुने भएकाले यसअघि नै कमल दहबाट कमल निकाल्न बन्द गरिएको थियो।

यसअघि स्थानीयले आफूखुसी कमल निकाल्ने खाफू खाने तथा बिक्री-वितरण गर्ने भएकाले त्यसबाट कति आम्दानी हुन्छ भन्ने एकिन नभए पनि त्यसबाट राम्रो आम्दानी हुने अनुमान गरिएको प्रवक्ता केसीको भनाइ छ।

गाउँपालिकाको अग्रसरतामा यो वर्ष हालसम्म पनि दहबाट कमल निकाल्न दिइएको छैन। यसअघि माघ महिनाबाटै कमल निकाल्न थालिहाल्ने चलन थियो। माघ महिनाबाट चैत महिनासम्म कमल निकाल्ने गरिन्छ। कमलको डाँठ, त्यसबाट बनाइएको चाना र गेडा सेवन गर्नाले जन्डिस रोग निको हुन्छ भन्ने विश्वास छ।

जन्डिसको उपचारका लागि भन्दै दाङ, नेपालगन्ज, काठमाडौंलगायतबाट कमलको काँचो डाँठ, चाना र गेडा किन्न आउने तथा तथा मगाउने गर्दछन्। कमलको काँचो डाँठ र त्यसको चाना खानका लागि पनि स्वादिष्ट हुन्छ। यसबाट जन्डिस रोग निको हुन्छ भन्ने प्रचार भएसँगै यसको माग बढेपछि मूल्य पनि बढ्दै गएको छ।

स्थानीय भरत गौतमका अनुसार गत वर्ष कमलको काँचो डाँठ प्रतिकिलो ४ सय, त्यसको चाना प्रतिमाना ६ सय र प्रतिगेडा १० रुपियाँमा बिक्री-वितरण भएको थियो। यस वर्ष कमल निकाल्न नथालिएकाले त्यसको मूल्य पनि निर्धारण नगरिएको हुन सक्ने उनले बताए। कमलको आम्दानी गाउँपालिका मातहत ल्याउन थालिएपछि स्थानीय पनि खुसी भएका छन्।

# म्याग्दीमा यसरी मनाइयो होली पर्व

प्रताप बानियाँ, म्याग्दी



म्याग्दी जिल्लामा यस वर्षको फागुपूर्णिमा अर्थात् (होली) पर्व सदरमुकाम बेनीबजारसहित ग्रामीण क्षेत्रको विभिन्न ठाउँहरूमा हर्षोल्लासपूर्वक मनाइएको छ। हरेक वर्षको फाल्गुन शुक्ल पूर्णिमाका दिन मनाइने नेपालीको रङको पर्व होली साथीभाइ र आफन्तबीच एक-आपसमा रङ लगाएर मनाइएको हो।

होली पर्वको अवसरमा स-साना विद्यालय उमेर समूहका बालबालिकादेखि युवा पुस्ताले उमेर समूह बनाएर एक-अर्कामाथि विभिन्न प्रकारका रङ दलेर शुभकामना साटासाट गरी होली पर्व मनाइएको छ।

पर्वमा साना बालबालिका, युवापुस्ता, पत्रकार, शिक्षक, विद्यार्थी, सर्वसाधारणलगायतले सहभागिता जनाएका थिए। होलीमा विभिन्न प्रकारका रङ लगाउँदै 'बेनीको बजार जता मायाँ उतै छ नजर' जस्ता गीतहरू गाउँदै युवा पुस्ता र बालबालिका रमाएका थिए।

स्कुले बालबालिकाले समेत आ-आफ्नो अनुहारमा विभिन्न किसिमका रङ दलेर होली मनाएका छन्। सडक तथा गल्लीसँगै घरका ब्रान्ड र छतबाट पानी छ्याप्ने, लोला हान्नुका साथै अबिर फालेर रमाइलो गरिएको थियो। यसै गरी अण्डासमेत प्रहार गरिएको थियो। होलीमा सहभागी युवा गीत-संगीतमा झुमेका थिए।

यसैबीच होलीलाई लक्षित गरी प्रहरीले बेनीबजार तथा आसपासका क्षेत्रमा गस्ती बढाएको जानकारी दिएको छ। परिचित वा अपरिचित जो भए पनि एक-आपसमा रङ लगाएर उल्लासमय वातावरणमा होली मनाउन तथा मर्यादित बनाउनका लागि यसअघि प्रहरीले सार्वजनिक सूचना जारी गरेको थियो। म्याग्दीमा सौहार्दपूर्ण वातावरणमा होली मनाइएको र अप्रिय खालको कुनै पनि घटना नघटेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

नेपालमा प्रचलित विभिन्न संस्कृतिमध्ये होलीको आफ्नै किसिमको महत्त्व रहेको छ। रङहरूको पर्व होलीको दिन पुराना कटुता समाप्त गर्ने, नकारात्मक सोचको अन्त्य गरी खुसी साट्ने दिनका रूपमा पनि होली मनाउने गरिएको पाइन्छ। होलीमा लगाइने रङहरूको आ-आफ्नै विशेषता रहेकाले अरूको भावनाविपरीत रङ लगाउनु पर्वको मान्यताभन्दा बाहिर हुने हुँदा सहमति र सहकार्यका लागि होली पर्वको महत्त्व रहेको छ।

## क्रसरको एक्साभेटरमा आगजनी

हेटौंडा, (नेस)

मकवानपुरको मनहरी गाउँपालिका-८ स्थित क्रसर उद्योग परिसरमा एक्साभेटरमा आगजनी गरिएको छ।

चतुर्मुखी क्रसर तथा बालुवा प्रशोधन उद्योग परिसरमा रहेको बा२ख २१७१ नं एक्साभेटरमा पेट्रोल खन्याएर आगो लगाएको पाइएको हो। बिहीबार बिहान करिब २:३० बजे एक व्यक्ति उद्योग परिसर प्रवेश गरी एक्साभेटरमा आगो लगाएर भागेको सुरक्षागार्डले देखेको भए पनि पहिचान नभएको उद्योग सञ्चालक राजकुमार रावलले बताए।

एक्साभेटरमा आगजनीबाट १ करोड १५ लाख क्षति भएको छ। घटनाबारे प्रहरीले अनुसन्धान अघि बढाएको छ भने मनहरी गाउँपालिका अध्यक्ष एकराज उप्रेतीले घटनास्थल निरीक्षण गरी जतिसक्दो छिटो दोषी पत्ता लगाएर कारबाही अघि बढाउन प्रहरीलाई आग्रह गरेका छन्।

## गर्भवतीको निधनपछि राजविराज तनावग्रस्त

राजविराज, (नेस)

गर्भवतीको मृत्यु भएपछि बुधबार दिनभर गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा आन्दोलन भएको छ। अन्त्यमा पाँचबुँदे सहमति गर्दै पीडित पक्षले आन्दोलनका कार्यक्रम फिर्ता लिएको हो।

काजक्रियाका खर्च १ लाख, मृतकका छोरा/छोरीको पढाइएको व्यवस्था, पतिलाई दैनिक ज्यालादारीमा अस्पतालमा नियुक्ति, घटनाको वास्तविक्ता छानविन गरी कारबाहीका लागि सिफारिस र १० लाख रुपियाँ क्षतिपूर्तिका लागि सरकारसँग माग गर्ने सहमतिपछि आन्दोलन स्थगित भएको हो।

सुत्केरी व्यथाले च्यापेपछि २ दिनअघि अस्पताल भर्ना गरिएकी विष्णुपुर गाउँपालिका-१ पिप्राहिकी २५ वर्षीया अनिता यादवको बुधबार राति मृत्यु भएको थियो। डाक्टर दिलीप साहले उनको चेकजाँच गर्दै आएका थिए। साहकै सल्लाहमा अनितालाई अस्पताल भर्ना गरिएको थियो।

तर, व्यथा चर्किंदै गएपछि डाक्टरले वास्ता नगरेको मृतकका पति रमेश यादवले आरोप लगाएका छन्। बुधबार राति १० बजेदेखि नै अनितालाई दु:खाइ बढेपछि आफूले पटक-पटक फोन गर्दासमेत डाक्टरले फोन नउठाएको यादवले बताए। अस्पतालले पनि सहयोग नगर्दा आफ्नी पत्नी र बच्चा दुवैको मृत्यु भएको उनको भनाइ छ। 'डाक्टर नै नआएपछि बच्चाको टाउको बाहिर निस्केको अवस्थामा राति करिब १ बजे अनिता र बच्चा दुवैको मृत्यु भयो।' -उनले भने।

बिरामीको मृत्यु भइसकेपछि राति २ बजे आइपुगेका डाक्टर साह तक्कालै भागेको पनि उनले आरोप लगाएका छन्। घटनाको विरोधमा पीडितका आफन्तले दिनभर राजविराजमा आन्दोलन गरे। राजविराज आएका स्थानीयले अस्पताल घेराउ गर्दै डा. दिलीप साहको क्लिनिकको बोर्डमा आगो लगाए। सहमतिपछि आन्दोलनका कार्यक्रम फिर्ता भएको मेयर यादवले बताए।

## श्रीमती नै श्रीमान्को हत्याको योजनाकार

कृष्ण उदास खनाल, वीरगन्ज



श्रीमतीकै सुखका लागि आमा-बुबासमेत बिर्सेर मुग्लान हानिएको श्रीमान्को हत्याको योजनाकार त्यही श्रीमती हुन्छिन् भने हाम्रो समाज कतातर्फ गइरहेको होला चिन्तित हुनुपर्ने बेला आएको छ। प्रेमको विषयमा चलचित्रमा मेल खाने शैलीमा पर्साको वीरगन्जमा भएको यस्तै एउटा घटनाले यस्तै सोच्न बाध्य बनाएको हो।

प्रहरीले सुनाएको घटना विवरणअनुसार करिब १० वर्ष विदेशमा रोजगारी गरेर फर्केका उमेश चौरसियामाथि जिल्ला प्रहरी कार्यालय पर्साकै अगाडि बुधबार राति करिब ९:३० बजेतिर गोली प्रहार भयो। शुरूमा चौरसियामाथि आपराधिक समूहले गोली हानेको हुनसक्ने आशंका थियो। तर, २४ घण्टा बित्न नपाउँदै प्रहरीले जे पत्ता लगायो, त्यो कुनै फिल्मको दृश्यभन्दा कम थिएन।

पर्सा प्रहरीले बिहीबार घटनामा संलग्न भएको अभियोगमा पक्राउ परेका ४ जनालाई सार्वजनिक गरेपछि सत्य बाहिर आएको हो। पक्राउ पर्नेमा प्रियंका चौरसिया, बारा परवानीपुर गाउँपालिका-१ का २४ वर्षीय विकेन्द्रकुमार गुप्ता, २७ वर्षीय मनोज गुप्ता, वीरगन्ज १२ मुर्लीका २५ वर्षीय मुन्ना साह कानु छन्। पक्राउ परेकी प्रियंका घाइते उमेशकी पत्नी हुन्।

प्रियंका काठमाडौंबाट पक्राउ परेकी हुन् भने अरूलाई वीरगन्ज-४ बिर्ताबाट पक्राउ गरिएको थियो। घटनामा बरामद गरिएको मोटरसाइकल वीरगन्ज ११ श्रीपुरबाट र पेस्तोल वीरगन्ज १२ मुर्लीबाट बरामद गरिएको प्रहरीले जनाएको छ।

धागो ब्यापारी वीरगन्ज महानगरपालिका १३ का चौरसिया रोजगारीको शिलशिलामा दुबईमा बसेका थिए। यता अनमीसमेत रहेकी प्रियंका र अपोलो ट्रमा सेन्टर वीरगन्जमा कार्यरत सीएमए विकेन्द्र गुप्ताबीच प्रेम अंकुराइरहेको थियो। उमेश फर्केपछि समस्यामा परेकी प्रियंकाले प्रेमी विकेन्द्रसँगै मिलेर हत्या योजना बनाइकी थिइन्। प्रहरीका अनुसार उनीहरूले उमेशको हत्याका लागि मनोजलाई २५ हजार दिएर ७५ हजार रुपियाँ हत्यापछि दिने बताएका थिए। मनोजले त्यही रकमबाट पहिचान नखुलेको व्यक्तिबाट ११ हजार रुपियाँमा १२ बोरको बन्दुकको गोली फिट हुने १ राउन्ड गोलीसहितको कटुवा पेस्तोल खरिद गरेका थिए।

पर्साका प्रहरी नायब उपरीक्षक राजन लिम्बूका अनुसार विकेन्द्रले मनोजलाई मोटरसाइकलसमेत उपलब्ध गराएका थिए। कामको शिलशिलामा बुटवलबाट फर्कदै गरेका उमेशलाई प्रियंकाकै सूचनाबमोजिम पिछा गर्दै मनोजले घर पुग्नुअघि नै गोली हानेका थिए। घटनामा प्रयोग भएको पेस्तोल प्लास्टिकको बोराभित्र राखी बालुवामा गाडेको अवस्थामा बरामद भएको छ। सीसीटीभी फुटेजले गर्दा अपराधीहरू पत्ता लगाउन सहज भएको प्रहरीले बताएको छ।

घाइते उमेशलाई काठमाडौंको नर्भिक अस्पतालमा ल्याएर उपचार गराइएको छ।

### चीन...

त्रिशूली-गल्छी प्रसारण लाइनले चीनसँग आबद्धता कायम गरेपछि नेपाल, भारत र चीनबीच प्रसारण ग्रिडसमेत एकापसमा जोडिनेछ। उक्त प्रशारणलाइन निर्माण भएमा त्रिशूली र चिलिमे करिडोरमा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न सहयोग पुग्ने देखिन्छ। उक्त करिडोरमा हाल रसुवागढी, साञ्जेन, रसुवा भोटेकोशी र माथिल्लो त्रिशुली-१ आयोजना निर्माणका क्रममा छन् भने लाङ्टाङ र सुपर साञ्जेनलगायत आयोजना निर्माणको तयारी गरिरहेका छन्।

तत्कालीन उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महराको चीन भ्रमणका क्रममा नदी बेसिनको अध्ययन तथा प्रसारण लाइन निर्माणसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ। भारतसँग मात्रै जोडिएको विद्युत् प्रसारण लाइनलाई चीनसँग पनि जोड्ने लक्ष्यका साथ रसुवागढी-चिलिमे-गल्छी प्रसारण लाइन निर्माण गर्न लागिएको बताइएको छ। नेपाल र चीनबीच रसुवा-केरुङ, तातोपानी-खासा, कोराला तथा अन्य सम्भाव्य क्षेत्रबाट अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने विषयमा प्रारम्भिक छलफल भइसकेको उर्जा मन्त्रालयका प्रवक्ता दिनेशकुमार घिमिरेले बताउनुभयो। तत्कालका लागि रसुवागढी नै उपयुक्त देखिएको तथा मुस्ताङ-कोरला अर्को महत्त्वपूर्ण र सहज रूपमा प्रसारण लाइन निर्माण गर्न सकिने अध्ययनबाट देखिएको घिमिरेको भनाइ छ।

### संघीय...

अधिकारको टुंगो नलाग्दा स्थानीय तहको निर्वाचन भएको ९ महिना बितिसक्दा पनि स्थानीय तहका पदाधिकारी अलमलमा परेको र जनताले न्यायाको महसुस नगरेको गुनासो गर्दै आएका छन्।

सामान्य प्रशासन मन्त्रालय प्रशासन सुधार महाशाखाकी सहसचिव नीता पोखरेलले संगठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षण नहुँदा संरचनाको विषयको टुंगो नलागेको बताउनुभयो।

निजामती कर्मचारीको छाता संगठन आधिकारिक ट्रेड युनियनका अध्यक्ष पुण्यप्रसाद ढकालले सरकारले हरेक निर्णय गर्न ढिलो गरेको र त्यसको दोष कर्मचारीलाई लगाउने गरेको आरोप लगाउनुभयो।

'सरकारलाई सघाउन कर्मचारी तयार छन् तर सरकारको कार्यशैली नै प्रभावकारी बन्न सकेन', ढकालले भन्नुभयो- 'कर्मचारीले पेसाप्रति इमानदारिता देखाएका छन्, मुख्यसचिव, सचिव र विशिष्ठ मान्छेका नातागोता पर्नेहरू कार्यक्षेत्रमा गएका छैनन्।'

निजामती कर्मचारीले प्रदेशमा जाँदा एक तह बढुवा गरिनुपर्ने, सरुवा, बढुवाको ग्यारेन्टी गरिनुपर्ने तथा कामप्रति थप जिम्मेवार बन्न आकर्षक सुविधा उपलव्ध गराइदिनुपर्ने माग गर्दै आएका छन्।

निजामती किताबखानाको तथ्यांकअनुसार ८६ हजारभन्दा बढी निजामती कर्मचारी रहेका छन्।

### सार्वजनिक...

उहाँका अनुसार महानगरका प्राय: सबै वडामा सार्वजनिक जग्गा रहेका छन्। तीमध्ये हालसम्म करिब ४० रोपनी जग्गा फेला पारिसकेको छ। मेयर शाक्यले विपद् पर्दा जोगिनका लागि भए पनि सार्वजनिक जग्गालाई पार्कको रूपमा विकास गर्न अत्यावश्यक रहेको बताउनुभयो। कामपाले स्थानीयको सहयोगमा सावजनिक जग्गा पहिचान गरी संरक्षण गर्ने योजना बनाएको छ।

मेयर शाक्यले सार्वजनिक जग्गा कसैले उपभोग गरेको जानकारी भए तत्काल वडा कार्यालयलाई जानकारी दिनसमेत आह्वान गर्नुभएको छ।



# अर्थ

सरकारले २०७२/७३ देखि पेट्रोलियम पदार्थमा प्रतिलिटर ५ रुपियाँमा पूर्वाधार कर लगाउने निर्णय गरेको थियो ।


हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ८१.३५ | ८०.३५ | ८२.८५ | ८१.८५ | ७८.८५ | ८१.३५ | ८१.१५ | ९०.७२ |
| बीरगंज | ७९.४५ | ७८.४५ | ८०.९४ | ७९.९५ | ७६.९५ | ७९.४४ | ७९.२५ | ८८.९२ |
| विराटनगर | ७९.९५ | ७८.९५ | ८१.४४ | ८०.४५ | ७७.४५ | ७९.९४ | ७९.७५ | ८९.५२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८२।५० | ७९।५० | ८२।५० | ८२।५० |
| सिमरा, बिरगंज, कलैया | ८०।९० | ७७।९० | ८०।९० | ८०।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८१।९० | ७८।९० | ८१।९० | ८१।९० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।४५ | ८०।४५ | ८३।४५ | ८३।४५ |
| वितार्मोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८१।६० | ७८।६० | ८१।६० | ८१।६० |
| पोखरा, स्याङ्जा | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।



## नव स्वस्तिक बहुउद्धेश्यीय सहकारी संस्था लि.

प्यूखा नयाँ सडक, काठमाडौं

### कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सूचना



यस संस्थाबाट काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा १६ बस्ने, **रघुराज वन्त**ले लिनुभएको तपसिलको विवरण बमोजिम कर्जाको कर्जा लिदा गरिदिनु भएको लिखतको भाखाभित्र कर्जाको साँवा, ब्याज समेतको रकम चुक्ता नगरी भाखा नाघेकोले पटक पटक तपाईको मोबाइल ९८५१०१७३१५ र ऋणको लागि संस्थाबाट धितो दिने एकाघरको पत्नी मन्दिरा देवि वन्त (धुजु श्रेष्ठको) मोबाइल नं. ९८४१२२५५२० मा समेत संस्थाबाट कर्जाको रकम तिर्न बुझाउन मौखिक एवं S.M.S. लिखित रुपमा पत्राचार समेत गरिएको थियो । तपाई ऋणी र धितो सुरक्षण दिने व्यक्तिलाई हुलाकबाट पठाएको केही पत्रहरु फिर्ता समेत भएको केही पत्रहरु तामेल भएको र पछिल्लो समयमा सम्पर्कमा समेत नआउनु भएकोले ३५ दिनभित्र कर्जाको रकम चुक्ता भुक्तानी गर्न चुक्ता भुक्तानी गरेको भए प्रमाण पेश गर्न सहकारी नियमावली, २०४९ को नियम २५ बमोजिक यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कर्जा चुक्ता नभएमा धितो दिएको सम्पत्ती लिलाम बिक्री गरी कर्जाको रकम असुली गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**धितो सुरक्षणको विवरण**

जिल्ला, बाँके, रझेना गा.वि.स. वडा नं. ४ ख कि.नं. ४४३ जग्गा बिगाह ०-१-१६ मालपोत कार्यालय बाँकेको मिति २०६६/०८/०७ को पत्रद्वारा रोक्का ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ फागुन १८, मार्च २, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।९८ | १०४।५८ |
| युरो १ को रू. | १२६।७० | १२७।४३ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।८७ | १४३।७० |
| स्विस फ्रन्क १ को रू. | १०९।९३ | ११०।५७ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।३८ | ८०।८५ |
| क्यानाडियन डलर १ को रू. | ८०।९२ | ८१।३९ |
| सिङ्गापुर डलर १ को रू. | ७८।३८ | ७८।८३ |
| जापानी यन १० को रू. | ९।७४ | ९।८० |
| चिनियाँ युआन १ को रू. | १६।३८ | १६।४७ |
| साउदी अरब रियाल १ को रू. | २७।७३ | २७।८९ |
| कतारी रियाल १ को रू. | २८।५६ | २८।७२ |
| थाई भाट १ को रू. | ३।२९ | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।३१ | २८।४७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।४७ | २६।६२ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५७ | ९।६३ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।५४ |
| डेनिस क्रानर १ का रू. | १७।०१ |
| हङकङ डलर १ का रू. | १३।२८ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# लगानीकर्तालाई रेड कार्पेट होइन खाल्डै खाल्डा छन्



**ज्ञानेन्द्रलाल प्रधान**
कोषाध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ

तीन तहको निवार्चनपश्चात नयाँ सरकारको गठन भइसकेको छ। चुनावी परिणापछि स्थायी सरकार गठन हुने अपेक्षा गरिएको छ। स्थायी सरकरको संकेत आएसँगै निजी क्षेत्र उत्साहित भएको अवस्था छ। अब देशको आर्थिक विकासले गति लिने विश्वास निजी क्षेत्रको छ। यसै सन्दर्भमा नेपाल उद्योग वाणिज्य महासंघका कोषाध्यक्ष ज्ञानेन्द्रलाल प्रधानसँग नेपाल समाचारपत्रका लागि दीपेन्द्र थापाले गरेको कुराकानी :

**नयाँ सरकारसँगको निजी क्षेत्रको आशा के छ ?**

हामीले सधैं राजनीतिक अस्थिरतालाई दोष दियौं। राजनीतिक अस्थिरताले गर्दा केही कुरा अगाडि बढ्न सकेनन्। तर, राजीतिक स्थायित्व नहुँदा कर्मचारीतन्त्र परिवर्तन हुँदा पनि मेलम्ची जस्ता आयोजनाको काम त भयो नि। यहाँ त के भयो भने राजनीतिलाई गाली गऱ्यो स्थिर भएन भनेर तर त्यसो होइन। राजनीतिक दलले चाहेमा धेरै कुरा हुन्छ। उहाँहरू देशको चालक दल हो। देशलाई जहाँ पनि पुऱ्याउन सक्नु हुन्छ।

यति बेलामा एउटा स्थायी सरकार गठन हुँदै गर्दा आममानिस र निजी क्षेत्रमा आशाको किरण आएको छ। तर, उद्योग स्थापना गर्नको लागि अहिले बैंकमा ऋण लिन खोज्दा पैसा छैन। बैंकको ब्याजदर १४ प्रतिशत पुगिसक्यो। ब्याजदर उच्च भएको अवस्थामा नयाँ उद्योग खोल्न सकिँदैन। बजारमा पैसाको फोलो किन भएको छैन, रेमिट्यान्स कहाँ गयो त, ब्यालेन्स अफ पेमेन्टको स्थिति खराब छ। सडकको अवस्था उस्तै भद्रगोल छ। त्यसैले राज्यले पहिलो प्राथमिकता जनतालाई प्रभाव पार्ने काम गर्नुपर्छ। नेपालमा सानातिना काममा पनि जनताले दु:ख महशुस गरिरहेका छन्।

**त्यसो भए सरकारले प्राथमिकता दिनुपर्ने क्षेत्र के हो त ?**

नयाँ सरकारले सबै क्षेत्रमा काम गर्छु भन्दा कुनै एक विशेष काममा केन्द्रित हुनुपर्छ। चीन, इथियोपिया, मलेसिया, सिंगापुर सबै 'सिंगल भिजन'ले अगाडि बढेका हुन्। राज्यले सिटामोल बनाएर बस्ने होइन, त्यो त जनताले बनाउँछ। राज्यले यस्तो काम गर्नुपऱ्यो जुन जनता र निजी क्षेत्रले गर्ने नसक्ने खालका छन्।

त्यस्तै पर्यटन प्रवर्द्धन गर्नको लागि अन्तर्राष्ट्रिय विमानस्थल बनाउनु पऱ्यो। भएको विमानस्थलहरूको स्तरोन्नती गर्नुपऱ्यो। रेलमार्ग, यातायात जस्ता क्षेत्रमा राज्यले ध्यान केन्द्रित गऱ्यो भने आवश्य पनि देशले ठूलो फड्को मार्नेछ।

ठूला गौरवका १०/१५ वटा आयोजना शुरू हुन सकेमा गाउँ गाउँमा रोजगारी हुनेछ, नगद प्रवाह बढ्छ। सरकार र राजनीतिक दलमा इच्छाशक्ति भएमा पनि छोटो समयमा पनि देशले ठूलो फड्को मार्नेछ, यतिबेला राजनीतिक संकटभन्दा पनि तरलताको अभाव हो। यो संकटलाई समाधान गर्न सकेनौं भने स्थिति गाह्रो छ। आयमा अंकुशको नीति आयो भने त्यसको असर अर्थतन्त्रमा पर्छ। हाम्रो अर्थतन्त्र कसरी बढाउन सकिन्छ त्यस विषयमा ध्यान जानुपर्छ। लाखौं मानिस विदेशमा छन् तर पनि रेमिट्यान्स घटिरहेको छ। नेपालमा भ्रष्टाचार गरी कमाएको पैसा पनि अब क्रमश: विदेशतिर व्यवस्थापन भइरहेको छ। सरकार यसमा सजक हुनु जरुरी छ।

दोस्रो कुरा नेपालको कर्मचारीतन्त्र लगानीमैत्री छैन। विदेशी लगानी त छोड्नुस् नेपाली नै यतिका दु:ख गरेर किन लगानी गर्ने भन्ने मानसिकताको विकास भएको अवस्था छ। यस्तो अवस्थामा कसरी विदेशी लागानी आउँछ, लगानीकर्तालाई रेड कार्पेट छैन, केबल खाल्डै खाल्डा रहेको छ। यसको उदाहण भनेको विश्वमा नाम कमाएको सिमेन्ट कम्पनीलाई लिन सक्छौं, हामीले उपयुक्त वातावरण नदिँदा त्यो कम्पनी नेपालबाट फर्किर गयो।

तेस्रो अहिले सबैभन्दा बढी पैसा चीनसँग भएकाले यसमा सरकारको ध्यान जानुपऱ्यो। चीनबाट अरू देशले अर्बौं डलर लगिसकेका छन्। नेपालले भने यसको फाइदा उठाउन सकेको छैन। चीनबाट पैसा लगेर अरू देशले पूर्वाधारमा लगानी गरेका छन्। हामीसँग योजना छैन कुनै विशेष योजना बनाएर चीनबाट वैदेशिक क्षेत्रमार्फत् हुनसक्ने लगानी बढाउनुपऱ्यो। यसरी आउने पैसा कम ब्याजदरमा लगानी गर्नु पऱ्यो जुन क्षेत्रमा निजी क्षेत्र आउन सक्दैन, त्यस्ता ठूला आयोजनामा सरकारले लगानी गर्न जरुरी छ।

**तपाईं यसो भन्दै गर्दा नेपालमा लगानी गर्ने वातावरणनै भएको हो त ?**

जलविद्युत्को सन्दर्भमा कुरा गर्ने हो भने नेपाल राष्ट्र बैंकले ल्याएको छ। नयाँ नीतिले लगानी ठप्पै जस्तो रहेको छ।

पहिले कुल लगानीको १२ प्रतिशत कृषि र ऊर्जामा लगानी गर्नु भन्यो अहिले जलविद्युत्मा ५ प्रतिशत लगानी गर्नु भन्यो। सबै बैंकहरू कृषिमा विस्तार हुन सकेका थिएनन्। सबैले ६ देखि ११ प्रतिशत कर्जा विस्तार गरिसकेको अवस्था थियो।

यतिखेर जलविद्युत् क्षेत्रमा बैंकहरूको लगानी ५ प्रतिशत नाघिसकेकाले हाल जलविद्युत्मा लगानी शून्य रहेको अवस्था छ, नेपालको नीतिगत र कागजी काम पूरा गर्नको लागि वर्षौं लागेपछि आयोजान पूरा गर्न झन् बेथिती रहेको छ। यो अवस्थमा देशले आर्थिक गति कसरी लिन्छ, भारतबाट ११ रुपियाँमा बिजुली किनेर राष्ट्रियताको कुरा गर्छौं। तर, हामी नेपालीको बिजुली ३० वर्षको औसत ५ रुपियाँ ४० पैसाभन्दा बढी दिन तयार छैनौं। जलविद्युत्को व्यवसाय गर्नेहरू पनि ठगीको काममा लागेका छन्। एफपीओ, आईपीओ निकालेर लगानी आफुनो सुरक्षित गर्ने काम भएको छ।

> हाल जलविद्युत्मा लगानी शून्य रहेको अवस्था छ, नेपालको नीतिगत र कागजी काम पूरा गर्नको लागि वर्षौं लागेपछि आयोजान पूरा गर्न झन् बेथिती रहेको छ। यो अवस्थमा देशले आर्थिक गति कसरी लिन्छ, भारतबाट ११ रुपियाँमा बिजुली किनेर राष्ट्रियताको कुरा गर्छौं। तर, हामी नेपालीको बिजुली ३० वर्षको औसत ५ रुपियाँ ४० पैसाभन्दा बढी दिन तयार छैनौं। जलविद्युत्को व्यवसाय गर्नेहरू पनि ठगीको काममा लागेका छन्। एफपीओ, आईपीओ निकालेर लगानी आफुनो सुरक्षित गर्ने काम भएको छ।

**निजी क्षेत्रको अपेक्षा चाहिँ के रहेको छ ?**

सरकारले चाहेमा कुनै पनि आयोजना अगाडि बढाउनको लागि एक हप्तामा हुन्छ। तर, राजनीतिक दलको प्रतिबद्धतामात्रै भयो, कुर्सीको लागि मात्र भयो आर्थिक विकासको लागि प्रतिबद्धता भएन र हामीले त्यही काम नगर्ने जनप्रतिनिधिलाई जिताएर पठाएका छौं। जस्ले विगतमा केही गरेन यो हामी जनताको कमजोरी हो।

हामी जनता राजनीतिक दलको घेराभन्दा बाहिर आएर सोच्नुपर्छ। काम गर्न सकेन पनि भन्ने अनि त्यही व्यक्तिलाई जिताउने। यसरी देशको विकास र परिवर्तन हुँदैन। यसको लागि निजी क्षेत्रका अग्रणी संस्थाबाट परिवर्तन आउनुपऱ्यो। राज्यका थिङ् ट्याङ्कका रूपमा यस्ता संस्थाले काम गर्नु पऱ्यो। कुनै एक क्षेत्रको विकासको लागि लाग्नु पऱ्यो। देशले आधारभूत विकासमा ध्यान केन्द्रित गर्नुपऱ्यो।

वैदेशिक व्यापार बढेको छ, आयात नगरी खान पुग्ने अवस्था छैन। उत्पादन छैन्, सम्पूर्ण क्षेत्र ध्वस्त छ, पूर्वाधारको विकास छैन। भारतबाट ४ सय ७० मेगावाट आयात गरेर लोडसेडिङमुक्त भनेका छौं। आयातलाई प्रतिस्थापन गर्नको लागि नेपाली योजना छैन।

**निजी क्षेत्रसँग नयाँ सरकारको कसरी अगाडि बढ्छ ?**

जस्तो राजनीति त्यस्तै निजी क्षेत्र रहेको अवस्था छ। राजनीति यति हावी भयो कि सबै निकाय यसबाट आक्रान्त छ। नेताले निर्णय गर्ने हो विज्ञ टोली राखेर छलफल गर्ने र देशको लागि निर्णय गर्नु पऱ्यो।

> नयाँ सरकारले सबै क्षेत्रमा काम गर्छु भन्दा कुनै एक विशेष काममा केन्द्रित हुनुपर्छ। चीन, इथियोपिया, मलेसिया, सिंगापुर सबै 'सिंगल भिजन'ले अगाडि बढेका हुन्। राज्यले सिटामोल बनाएर बस्ने होइन, त्यो त जनताले बनाउँछ।राज्यले यस्तो काम गर्नुपऱ्यो जुन जनता र निजी क्षेत्रले गर्ने नसक्ने खालका छन्।

राजनीतिक दलभन्दा बाहिर आएर देशको हितको लागि काम गर्नु पऱ्यो। यसपछि मात्र देशको विकासले गति लिन्छ। सबै सरकारसँग मिलेर महासंघले विगतमा काम गरेको हो। यो सरकारसँग पनि मिलेर आर्थिक उन्नतीको लागि महासंघ जान तयार छ।

नयाँ सरकारले मोनिटरी सिस्टममा कम्तिमा १५ देखि ३० विलियम डलरको प्लान थप गर्न सकेन भने चाहिँ अर्थतन्त्रले गति लिन सक्दैन। प्रशस्त पैसा भएमा जलविद्युत्को विकास तीव्र हुन्छ। विद्युत् खरिद बिक्री सम्झौतामा एकदमै ढिलासुस्ती रहेको छ। त्यसलाई छिटो छरितो बनाउन आवश्यक छ। वैदेशिक व्यापारघाटा बढेको अवस्था छ। शहर प्रदूर्षित छ कुनै पनि पर्यटक नेपाल फर्किर आउने अवस्था छैन। सडकको दूराअवस्था तथा विमानस्थलको अवस्था नाजुक छ। कुन पूर्वाधारबाट देशले आर्थिक उपार्जन गर्न सक्छ त्यसमा लाग्नुपर्छ।

जलस्रोतमा कस्तो अन्योल छ भने हाम्रो सम्भाव्यता ८३ हजार मेगावाट कि १ लाख ५० हजार मेगावाट त्यो थाहा छैन। डा. हरिमान श्रेष्ठले पत्ता लगाएको ८३ हजार मेगावाटको अध्ययनलाई सरकारले ८२ हजारमा ६ सय झाऱ्यो सरकारले छलफल नै गरेन। भूकम्प जाने देशमा यस्तो बूढीगण्डकीको ठूलो हाई डयाम्प रिक्स हुन्छ। हाई डयाम्प फेल भएमा के गर्ने भन्ने अध्ययन नै छैन। यदी विस्फोट भएमा ५/७ करोड जनता मर्ने अवस्था छ। अनावश्यक रूपमा १२ सय मेगावट पुऱ्याएको छ। यसको छलफल आवश्यक छ, ११ रुपियाँमा हिउँदमा विद्युत् किन्दैछौ भने २ रुपियाँमा बेच्दै छौं। विज्ञसँगको छलफल गरेर आयोजना अगाडि बढाउनु पऱ्यो। यो अवस्थाले हामी अझ पछाडि जाने छौं।

# पेट्रोलियम पदार्थको पूर्वाधार करबाट १७ अर्ब जम्मा

काठमाडौं, (नेस)

सरकारले पेट्रोलियम पदार्थमा लगाएको पूर्वाधार करबाट सन् २०१८ को फेब्रुअरीसम्म १७ अर्ब रुपियाँ जम्मा भएको छ। बूढीगण्डकी जलविद्युत् आयोजना स्वदेशी लगानीबाट निर्माण गर्न सरकारले पेट्रोलियम इन्धन आयात गर्दा प्रतिलिटर ५ रुपियाँ पूर्वाधार कर लगाउँदै आएको छ।



नेपालमा पेट्रोलियम इन्धन खपतको १० वर्षको तथ्यांकअनुसार प्रत्येक वर्ष करिब १५ प्रतिशत वृद्धि भएको देखिन्छ। सोही आधारमा आगामी १० वर्षमा पेट्रोलियम इन्धन खपत भए करिब १ खर्ब ६४ अर्ब रुपियाँ पूर्वाधार कर वापतको रकम जम्मा हुने देखिन्छ।

सरकारले २०७२/७३ देखि पेट्रोलियम पदार्थमा प्रतिलिटर ५ रुपियाँमा पूर्वाधार कर लगाउने निर्णय गरेको थियो । यसअघि सरकारले पेटोलियम पदार्थमा भन्सार शुल्क, प्रज्ञापन पत्र शुल्क, सडक मर्मत सम्भार शुल्क, प्रदुषण शुल्क, मूल्य आयवृद्धिकर लिँदै आएको थियो।

# भूकम्पपीडितका गुनासोलाई फागुनभित्र प्रमाणीकरणका गरिने

**नेपाल समाचारपत्र**

काठमाडौं

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले छुट तथा पुन:जाँच सर्वेक्षणबाट प्राप्त एक लाख बढी गुनासोलाई फागुन मसान्तभित्र अन्तिम प्रमाणीकरणका लागि स्थानीय तहमा पठाउने तयारी गरेको छ।

प्राधिकरणका कार्यकारी समिति सदस्य डा.हरिराम पराजुलीको संयोजकत्वमा बसेको केन्द्रीय गुनासो व्यवस्थापन समितिको बैठकले छुट तथा पुन:जाँच सर्वेक्षण गरिएका विवरणको विश्लेषण गरी सम्भावित पुनर्निर्माण लाभाग्राही, प्रबलीकरण लाभग्राही र लाभग्राहीमा नपर्ने गुनासोकर्ताको सूची तयारी पारी स्थानीय तहमा प्रमाणीकरणका लागि पठाउने निर्णय गरेको हो।

विगतमा विभिन्न कारणले छुटेका र लाभग्राही सूचीमा पर्न नसकेका भूकम्पपीडितलाई मध्यनजर गर्दै प्राधिकरणले केन्द्रबाटै इन्जिनियर परिचालन गरी प्रभावित जिल्लामा छुट तथा पुन: जाँच सर्वेक्षण गरेको थियो। उक्त नामावलीलाई स्थानीय तहले अन्तिम प्रमाणीकरण गरी सिफारिस गरेपछि प्राधिकरणले उनीहरूको सूचीलाई अन्तिम रूप दिने प्राधिकरणका सहसचिव नेत्र सुवेदीले जानकारी दिनुभयो।

छुट तथा पुन:जाँच सर्वेक्षणका क्रममा भूकम्प अति प्रभावित १४ जिल्लाबाट करिब १ लाख ३० हजार गुनासोकर्ताको विवरण संकलन गरिएको थियो। त्यसैगरी प्राधिकरणले चार वर्गका जोखिमयुक्त भूकम्पपीडितहरूको घर निर्माणको पहललाई अगाडि बढाएको छ। प्राधिकरणले ७० वर्षमाथिका वृद्धवृद्धा, ६५ वर्ष नाघेका अशक्त एकल महिला, दृष्टिविहीनलगायतका रातो तथा निलो कार्डधारी अपांगता भएका व्यक्तिहरू तथा १६ वर्ष मुनिका नाबालिगहरूको घरबासको व्यवस्था गर्न कार्यविधि तयार गरी लगत संकलनको कार्य अघि बढाइएको छ।

प्राधिकरणको एमआईएस शाखाले १४ अति प्रभावित जिल्लामा करिब १६ हजार २ सय ५ जोखिमयुक्त वर्गका लाभग्राहीको प्रारम्भिक आँकडा निकालेको छ। प्राधिकरणले स्थानीय सरकारहरूमार्फत् यी वर्गका लाभग्राहीको लगत माग पनि गरेको छ। लाभग्राहीको संख्या निश्चित भएपछि प्राधिकरणले विभिन्न परोपरकारी संस्थालाई घर निर्माणका लागि आह्वान गर्ने योजना बनाएको छ। यसैक्रममा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भूसाल तथा अन्य उच्च अधिकारीले बेलायती विकास नियोग 'डिफिड' का प्रतिनिधिसँग यसबारेमा छलफल गर्नु भएको छ। प्राधिकरणमा आएको डिफिड, नेपालका पुनर्निर्माण सल्लाहकार म्याग्नस मुरे तथा भूकम्पपछिको पुनर्निर्माण टिमका प्रमुख लियोनार्ड टेडसहितको टोलीले ती वर्गको भूकम्पपीडितको घर निर्माण गर्ने ढाँचाबारे आफ्नो धारणा राखेको थियो। प्राधिकरणले यी वर्गका पीडितको घर निर्माण गर्न आफ्नो कार्यविधि र अन्तिम सूचीअनुसार विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग बृहत् छलफल गर्ने योजना पनि बनाएको छ।

२०७४, फागुन
शुक्रबार
१८

महासंघले चैत्रको दोस्रो हप्ताभित्र सवै प्रदेश र केन्द्रमा समेत आर्थिक बहस कार्यक्रम सम्पन्न गर्ने कार्यतालिकालाई अन्तिमरूप दिएको छ भने सबै प्रदेश सरकारसँग प्रादेशिक आर्थिक समृद्धिका लागि सहकार्य गर्न सहमतिपत्रमा हस्ताक्षर गर्ने योजना महासंघको छ।

अर्थ

# भन्सार राजस्व लक्ष्यभन्दा कम

नेपाल समाचारपत्र

काठमाडौं

चालू आर्थिक वर्षको सात महिना अवधिमा भन्सार राजस्व संकलन लक्ष्यभन्दा कम देखिएको छ। माघ मसान्ससम्म ४ दशमलव ६५ प्रतिशत कम राजस्व संकलन भएको भन्सार विभागले जनाएको छ।

चालू आर्थिक वर्षको सात महिनाको अवधिमा भन्सार राजस्व १ खर्ब ६७ अर्व ७१ लाख ७५ हजार रुपियाँ पुगेको छ। यस अवधिसम्म विभागले १ खर्ब ७५ अर्व ८० करोड रुपियाँ बराबरको भन्सार राजस्व संकलन लक्ष्य लिएको थियो। संकलित राजस्व चालू आर्थिक वर्षको कुल लक्ष्यको ५१ दशमलव ४९ प्रतिशत हो।

भन्सार विभागको तथ्यांक अनुसार चालू आर्थिक वर्षमा ३ खर्ब २५ अर्ब ७२ करोड ३० लाख ४१ हजार रुपियाँ भन्सारमार्फत् राजस्व संकलनको लक्ष्य लिइएको छ। जुन रकम गत आर्थिक वर्ष २ खर्ब ४६ अर्ब ४ करोड ९० लाख ८८ हजार रुपियाँ रहेको थियो। वार्षिक लक्ष्यमा सात महिना अवधिको भन्सार राजस्व योगदान ५१ दशमलव ४९ प्रतिशत र मासिक लक्ष्यमा ९४ दशमलव ८३ प्रतिशत रहेको छ।

उक्त राजस्व असुली गत आर्थिक वर्षको सोही अवधिसम्मको तुलनामा भने १२ दशमलव ७२ प्रतिशतले बढी हो।

देशका विभिन्न २३ वटा भन्सार कार्यालयमार्फत् उक्त राजस्व रकम असुली भएको हो। भन्सार राजश्वले मुलुकको कुल राजस्वको ४४ प्रतिशत र कर राजस्वको ५० प्रतिशत प्रतिनिधित्व गर्छ। चालू आर्थिक वर्षको पहिलो महिनामा १३ वटा भन्सार कार्यालयले लक्ष्यभन्दा निकै कम राजस्व असुली गरेका छन्। विभागको तथ्यांकअनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, पशुपतिनगर, विराटनगर, राजविराज, वीरगन्ज, भैरहवा, सर्लाही, सिराहा, राजविराज, रसुवालगायत भन्सार कार्यालयले लक्ष्यभन्दा निकै कम राजस्व संकलन गरेका छन्। लक्ष्यभन्दा बढी राजस्व संकलन गर्ने भन्सार कार्यालयमा मेची भन्सार कार्यालय, सुनसरी, कृष्णनगर भन्सार कार्यालय, कैलाली, नेपालगन्ज, जलेश्वर, राजापुर, महाकाली भन्सार कार्यालय रहेका छन्।

**माघ मसान्तसम्म भन्सार शुल्कमार्फत् ७४ अर्ब १५ करोड ६६ लाख ७७ हजार रुपियाँ संकलनको लक्ष्य राखिएकोमा ७२ अर्ब ५९ करोड ४८ लाख ४३ हजार रुपियाँ संकलन लक्ष्य राखिए पनि ८ अर्ब ७२ करोड १७ लाख १२ हजार रुपियाँमात्र संकलन भएको छ। भन्सार शुल्कमार्फत् संकलित राजस्वको वार्षिक लक्ष्यमा योगदान ५२ दशमलव ८६ प्रतिशत रहेको छ।**

भन्सार प्रशासनले मूल्य अभिवृद्धि कर, भन्सार शुल्क र अन्त:शुल्क कर शीर्षकमा सो रकम असुली गरेको हो। माघ मसान्तसम्म भन्सार शुल्कमार्फत् ७४ अर्ब १५ करोड ६६ लाख ७७ हजार रुपियाँ संकलनको लक्ष्य राखिएकोमा ७२ अर्ब ५९ करोड ४८ लाख ४३ हजार रुपियाँ संकलन लक्ष्य राखिए पनि ८ अर्ब ७२ करोड १७ लाख १२ हजार रुपियाँमात्र संकलन भएको छ। भन्सार शुल्कमार्फत् संकलित राजस्वको वार्षिक लक्ष्यमा योगदान ५२ दशमलव ८६ प्रतिशत रहेको छ।

चालू आर्थिक वर्षमा भन्सार शुल्कमार्फत् वार्षिक १ खर्ब २७ अर्ब ६७ करोड ५६ लाख रुपियाँ संकलन लक्ष्य राखिएको छ। उक्त लक्ष्य गतवर्षको वार्षिक लक्ष्यभन्दा २० अर्ब २७ करोड रुपियाँले कम हो।

विभागले मूल्य अभिवृद्धि कर (भ्याट) मार्फत् सो अवधिमा ७६ अर्ब ७४ करोड २० लाख रुपियाँ संकलनको लक्ष्य राखिएकोमा ७१ अर्ब ३९ करोड ३२ लाख ४१ हजार रुपियाँ असुली गरेको छ। जुन रकम मूल्य अभिवृद्धि कर संकलनमा वार्षिक लक्ष्यको ५० दशमलव २४ प्रतिशतबराबर हो। विभागले चालू आर्थिक वर्षमा १ खर्ब ४२ अर्ब ११ करोड ४८ लाख २९ हजार रुपियाँ संकलनको लक्ष्य लिएको छ।

त्यसैगरी अन्त:शुल्क करमार्फत् ४६ अर्ब २८ करोड १० लाख २४ हजार वार्षिक लक्ष्य रहेकोमा माघ मसान्तसम्म २३ अर्ब ७२ करोड ९५ लाख रुपियाँ संकलन भएको छ। अन्त:शुल्कमार्फत् सात महिनामा संकलित राजस्वको योगदान वार्षिक लक्ष्यमा ५१ दशमलव २७ प्रतिशत हो भने माघ महिनासम्मको लक्ष्यमा ५ दशमलव शून्य ५ प्रतिशतले कम हो।

## दुई अंकको आर्थिक वृद्धि हुने प्रमको दाबी

*काठमाडौं, (नेस)*

*प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी आर्थिक वर्षमा दुई अंकको आर्थिक वृद्धि हुने बताउनुभएको छ। नेपाल चेम्बर अफ कमर्सका पदाधिकारीसँग भएको भेटमा उहाँले दुई अंकको आर्थिक वृद्धि पहिलो चार महिनामै हुने बताउनुभएको हो।*

*प्रधानमन्त्री ओलीले आव २०७३/७४ मा भएको ६.९ प्रतिशतको आर्थिक वृद्धिदरलाई बढाएर दुई अंकको आर्थिक वृद्धिदरमा पुऱ्याइने बताउनुभयो।*

*आगामी दशक दुई अंकको आर्थिक वृद्धिको दशक हुनुपर्नेमा जोड दिँदै चेम्बरले प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझाएको हो। चेम्बरको ज्ञापनपत्रमा कृषि, ऊर्जा र पर्यटन क्षेत्रका सुझाव समेटिएका छन्। कानुनी शासनको सुनिश्चितता, औद्योगिक विकास तथा विदेशी लगानी, राजस्व, शेयर बजार, यातायात, सञ्चार र पूर्वाधार विकास, पेट्रोलियम पदार्थ आयातलगायत विषयमा समेत सुझाव दिइएको छ।*

*अत्याधिक सार्वजनिक बिदाले मुलुकको आर्थिक विकासमा नकारात्मक प्रभाव पारेको जनाउँदै सुझावमा त्यसलाई मिलाउन निश्चित समुदायको पर्वमा निश्चित समुदायलाई मात्रै बिदा दिइँदा उपयुक्त हुने सुझाव समेटिएको छ। आर्थिक क्षेत्रसाग सम्बन्धित ऐनलाई ग्राह्यता, संघीयताका चुनौती, वैदेशिक व्यापार, बैंकिङ क्षेत्रका समस्या समाधान गर्नसमेत आग्रह गरिएको छ।*

*उक्त भेटघाटमा सहभागी अर्थमन्त्री डा. युवराज खतिवडाले निजी क्षेत्रलाई विश्वासमा लिएर नै आर्थिक समृद्धिका लागि आफूहरू अग्रसर हुने बताउनुभयो।*

## महासंघले सातै प्रदेशमा आर्थिक बहस चलाउने

काठमाडौं, (नेस)

चार नम्बर प्रदेश सरकार र नेपाल उद्योग वाणिज्य महासंघबीच आर्थिक समृद्धिका लागि सहकार्य गर्ने विषयमा समझदारीपत्र भएको छ। उक्त समझदारीलाई महासंघले ऐतिहासिक रूपमा लिएको जाएको छ।

समझदारीपत्र अनुसार संघीय संरचना कार्यान्वयनमा गई सकेको सन्दर्भमा स्थानीय तहमा वार्षिक योजना, कार्यक्रम र बजेट तर्जुमा, राजस्व परामर्श समितिलगायत विभिन्न समिति, मञ्च, कार्यदलहरूमा निजी क्षेत्रको सहभागिता गराउँदा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नम्बर ४ मार्फत जिल्ला/नगर उद्योग वाणिज्य संघ इकाईको सहभागिताको लागि ध्यान दिने, प्रदेश नम्बर ४ भित्र उद्योग व्यवसायको विकास, रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धनलगायतका क्षेत्रमा सहकार्य गर्ने कुरा उल्लेख गरिएको छ।

त्यसैगरी प्रदेश सरकारबाट गठन गरिने जति पनि आर्थिक व्यावसायिक क्षेत्रसँग सम्बन्धित समिति, बोर्ड, परिषद्मा नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश नम्बर ४ लाई सहभागी गराउन ध्यान दिने, प्रदेश सरकारसँग समन्वय गरी यस प्रदेशको आर्थिक व्यावसायिक विकासका लागि विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रियस्तरको कार्यक्रम, सभा, सम्मेलन, गोष्ठी, मेला महोत्सवको आयोजनामा सहयोगी भूमिका रहने, उद्योगधन्दाको प्रवर्द्धन र विकास निर्माणमा आवश्यक पर्ने प्राकृतिक साधन र स्रोतको समुचित प्रयोग तथा परिचालनमा प्रदेश सरकारले नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नम्बर ४ सँग आपसी सहमति गर्न पहल गर्ने पनि उक्त समझदारीपत्रमा उल्लेख छ।

मुलुक संघीय ढाँचामा गएको नयाँ परिस्थितिमा स्थानीय तथा प्रादेशिक आर्थिक व्यावसायिक विकासका सम्भाव्यता, समस्या तथा चुनौतीहरूलाई प्रत्यक्षरूपमा त्यहीका जनप्रतिनिधि, सरकारको उपस्थिति गराई जनताबाट सुनेर त्यसको आधारमा नीति तथा कार्यक्रम ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले महासंघले मुलुकका सातवटै प्रदेशमा अभियान आर्थिक समृद्धिको: साझेदारी निजी क्षेत्रको भन्ने नाराका साथ प्रादेशिक आर्थिक बहस कार्यक्रम थालनी गर्ने क्रममा प्रदेश नम्बर ४ बाट शुरू गरेको छ।

## मध्यमर्स्याङ्दीको मर्मत पूरा विद्युत् उत्पादन शुरू



काठमाडौं, (नेस)

मध्यमर्स्याङ्दी जलविद्युत केन्द्रको बाँध तथा विद्युत् गृह मर्मत कार्य पूरा भएको छ। एक सातादेखि विद्युत् उत्पादन बन्द गरी मर्मत गरिएको उक्त केन्द्रबाट बिहीबार साँझ साढे ६ बजेदेखि ३५ मेगावाट विद्युत् उत्पादन भएको प्राधिकरणले जनाएको छ।

केन्द्रको बाँधको देब्रेतर्फको क्षेत्रमा भएको भूक्षयलाई रोक्न राखिएको संरचनाको मर्मत फागुन १० गते राती ११ बजेबाट विद्युत् उत्पादन बन्द गरी २४सैं घण्टा करिब साढे चार सय मजदुर र प्राविधिकले परिचालन गरी मर्मत शुरू भएको थियो। पानीले हिर्काएर क्षति पुगेको ठाउँमा थप क्षति हुनबाट रोक्न 'प्रोटेक्सन वाल' लगाइको छ। केन्द्रले मर्मतको काम १७ फागुन बिहीबार राती ११ बजेसम्ममा सक्ने गरी भार प्रेषण केन्द्र (एलडीसी) बाट सट डाउन अनुमति पाएको थियो।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ स्थलगत निरीक्षण गरी तोकिएकै समयमा मर्मतको काम सक्न निर्देशन दिनु भएको थियो। ७० मेगावाट विद्युत् उत्पादन क्षमताको मध्यमर्स्याङ्दी बन्द हुँदा वैकल्पिक व्यवस्थाको रूपमा कुलेखानी चलाएर विद्युत् आपूर्ति गरिएको प्राधिकरणले जनाएको छ।

## चामल उद्योग संकटमा

काठमाडौं, (नेस)

भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्दा मोरङ, सुनसरी करिडोरका अधिकांश चामल उद्योग संकटमा परेका छन्। भारतबाट सस्तो मूल्यमा आयातित चामलसँग प्रतिस्पर्धा गर्न नसक्नु स्वदेशी चामल उद्योगको मुख्य समस्या रहेको चामल उद्योगीहरूले बताएका छन्।

उद्योगीले भारतीय सीमा क्षेत्रमा खुलेका भारतीय खाद्यान्न उद्योग सरह नेपालका उद्योगलाई प्रोत्साहन नीति अख्तियार गर्न सरकारलाई आग्रहसमेत गरेका छन्। हाल नेपालका धेरैजसो चामल उद्योग संकटको घडीमा पुगेको उद्योगीको ठम्याइ रहेको छ। स्वदेशी चामल उद्योगको प्रवर्द्धनका लागि पनि सरकारले सोही अनुरूपको सहयोग र सहुलियत प्रदान गर्नुपर्ने चामल उद्योगीको भनाइ रहेको छ। सरकारले लगानीमैत्री वातावरण दिने प्रतिबद्धता देखाउँदै आए पनि व्यवहारमा नदेखाएको आरोप चामल उद्योगीको छ। सुनसरी मोरङ औद्योगिक करिडोर र अन्य ठाउँमा गरी एक दर्जन बढी चामल उद्योग सञ्चालनमा रहेका छन्।










# टेबुलटेनिसमा छाएका युवा स्यान्टु

फिरोज राजोपाध्याय

गत साता सम्पन्न हुवाइ नोभा टु आई इम्पेक्ट ठमेल ओपन टेबलटेनिस प्रतियोगितामा स्यान्टु श्रेष्ठ पुरुष सिंगल्सतर्फ उपाधि जितेर नेपाली टेबलटेनिसमा छाइरहेका छन्। नेपाली टेबलटेनिसमा महारथी भन्नेहरु पनि उनका सामु कमजोर बनिरहेको छ। उमेरको हिसाबले समेत स्यान्टु सानै छन्। तर पनि उनको टेबलटेनिसमा एकछत्र राज हुँदै छ। यसको उदाहरण ठमेल ओपन टेबलटेनिस र राखेप च्याम्पियनसिप टेबलटेनिसमा उनले उपाधि जित्नु हो।

गएको पुसमा भएको राखेप च्याम्पियनसिपअन्तर्गत ३९औं हुवावेइ राष्ट्रिय टेबलटेनिसमा स्यान्टुले स्वर्ण जितेका थिए। उनले फाइनलमा विनेस खनियाँलाई ११-५, ११-४, ११-९, ११-९ ले हराएका थिए। यो उनको लगातार दोस्रो उपाधिसमेत हो भने डबल्समा पनि उनले उपाधि जिते। यससँगै उनले आफूलाई नेपाली टेबलटेनिस नयाँ सुपरस्टारका रुपमा उभ्याएका छन्।



नेपाल प्रहरी क्लबसँग आबद्ध स्यान्टुको सफलता गत सातौं राष्ट्रिय खेलकुदबाट श्रीगणेश भएको थियो। उनी १६ वर्षको उमेरमै राष्ट्रिय च्याम्पियन बनेका हुन्। पूर्वाञ्चलमा गत वर्ष सम्पन्न सातौं राष्ट्रिय खेलकुदमा उनले टेबलटेनिसअन्तर्गत पुरुष सिंगल्समा स्वर्ण पदक जितेका थिए। उनले त्यतिबेला फाइनल खेलमा एपीएफका शिवसुन्दर गोथेलाई १२-१०, ११-७, ८-११, ११-४, ५-११, ११-९ ले हराएर स्वर्ण पदक हात पार्न सफल भएका थिए।

यसै खेलकुदमा उनले सेमीफाइनल खेलमा तीन पटकका राष्ट्रिय च्याम्पियन प्रहरीकै दीप साउनलाई हराएर सनसनी मच्चाएका थिए। यो खेल जितेपछि नै उमेरले उपाधि जित्न कठिनाइ नहुने मनमा लागेको पनि उनले त्यतिबेला बताएका थिए। नभन्दै उनले फाइनलमा समेत गोथेलाई ४-२ ले हराएर राष्ट्रिय च्याम्पियन बने। यो उनको पहिलो राष्ट्रिय प्रतियोगितासमेत थियो।

यस्तै स्यान्टुले अर्को कीर्तिमान पनि राखेका छन्। योचाहिँ ठमेल ओपनमा राखेका हुन्। उनले एकै दिन पाँच खेल जितेर नेपाली टेबलटेनिसमा नौलो कीर्तिमान रचे। सुपर लिगमा १२ खेलाडी थिए। स्यान्टुले आफ्ना ११ प्रतिद्वन्द्वीलाई हराएर अपराजेयसमेत भएका थिए। उनले एकै दिन पाँच खेलाडीलाई हराउने क्रममा नेपाली सेनाका चन्दन शाहीलाई ३-० ले हराए। त्यस्तै एपीएफका खेलाडीद्वय शिवसुन्दर गोथे र अमरलाल मल्ल, प्रहरीका खेलाडीद्वय प्रदीप रोका र दीप साउनलाई समान ३-१ ले पन्छाएर उनले कीर्तिमान राखे। स्यान्टुले फाइनलमा दीप साउनसँग पहिलो सेट ७-११ ले पछि परे पनि त्यसपछि १३-११, ११-३, ११-९ र ११-९ ले सेट आफ्नो पक्षमा पारेर उनले आफूलाई अब्बल नै ठहराए।

स्यान्टुको लक्ष्य आगामी मार्चमा काठमाडौंमा हुने दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण पदक जित्ने हो। उनले यसका लागि कडा मेहनत गरेका पनि छन्। यस विषयमा नेपाली प्रशिक्षक र पूर्वटेबलटेनिस खेलाडी धर्ममान वज्राचार्यले स्यान्टुको खेलबाट आफू प्रभावित भएको बताएका छन्। उनले सानो उमेरमै उपाधि जित्नु र राष्ट्रिय च्याम्पियन बन्नु भनेको आगामी दिनमा उनीबाट धेरै आशा गर्न सक्ने बताए। वज्राचार्यले बताए- 'सागमा स्यान्टुले स्वर्ण जित्न सक्नेछन्। उनको सबै विधामा दख्खल छ। तर अलि फास्ट देखिएन। तापनि विदेशमा प्रशिक्षण गराएर केही उपलब्धि हासिल हुन्छ भन्ने मलाई लाग्छ।'

# श्रेष्ठ लुम्बिनी शान्ति म्याराथनमा पहिलो

भैरहवा, (नेस)

चौथो लुम्बिनी शान्ति म्याराथन २०१८ को उपाधि नेपाली सेनाका होमलाल श्रेष्ठले जितेका छन्।

बिहीबार कपिलवस्तुको कुदानबाट शुरू भई लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा समापन भएको दौड श्रेष्ठले २ घण्टा ५४ मिनेट ५३ सेकेन्डमा पूरा गरेका हुन्। सेनाकै हरिप्रसाद रिमाल र खगेन्द्र भट्ट क्रमशः दोस्रो र तेस्रो भए। रिमालले २ घण्टा ५७ मिनेट २४ सेकेन्डमा दौड पूरा गर्दा भट्टले ३ घण्टा ३ मिनेट ४० सेकेन्डमा दौड सकाएका थिए।

बुद्धत्व प्राप्त गरेपछि बुद्धले आफ्नो बाबुलाई पहिलो पटक भेटेको ठाउँ मानिएको कुदानबाट शुरू भएको दौड लुम्बिनी-कपिलवस्तु क्षेत्रका विभिन्न बौद्ध सम्पदास्थल निग्लिहवा, तिलौराकोट दरबार, वाणगंगा खोला, दोहनी हुँदै मायादेवी मन्दिर परिसरमा समापन भएको थियो।

श्रेष्ठले १ लाख नगदको लुम्बिनी अशोका शान्ति पुरस्कार हात पारे। त्यस्तै रिमाल र भट्टले क्रमशः ७५ हजार र ५० हजार नगदको कपिलवस्तु हुएन सान शान्ति पुरस्कार र मायादेवी मन्दिर उथान्त शान्ति पुरस्कार हासिल गरेका थिए। नेपाललगायत भारत, चीन, हङकङ, न्युजिल्यान्ड, अमेरिका, जर्मनी, दक्षिण कोरिया, स्वीडेनलगयातका देशहरुका ९४ जना धावकहरूको म्याराथनमा सहभागिता रहेको थियो।

यसैगरी भारतीय सेनाका तीर्थ पुनले लुम्बिनी शान्ति म्याराथनअन्तर्गत हाफ म्याराथनतर्फको उपाधि जिते। सेनाका रामजी वस्नेत र टीकाराज कटवालले सो २१ किलोमिटर दौडमा क्रमशः दोस्रो र तेस्रो स्थान हात पारेका थिए। शीर्ष तीनका धावकले क्रमशः ५० हजार, ३५ हजार र २५ हजार नगद प्राप्त गरे।

## धरहरा

### बहाना होली चाहना अर्कै



रङहरुको पर्व अर्थात् फागु पूर्णिमा याने होली। आ-आफ्नै शैली र ढंगमा खेलिने/मनाइने यो पर्वले मुलुकका बहुसंख्यक जाति, वर्ग र समुदायलाई समेट्ने गर्छ। हुन त अहिले फागु पूर्णिमा बदलिएर आधुनिक होली बनेको छ। यसले शहरबजार छपक्कै छोप्ने गरेको छ। अनेकथरि रंग, पानी र इनामेल मिश्रण गरिएका अनुहार शहरबजारमा यसपटक पनि बाक्लै देखिए।

झनै बाक्लै थिए, तिघ्रा र पिँडुला प्रदर्शन गर्दै सडकमा उत्रिएका अर्धनग्नहरु। जानै लागेको जाडोलाई च्यालेन्ज गर्दै नाम मात्रैको हाफपेन्टमा तिघ्रा र पिँडुला प्रदर्शनमा उत्रिएकाहरु विदेशी पो हुन् कि भन्ने धरहरालाई लाग्यो। जिउडाल राम्रो नियालेपछि पो थाहा भयो, उनीहरु त स्वदेशकै हावापानीमै हुर्केकाहरु रहेछन्। अनुहार नचिनिने गरी अनेकथरि रंग पोतेपछि तिघ्रा र पिँडुला प्रर्दशन गर्न उनलाई के को लाज र ?

हिउँदयाम शुरु भएपछि लामो समयसम्म अर्धनग्न जिउडाल शहर बजारमा नदेखिएकाले होला, होलीको बहाना गर्दै चोक बजारमा निस्किएकाहरुको ध्यानचित्त भने अर्धनग्नहरुतिरै थियो। खुला फर्माइस्, खुला अवसर, कसैले केही भन्न नसक्ने होलीको एकदिने स्वतन्त्रता। जताजता अर्धनग्नहरु उतैउतै उनीहरु। त्यति मात्रै कहाँ हो र, आफूलाई अहिलेसम्म पनि चल्तापुर्जा युवा सम्झिने बयस्कहरुको नजरसमेत उतै देखिन्थ्यो। घरमा नानीका आमालाई यो र त्यो बहाना बनाएर वसन्तपुर र अन्य जमघटतिर देखिएका बयस्क तन्नेरीको ग्याङले राम्रै दृश्यपान गऱ्यो। आफ्ना छोरीचेली पनि सडकमा छन् कि भन्नेचाहिँ उनीहरुले राम्रैसँग बिर्सिया जस्तो धरहरालाई लाग्यो।

# सर्वाधिक राशीको भलिबलको तयारी

नेपाल समाचारपत्र

दोलखा

दोलखाको बिगु गाउँपालिकामा पर्ने उत्तरी दुर्गम सिंगटी बजारमा ३ नम्बर प्रदेशस्तरको सर्वाधिक राशीको भलिबल प्रतियोगिता सञ्चालन हुने भएको छ।

पूर्वप्रधानमन्त्री स्व. गिरीजाप्रसाद कोइरालाको स्मृतिमा स्थानीय सयपत्री युवा क्लबले प्रतियोगिता आयोजना गर्न लागेको हो। गिरिजाप्रसाद कोइराला स्मृति कप पुरुष भलिबल प्रतियोगिताका विजेतालाई २ लाख १५ हजार नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने क्लबका अध्यक्ष वीरेन्द्र कटुवालले जानकारी दिए।

प्रतियोगितामा उपविजेता हुनेलाई १ लाख नगद र शिल्ड, मेडल तथा प्रमाणपत्र र तेस्रो हुनेलाई ५० हजार नगद र शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने कटुवालले बताए। आगामी फागुन २४ गतेदेखि २७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा सहआयोजकका रूपमा बिगु गाउँपालिकाले सहयोग गर्ने जनाएको छ।



# तीन विभागीय टोली सेमिफाइनलमा

नेपाल समाचारपत्र

काठमाडौं

चौथो एनएसटी-एनभीए राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगिताको पुरुष तथा महिलाको सेमिफाइनल समीकरण पूरा भएको छ।

पुरुषतर्फको क्वार्टरफाइनलमा विभागीय टिम नेपाल पुलिस, एपीएफ र आर्मीका साथै हेल्प नेपाल सेमिफाइनलमा प्रवेश गरेका हुन्।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहल त्रिपुरेश्वरमा भएको क्वार्टरफाइनलमा पुलिसले ढोरपाटन स्पोर्ट्स क्लबलाई २५-११, २५-१७ र २५-२१ को सोझो सेटमा पराजित गऱ्यो। अर्को क्वार्टरफाइनलमा एपीएफले मणिमुकुन्द भलिबल क्लब रुपन्देहीको चुनौती २५-१९, २५-२३, १९-२५ र २५-२१ ले समाप्त पारेको थियो।

पुरुषतर्फकै अर्को क्वार्टरफाइनलमा हेल्प नेपालले जावलाखेल भलिबल ट्रेनिङ सेन्टरलाई २५-१६, २५-१७, २१-२५ र २५-२२ को सेटमा पराजित गरेको थियो। अर्को क्वार्टरफाइनलमा आर्मीले नयाँबजार सामाजिक क्लबलाई २५-१०, २५-१६ र २५-९ को सोझो सेटमा पराजित गर्दै अन्तिम चारमा पुगेको थियो।

महिलातर्फको खेलमा एपीएफले जावलाखेल भलिबल ट्रेनिङ सेन्टरलाई २५-६, २५-७ र २५-४ को सोझो सेटमा पराजित गरेको छ। एपीएफ यसअघि नै अन्तिम चारमा पुगिसकेको थियो।

# नेयमार विश्वकपसम्म स्वस्थ हुने



लन्डन, (एजेन्सी)

ब्राजिली स्ट्राइकर नेयमारले यसै शनिबार खुट्टाको शल्यक्रिया गराउने भएका छन्। गत आइतबार फ्रेन्च लिग वानको खेलमा मार्सेलीविरुद्ध जित निकाल्दा नेयमारको मेटाटर्सल चर्केको कारण मैदानबाहिर जानुपरेको थियो। ब्राजिली टिम डाक्टर रोड्रिगो लास्मारले उनी तीन महिना खेलबाट बाहिरिने पक्का गरेकाले पनि नेयमार विश्वकपसम्म स्वस्थ हुने हो होइन संदिग्धसमेत भएको जनाएको छ। तर ब्राजिली टिमले भने विश्वकपका लागि उनी स्वस्थ बन्ने आशा राखेको छ।

रसियामा हुने विश्वकपको मिति नजिकिँदै छ। जुनमा हुने विश्वकप सञ्चालन हुन चार महिना बाँकी छ। यसैले पनि ब्राजिली टिमले नेयमारले विश्वकप खेल्न सक्ने आशा राखेका हो। तर पेरिस सेन्ट जर्मेनका लागि भने नेयमार उपलब्ध हुने छैनन्। उनले आगामी साता हुने च्याम्पियन्स लिगअन्तर्गत रियल मेड्रिडविरुद्धको खेलसँगै अन्य खेलहरु पनि गुमाउने पक्का छ। उनले रियलविरुद्ध नतिजा उल्टाउने आशा गरेका थिए।

पीएसजीका प्रशिक्षक उनाइ एमेरीले रियल मेड्रिडविरुद्ध खेल्न सक्ने झिनो आशा बनाएका थिए। तर नेयमारका बुबाले ६ देखि ८ सातासम्म खेल्न नसक्ने भनेपछि एमेरी निरास भएको एजेन्सीले जनाएको थियो। नेयमारलाई कीर्तिमानी २० करोड पाउन्डमा बार्सिलोनाबाट यसै सिजनमा पेरिसमा आबद्ध गराएका थिए। नेयमारले पेरिसको क्लबका लागि ३० खेलमा २९ गोल गरिसकेका छन्। उनको क्लब फ्रेन्च लिगमा मोनाको भन्दा १४ अंकले अग्रता लिँदै शीर्ष स्थानमा रहेको छ।

# नेपाल जुनियर टेनिस हुने

काठमाडौं, (नेस)

आगामी शनिबारदेखि पाँचौं नेपाल जुनियर खुला लन टेनिस प्रतियोगिता हुने भएको छ। ललितपुर सातदोबाटोस्थित लन टेनिस कोर्टमा हुने उक्त प्रतियोगिता फागुन १९ देखि २२ गतेसम्म हुनेछ। प्रतियोगितामा अन्डर-८, अन्डर-९ अन्डर-१०, अन्डर-१२ र अन्डर-१४ उमेरका समूहका जुनियर खेलाडीहरुले खेल्नेछन्। प्रतियोगितामा करिब ८० खेलाडीले प्रतिस्पर्धा गर्ने नेपाल जुनियर लन टेनिसका अध्यक्ष अजय विष्टले बताए।

# पतञ्जली जुडो क्लबमा होली

काठमाडौं, (नेस)

मण्डिखाटारमा रहेको पतञ्जली जुडो क्लबका खेलाडीले बिहीबार होली मनाएका छन्। क्लबमा रहेका ६० खेलाडीहरुले एक आपसमा अबिर र शुभकामना साटासाट गरी सामूहिक होली मनाएका हुन्।

रंग लगाउने कार्यक्रम सकिएपछि खेलाडीहरुलाई अन्तर्राष्ट्रिय शारीरिक सुगठनमा सहभागी हुने पहिलो नेपाली महिला खेलाडी निर्मला महर्जनले जुम्बा नृत्यमा नाच्न लगाएर मनोरञ्जन गराएकी थिइन्।

२०७२ सालको भूकम्पमा कसैले बुबा, कसैले आमा त कसैले दुवैलाई गुमाएका क्लबका खेलाडीहरू हाल पतञ्जली योग आश्रममा आश्रित छन्। करिब २ महिनाअघि खोलिएको क्लबमा नेपाल जुडो महासंघका महासचिव धर्मकुमार श्रेष्ठ र मनोज केसीले प्रशिक्षण दिइरहेका छन्। खेलाडीहरू बिहान योगा गर्छन् र अपराह्न २ घण्टा जुडो सिक्छन्। खेलकुदको माध्यमबाट समाजमा स्थापित गराउने र उनीहरुलाई जुडो खेलमा आकर्षित गर्ने प्रयास स्वरूप क्लब स्थापना गरिएको महासचिव श्रेष्ठले बताए।

# मेयर कप तेक्वान्दो आजबाट

काठमाडौं, (नेस)

गोदावरी फिट्नेस एकेडेमीको आयोजनामा प्रथम गोदावरी नगरपालिका मेयर कप राष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि शुरू हुँदै छ। प्रतियोगिताअन्तर्गत गेरोगीतर्फ पुरुषमा ८ र महिलामा ९ गरी १७ स्पर्धामा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक दिल महर्जनले जनाएका छन्। पुरुष/महिला एकल पुम्सेमा पनि खेल हुनेछ। दुईदिने प्रतियोगिताका खेलहरु टौखेलस्थित किटिनी कलेजमा हुनेछ।

# ग्रीजम्यानले चारै गोल गरे



मेड्रिड, (एजेन्सी)

एन्टोइन ग्रीजम्यानले चार गोलको योगदान दिएपछि एटलेटिको मेड्रिडले बार्सिलोनासँग अंक दूरी घटाएको छ।

ला लिगाअन्तर्गत बुधबार राति भएको खेलमा एटलेटिको मेड्रिडले लेगानेसलाई ४-० ले हराएको हो। फ्रान्सका स्ट्राइकरले पहिलो हाफमा दुई र दोस्रो हाफमा दुई गोल गरेका थिए। २६औं मिनेटमा कोकेको पासमा पहिलो गोल गरेपछि ग्रीजम्यानले ३५औं मिनेटमा फ्रिकिकमा सानदार गोल गरेका थिए। यसैगरी उनले ५६औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे।

ग्रीजम्यानले ६७औं मिनेटमा अर्को एक गोल डिएगो कोस्टाको क्रसमा सम्भव पारेका थिए। उनले यो साताअघि ला लिगामा ८ गोल गरेका थिए। गत आइतबार उनले सेभियाविरुद्ध ह्याट्रिक गर्दा उनको टोली ५-२ ले जितेको थियो।

यो जितसँगै एटलेटिको बार्सिलोनासँग ४ अंकले पछाडि परेको छ। यो एटलेटिको मेड्रिडको सबैजसो प्रतिस्पर्धा गरी लगातार आठौं जितसमेत थियो। टोलीले आइतबार नउ क्याम्पमा खेल्नेछ। जुन खेलमा जित हात पारेमा बार्सिलोनामाथि उपाधि होडमा दबा राख्न सकिने मेनेजर डिएगो सिमोनले आशा राखेका छन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ